नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

## तालिम निर्देशिका

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

## तालिम निर्देशिका

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल

**नेपाल सरकार, राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम (सन् २०१६ जुन) खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण : तालिम निर्देशिका, काठमाडौं, नेपाल ।**

**प्रकाशकः** नेपाल सरकार, राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम ।

**सर्वाधिकार** © : सर्वाधिकार सुरक्षित गरिएको छ । यस पुस्तिकामा प्रकाशित सामग्रीहरू साभार गरी कुनै भाग वा पूर्णरूपमा गैरव्यापारिक तथा शैक्षिक प्रयोजनको लागि स्रोत उल्लेख गरी प्रयोग गर्न प्रकाशक संस्थाहरूले स्वीकृति प्रदान गरेको छ । तर व्यापारिक प्रयोजन वा मुनाफाको लागि प्रकाशकको स्वीकृति विना यस पुस्तिकाको कुनै पनि भाग कुनै पनि रूपमा पुनः प्रकाशन वा प्रयोग गर्न पाइने छैन ।

**सुझाव तथा थप जानकारीका लागिः**

- ईश्वर रिजाल iprijal61@gmail.com
- लेखनाथ आचार्य lekhnacharya@yahoo.com
- दिनेश भट्टराई bhattarai_007@yahoo.com
- महेश खरेल mkharel@npc.gov.np
- ज्योत्सना श्रेष्ठ jyotsnastha@yahoo.com
- कर्ट बुर्जा kurt.burja@wfp.org
- पुष्प श्रेष्ठ pushpa.shrestha@wfp.org
- चन्द्र बहादुर थापा chandra.thapa@wfp.org
- दामोदर कणेल damodar.kanel@wfp.org
- सुनिता राउत sunita.raut@wfp.org

**डिजाइन तथा मुद्रण** : **wps**, tel: +977-1-5550289, email: wpsnepal@gmail.com

ISBN : 978-9937-8803-4-3

यो निर्देशिका युरोपियन युनियन, संयुक्त अधिराज्य बेलायत सहयोग नियोग (UK aid) तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा प्रकाशित गरिएको हो । यस पुस्तिकामा समावेश गरिएका विधि तथा औजारहरू पहिलो चरणमा तीन जिल्लाहरू (कालीकोट, मकवानपुर र बारा) मा स्थलगत परिक्षण र दोश्रो चरणमा थप दश जिल्ला (बाजुरा, डडेलधुरा, जुम्ला, दैलेख, कञ्चनपुर, तनहुँ, धादिङ, पर्सा, खोटाङ र धनकुटा) मा नमुना परिक्षण गरिएको थियो । सो क्रममा सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला विकास समितिका कार्यालयहरू र जिल्ला कृषि विकास कार्यालयहरूका साथै जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य संस्थाहरूको सक्रिय सहयोग र सहभागिता रहेको थियो । यस पुस्तिकालाई प्रकाशन योग्य बनाउने कार्यमा प्रमुख भुमिका निर्वाह गर्ने चन्द्रबहादुर थापा र योगदान गर्ने सिमोन होलेमा, कर्ट बुर्जा, पुष्प श्रेष्ठ, हेमराज रेग्मी, दिनेश भट्टराई तथा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमका प्रमुख प्रशिक्षकहरू धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी पुस्तिकाको प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघसंस्था र व्यक्तिहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

WFP

EUROPEAN UNION

UKaid
from the British people

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

कार्यालय: ४२११५५०
टेलिग्राम: "योजना"
फ्याक्स: ९७७-१-४२११७००
वेबसाइट: www.npc.gov.np
ईमेल: vijaybkunwar@gmail.com
vkunwar@npc.gov.np

विजय बहादुर कुँवर
सदस्य

पत्र संख्या:-

मिति २०७३/४/२

## मन्तव्य

खाद्य सुरक्षा नेपाल सरकारको प्राथमिकतामा रहेको विषय हो । यस तथ्यलाई नेपालको संविधानमा खाद्य सम्प्रभुताको व्यवस्था हुनुले प्रष्ट पारेको छ । खाद्य असुरक्षाको समस्या एक बहुआयामिक मुद्दा भएकाले समाधानका प्रयासमा पनि बहुपक्षीय संलग्नता आवश्यक छ । यसका साथै हाम्रा प्रयासहरू तथ्यमा आधारित हुनसके मात्र आशातित प्रतिफल प्राप्त गर्न सकिन्छ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जालले चौमासिक रूपमा अनुगमन गरी खाद्य सुरक्षाको अवस्थाबारेको जानकारीहरू उपलब्ध गराउँदछ । यी तथ्यहरूमा आधारित खाद्य सुरक्षा योजना निर्माण गरी जिल्लाको सहभागिमूलक वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन गर्दै कार्यान्वयनमा जान सके खाद्य सुरक्षाका अवस्थामा सुधार ल्याउन सकिन्छ । यस तथ्यलाई हृदयङ्गम गरी खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधि तयार गरिएको छ । यस विधिको अवधारणा विकासको समयदेखि हालको परिष्कृत चरणसम्म पुऱ्याउन नेपाल सरकारका विभिन्न मन्त्रालय, विभागका साथै सरकारी तथा गैर सरकारी संस्था र विकास साझेदारहरूको अमुल्य सुझावहरूको महत्वपूर्ण योगदान रहेको छ ।

खाद्य सुरक्षाका कार्यक्रमहरू जिल्लाको सहभागिमूलक वार्षिक जिल्ला तथा गाउँ विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्दै कार्यान्वयन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वय तथा सहजीकरणमा जिल्ला विकास समितिहरूबाट गरिएको पहलकदमी अति नै सराहनीय छ । त्यसैगरी जिल्ला कृषि विकास कार्यालयहरू जसले जिल्ला खाद्य सुरक्षा सञ्जालको सचिवालयको जिम्मेवारी पनि वहन गरिरहेका छन्, जिल्लाका सरोकारवालाको बहुपक्षीय संलग्नतामा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण गरी योजना निर्माण कार्यमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । यसै क्रममा संस्थागत क्षमता सबलीकरण तथा खाद्य सुरक्षाका तात्कालिन तथा दीर्घकालिन उद्देश्य प्राप्त गर्न तयार यस खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण श्रोत पुस्तिका र तालिम निर्देशिकाले सहयोग पुऱ्याउने विश्वास लिएका छौं ।

यो श्रोत पुस्तिका र तालिम निर्देशिका तयार गरी प्रकाशन गर्न मद्दत गर्ने सम्बन्धित कर्मचारी, सरोकारवाला संस्थाहरू तथा सहयोगी संस्था संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम (World Food Programme), युरोपियन युनियन (European Union) तथा संयुक्त अधिराज्य बेलायत सहयोग नियोग (UK aid) लाई धन्यवाद छ ।

सदस्य
राष्ट्रिय योजना आयोग

# भूमिका

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रिया सहजीकरणका लागि यो पुस्तिका प्रकाशन गर्न पाउँदा नेपाल सरकार कृषि विकास मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम खुसी व्यक्त गर्दछौं । खाद्य सुरक्षाको अवस्था सुधार गर्न योगदान पुऱ्याउनका लागि विगत देखिका प्रयासहरू निरन्तर रूपमा सञ्चालित भएपनि देशमा विद्यमान खाद्य सुरक्षाको अवस्था अझै सन्तोषजनक छैन । यस अर्थमा हाम्रा यी प्रयासहरू अझ सशक्त रूपमा अघि बढनु पर्ने आवश्यकता छ । खाद्य सुरक्षाका कार्यक्रमहरू तथ्यमा आधारित योजना निर्माण तथा कार्यान्वयन हुन सके तिनको प्रभावकारिता उच्च हुने कुरा निर्विवाद छ । यस तथ्यलाई मध्यनजर गरी यो खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधि तयार गरिएको हो । यो विधिले नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जालले चौमासिक रूपमा खाद्य सुरक्षा अनुगमनबाट प्राप्त तथ्यहरू र अन्य अनुगमन तथा अध्ययनबाट प्राप्त तथ्यमा आधारित खाद्य सुरक्षाका योजना निर्माण गर्ने महत्वपूर्ण कार्यका लागि सहयोग गर्दछ । यस प्रक्रियाबाट निर्मित योजना तथा नीति जिल्लाको सहभागिमूलक वार्षिक योजना तर्जुमा प्रक्रियामा समायोजन गर्दै कार्यान्वयन गर्ने परिपाटीलाई क्रमशः संस्थागत गर्दै लाने प्रयास भई रहेको छ । यसका लागि कृषि विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय लगायतको समन्वय र खाद्य सुरक्षाका क्षेत्रमा कृयाशील विकास निकाय तथा साझेदारको सहकार्य तथा राष्ट्रिय योजना आयोगको मार्गदर्शन तथा सहजीकरणको पहलकदमी उदाहरणीय रहेको छ ।

खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माणका लागि सान्दर्भिक सूचनाहरू सम्पादन तथा विश्लेषण गर्न प्रस्तावित विभिन्न सामाग्री र विधिहरूको उपयोगिताको सन्दर्भमा सिकाइ र असल अभ्यासहरू सम्पादन गर्ने उद्देश्यले तालिमको मस्यौदा निर्देशिकालाई पहिलो चरणमा तीन जिल्लाहरू (कालीकोट, मकवानपुर र बारा) मा स्थलगत परिक्षण र दोश्रो चरणमा थप दश जिल्ला (बाजुरा, डडेलधुरा, जुम्ला, दैलेख, कञ्चनपुर, तनहुँ, धादिङ, पर्सा, खोटाङ र धनकुटा) मा नमुना परिक्षण गरिएको थियो । यो निर्देशिकामा उक्त स्थलगत परिक्षणहरूबाट प्राप्त अनुभव तथा सिकाइहरूलाई समेत समावेश गरिएको छ ।

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण गर्न सरोकारवालाको क्षमता सबलीकरणका लागि यो सन्दर्भ पुस्तिका र तालिम निर्देशिका तयार गरिएको छ । यी प्रकाशनले खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तथा योजना निर्माण गरी जिल्लाको खाद्य सुरक्षाको अवस्था सबल तुल्याउन योगदान गर्नेछ भन्ने आशा लिएका छौं । खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको मस्यौदा निर्माण, नमुना परिक्षणका साथै यो सन्दर्भ पुस्तिका तथा तालिम निर्देशिका तयार गर्ने कार्यमाअमुल्य सुझाव तथा सहयोग दिई योगदान पुऱ्याउनु हुने सम्बन्धित सबैमा हार्दिक धन्यबाद दिन चाहन्छौं ।

**उत्तम कुमार भट्टराई**
सचिव
कृषि विकास मन्त्रालय

**पिप्पा ब्राडफोर्ड**
राष्ट्रिय प्रतिनिधि
विश्व खाद्य कार्यक्रम

# विषयसूची


| | | |
|---|---|---|
| मन्तव्य | | ग |
| भूमिका | | ङ |
| तालिम निर्देशिकाको परिचय | | झ |
| मुख्य शब्दावली र तिनको अङ्ग्रेजी रुपान्तरण | | ट |
| तालिमको समय तालिका | | १ |
| तालिमको उद्देश्य तथा पाठ्यक्रम | | २ |
| सत्र १ : | परिचय र तालिमको उद्देश्यहरु | ९ |
| सत्र २ : | खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली | १७ |
| सत्र ३ : | खाद्य सुरक्षा प्रतिकार्यको विश्लेषण | ३४ |
| सत्र ४ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि | ४४ |
| सत्र ५ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (जीविकोपार्जन क्षेत्र निर्धारण) | ४९ |
| सत्र ६ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (समस्या विश्लेषण) | ५४ |
| सत्र ७ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण – स्रोत र अवसरहरुको विश्लेषण | ६७ |
| सत्र ८ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण– सरोकारवालाहरुको नक्साङ्कन | ७३ |

| | | |
|---|---|---|
| सत्र ९ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (उद्देश्य वृक्ष विश्लेषण) | ७८ |
| सत्र १० : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (प्रतिकार्यका विकल्पहरुको पहिचान) | ८४ |
| सत्र ११ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्य योजना तर्जुमा (सम्भाव्यता विश्लेषण) | ९१ |
| सत्र १२ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः खाद्य सुरक्षा प्रतिकार्य योजना | १०० |
| सत्र १३ : | खाद्य सुरक्षा प्रतिकार्य योजनालाई वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन | १०६ |
| सत्र १४ : | खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन | १११ |
| सत्र १५ : | अनुगमन र मुल्याङ्कन | ११५ |
| सत्र १६ : | तालिमको समापन | १२५ |
| अनुसूची १ : | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रमुख प्रशिक्षक तालिम (Master Trainers' Training) का सहभागीहरु | १३२ |
| अनुसूची २ : | सन्दर्भ सूची | १३४ |

# तालिम निर्देशिकाको परिचय

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण र खाद्य सुरक्षाको अवस्था सबल पार्न उपयुक्त क्रियाकलापहरू पहिचान गर्ने क्षमता सवलीकरणका लागि तयार पारिएको तालिम निर्देशिका हो । यस निर्देशिकाले खाद्य सुरक्षा कार्यक्रममा सहभागी जिल्ला खाद्य सुरक्षा सञ्जाल र अन्य सरोकारवालाहरूलाई खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गर्न प्रतिकार्य विश्लेषणका अभ्यास मार्फत चरणबद्ध रूपमा क्षमता अभिवृद्धिको अवसर प्रदान गर्दछ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार गरेको आवधिक खाद्य सुरक्षा अवस्था विश्लेषणका तथ्यहरूमा आधारित भई खाद्य सुरक्षा प्रतिकार्यको विश्लेषण गरी प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गर्ने प्रक्रियालाई संस्थागत गर्ने पहल भई रहेको छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई खाद्य सुरक्षाको अवस्था विश्लेषण, प्रतिकार्य योजना निर्माण गर्ने, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन सम्बन्धी आधारभूत सैद्धान्तिक अवधारणासँग परिचय गराउन यस निर्देशिकाले तालिम प्रशिक्षकलाई मद्दत गर्नेछ । यस तालिममा सैद्धान्तिक अवधारणा र विधिहरूलाई तथ्यगत सूचना विश्लेषणका व्यवहारिक अभ्याससँग संयोजन गरी सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण गर्ने क्षमता अभिबृद्धिमा योगदान गर्नुका साथै खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माणमा जोड दिइएको छ । तालिमको अन्तसम्ममा सहभागीहरूले खाद्य सुरक्षा प्रतिकार्य योजनाको प्रारम्भिक रूपरेखा तयार पार्न सक्नेछन् भन्ने अपेक्षा गरिएको छ ।

यस निर्देशिकाले तालिम प्रशिक्षकलाई तालिमका अपेक्षित उद्देश्य प्राप्तिका लागि तीन मुख्य सामाग्री प्रदान गर्दछ : तालिम पाठ्यक्रम, विस्तृत सत्र योजना र सान्दर्भिक स्लाइडहरू वा सत्रको अवसरमा प्रयोगका लागि आवश्यक हाते पत्र तथा अन्य शैक्षिक सामाग्रीहरू । पाठ्यक्रममा सत्रहरूको मूल विषवस्तु, उद्देश्य, विस्तृत विषयवस्तु, तिनीहरूको समयावधि, तालिम विधि र तालिम सामाग्री प्रस्तुत गरिएको छ । सत्रको योजनामा सम्बन्धित सत्रको विषयवस्तुको जानकारी तथा विस्तृत क्रियाकलाप समेत प्रस्तुत गरिएको छ । त्यसैगरी स्लाइडहरूले तालिम सत्रमा छलफल गर्नु पर्ने मुख्य विषयवस्तुबारे जानकारी उपलब्ध गराउँछ ।

तालिम प्रशिक्षकहरूको सहयोगका लागि विभिन्न सत्रको प्रस्तुतिमा तालिम प्रशिक्षकको लागि थप जानकारीहरू भने कोष्ठकमा राखिएको छ । यसले प्रशिक्षकहरूलाई प्रभावकारी सहजीकरणका लागि थप सहयोग गर्दछ । प्रशिक्षकले विद्युत/प्रोजेक्टर/ल्यापटप जस्ता सञ्चार प्रविधिका सुविधाहरू नभएको अवस्थामा पनि तालिम सञ्चालनका लागि अन्य उपायहरूको पूर्व योजना बनाउनु पर्दछ । निर्देशिकामा प्रस्तुत गरिएका स्लाइडहरू न्यूजप्रिन्ट पेपरमा तयार पार्न सकिन्छ जसले गर्दा विद्युत तथा अन्य सूचना प्रविधि (Information Technology) नभएको अवस्थामा पनि वैकल्पिक विधिबाट तालिम संचालन गर्न सकियोस् ।

## पूर्व तयारी

***खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण शुरु गर्नु पूर्व निम्न पक्षमा ध्यान दिनु पर्दछ :***

१. जिल्लामा खाद्य सुरक्षा तथा पोषणका क्षेत्रमा कार्यरत सरोकारवालाहरूको सूची संकलन
   - सरोकारवालाहरूको नाम (खाद्य सुरक्षा र पोषणका क्षेत्रमा कार्यरत निकायहरू)
   - सरोकारवालाका मुख्य कार्यक्रमहरू (अवधि, बजेट, लक्षित समूह र कार्यक्षेत्र)

२. जिल्लाको मुख्य जीविकोपार्जनको विश्लेषण गरी मस्यौदा जीविकोपार्जन नक्साको तयारी
   - मुख्य जीविकोपार्जनका उपायहरू
   - विभिन्न जीविकोपार्जनमा सम्मिलित मानिसहरूको अनुपात (जनसंख्या) ।
   - मस्यौदा जीविकोपार्जन क्षेत्र नक्सा (तालिममा छलफलका लागि) प्रस्तुत गरिने ।

३. जिल्ला/न.पा./गा.वि.स.मा उपलब्ध स्रोतहरू/अवसरहरूको आधारभूत सूचना संकलन
   - गैह्र काष्ठ वन पैदावार, नगदे बाली, पशुपंक्षी, विप्रेषण, बजार ।
   - भौतिक पूर्वाधार तथा सामाजिक संरचना, प्राकृतिक स्रोत साधन ।

४. जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार गरेको खाद्य सुरक्षा अनुगमन प्रतिवेदनको सम्पादन
   - खाद्य सुरक्षा चरण वर्गीकरण तथा प्रतिवेदन तयार भएको सुनिश्चित गर्ने ।
   - जिल्लाको खाद्य सुरक्षाको समग्र अवस्थाबारे जानकारी कम्तिमा छ अनुगमन अवधिको खाद्य सुरक्षा चरण वर्गीकरण प्रतिवेदन सम्पादन (Complie) गर्ने ।

५. जिल्लामा खाद्य (अ)सुरक्षामा योगदान पुऱ्याउने खालका मुख्य प्रवृत्ति, घटनाहरू, कारणहरूको सूची सम्पादन (Compilation) गर्ने ।

६. सन्दर्भ सामाग्रीको संकलन (जिल्लाको जीविकोपार्जन समूहको संख्या अनुरूप हरेकका समूहका लागि एक सेट)
   - गा.वि.स./न.पा.को घरधुरी तथा जनसंख्या ।
   - जिल्ला विकास योजना, बार्षिक प्रतिवेदनहरू, विभिन्न आवधिक योजना, कृषि विकास रणनीति, बहुक्षेत्रीय पोषण योजना आदि ।
   - जिल्लामा सञ्चालन गरिएका खाद्य सुरक्षा तथा पोषणबारेका विभिन्न अनुगमन, सर्भेक्षण तथा अध्ययन प्रतिवेदन ।

७. तालिममा सहभागी हुने प्राविधिक कर्मचारीहरूको सूची
   - तालिममा विभिन्न संस्थाबाट जिल्ला खाद्य सुरक्षा सञ्जालको सम्पर्क व्यक्ति वा योजना अधिकृत सहभागी हुने कुरा सुनिश्चित गर्ने ।

८. तालिमसँग जिल्लाका अन्य कार्यक्रमहरू मिति जुधे नजुधेको निश्चित गर्ने । जसले गर्दा तालिममा मुख्य सरोकारवालाको सहभागीता सुनिश्चित हुन सकियोस् ।

९. तालिमको उद्देश्य, प्रक्रिया र मुख्य सरोकारवालाहरूबाट अपेक्षा गरिएको योगदानबारे वरिष्ठ कृषि विकास अधिकृत, प्र.जि.अ., स्था.वि.अ. लाई पूर्व जानकारी गराउने ।

१०. तालिम हल छनौट गर्दा सम्भव भएसम्म Problem tree /Objective tree निर्माण गर्न आवश्यक पर्ने पर्याप्त खाली भित्ता भएको कुरा सुनिश्चित गर्ने ।

# मुख्य शब्दावली र तिनको अङ्ग्रेजी रुपान्तरण

| | |
|---|---|
| केन्द्रीय तथ्याङ्क विभाग | Central Bureau of Statistics (CBS) |
| जिल्ला कृषि विकास कार्यालय | District Agriculture Development Office (DADO) |
| जिल्ला प्रशासन कार्यालय | District Administration Office (DAO) |
| जिल्ला खाद्य सुरक्षा सञ्जाल | District Food Security Network (DFSN) |
| खाद्य तथा कृषि संगठन | Food and Agriculture Organization (FAO) |
| खाद्य सुरक्षा | Food Security (FS) |
| खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण | Food Security Response Analysis (FSRA) |
| नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली | Nepal Food Security Monitoring System (NeKSAP) |
| नेपाल सरकार | Government of Nepal (GoN) |
| घरधुरी | Household |
| अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था | International Non-Government Organization (INGO) |
| एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण | Integrated Food Security Phase Classification (IPC) |
| स्थानीय स्वायत्त शासन | Local Self Governance |
| कृषि विकास मन्त्रालय | Ministry of Agricultural Development (MoAD) |
| माथिल्लो पाखुराको गोलाई | Mid-Upper Arm Circumference (MUAC) |
| नेपाल जीवनस्तर सर्वेक्षण | Nepal Living Standard Survey (NLSS) |
| गैह्र काष्ठ वन पैदावार | Non-timber Forest Products (NTFPs) |
| अमेरिकी डलर | US Dolar (US $) |
| जोखिमता विश्लेषण र नक्साङ्कन | Vulnerability Analysis and Mapping (VAM) |
| गा.वि.स. | Village Development Committee (VDC) |
| विश्व खाद्य कार्यक्रम | World Food Programme (WFP) |
| उत्थानशिलता | Resilience |

# तालिमको समय तालिका

| समय (मिनेट) | विषयवस्तु |
|---|---|
| **पहिलो दिन** | |
| | तालिम शुभारम्भ सत्र |
| ६० | परिचय, तालिमको उद्देश्यहरू र विषयवस्तु |
| | खाद्य सुरक्षाको विवेचना |
| ४५ | खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) |
| ३० | शुभारम्भ सत्रको समापन |
| | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण |
| ७५ | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि - घटना अध्ययन (Case study) |
| | **१. खाद्य सुरक्षा अवस्थाको विश्लेषण** |
| ९० | जीविकोपार्जन क्षेत्र निर्धारण |
| **दोश्रो दिन** | |
| २१० | समस्या वृक्ष विश्लेषण |
| ९० | स्रोत र अवसरहरूको विश्लेषण (SWOT Analysis) |
| ६० | सरोकारवालाहरूको नक्साङ्कन, साधन स्रोतको पहिचान |
| **तेश्रो दिन** | |
| | **२. प्रतिकार्यका विकल्पहरू (Response Options) को पहिचान** |
| १२० | उद्देश्यहरूको विश्लेषण |
| | **३. प्रतिकार्य योजना (Response Planning)** |
| ९० | प्रतिकार्य विकल्पहरू (Response options) को पहिचान |
| १२० | प्रतिकार्य संभाव्यता विश्लेषण र प्राथमिकीकरण |
| ३० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |
| **चौथो दिन** | |
| ९० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन |
| ४५ | **४. कार्यान्वयन प्रक्रिया** |
| ४५ | **५. अनुगमन तथा मुल्याङ्कन** |
| ३० | तालिमको मुल्याङ्कन |
| ९० | तालिमको समापन |

# तालिमको उद्देश्य तथा पाठ्यक्रम

## समग्र उद्देश्य

यस तालिमको समग्र उद्देश्य जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य तथा अन्य सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) का विधि तथा प्रक्रियाको प्रयोगबारे व्यावहारिक सिप र दक्षता अभिबृद्धि गरी जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) निर्माण गर्नु रहेको छ ।

## विशिष्ट उद्देश्य

- खाद्य सुरक्षाको परिभाषा, आयामहरू र खाद्य असुरक्षाका प्रकारबारे व्याख्या गर्न सक्नेछन् ।
- नेपालमा खाद्य सुरक्षाको स्थितिबारे तथ्यपरक जानकारी बताउन सक्नेछन् ।
- खाद्य सुरक्षासँग सम्बन्धित मुख्य नीति र कार्यक्रमहरूको व्याख्या गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखाको व्याख्या गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका मुख्य विधिहरू प्रभावकारी प्रयोग गर्न सक्नेछन् ।
- जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गर्नेछन् ।

# पाठ्यक्रम

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विस्तृत विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरू |
|---|---|---|---|---|---|---|
| १ | परिचय र तालिमको उद्देश्य | • एक आपसमा परिचित हुनेछन् ।<br>• सहभागीहरू बीच सूचना आदान प्रदान गर्न र सिक्नलाई एक अनुकूल वातावरण निर्माण गरेका हुनेछन् ।<br>• तालिमको उद्देश्यहरू र विषयवस्तुबारे बताउन सक्नेछन् ।<br>• तालिमबाट गरिएका अपेक्षा बताउने छन् । | • कार्यक्रमको विधिवत शुरुवात र परिचय<br>• तालिम कार्यक्रमको उद्देश्य<br>• तालिमको विषयवस्तु<br>• तालिमको अपेक्षा<br>• तालिमको मान्यता | ६० | • प्रस्तुति | • न्युजप्रिन्ट<br>• मार्कर<br>• तालिम कार्यक्रमको ब्यानर<br>• स्लाइडहरू<br>◆ उद्देश्यहरू<br>◆ विषयवस्तु |
| २ | खाद्य सुरक्षा नीति, कार्यक्रम तथा खाद्य सुरक्षा अनुगमन प्रणालीको विवेचना | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• खाद्य सुरक्षाको परिभाषा बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षाका चार आयामहरूबारे व्याख्या गर्न सक्नेछन् ।<br>• नेपालको खाद्य सुरक्षाको अवस्थाबारे विवेचना गर्न सक्नेछन् ।<br>• खाद्य सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरू बारे व्याख्या गर्न सक्नेछन् ।<br>• खाद्य सुरक्षा अनुगमनका प्रक्रियाबारे बताउन सक्नेछन् ।<br>• नेपालमा खाद्य सुरक्षा अनुगमनको लागि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीका (NeKSAP) को संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् । | खाद्य सुरक्षाको अवधारणा<br>• परिभाषा तथा खाद्य सुरक्षाका चार आयामहरू<br>• खाद्य असुरक्षाको गंभीरता र सामायिक आयामहरू<br>• नेपालमा खाद्य सुरक्षाको स्थिति<br>• खाद्य सुरक्षाको राष्ट्रिय नीति र कार्यक्रम<br><br>नेपाल खाद्य सुरक्षाको अनुगमन प्रणाली<br>• NeKSAP खाद्य सुरक्षा चरण वर्गीकरण प्रक्रिया<br>• खाद्य सुरक्षा अनुगमन तथा विश्लेषणका औजार र सूचकहरू<br>• संरचनागत व्यवस्था | ४५ | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न-उत्तर | • न्युजप्रिन्ट<br>• मार्करहरू<br>• स्लाइडहरू<br>◆ खाद्य सुरक्षाको परिभाषा<br>◆ आयाम<br>◆ खाद्य असुरक्षाको प्रकृति<br>◆ नेपाल सरकारको खाद्य सुरक्षाबारेका नीति तथा कार्यक्रम<br>◆ खाद्य सुरक्षा अनुगमन प्रणाली<br>◆ औजार तथा सूचकहरू |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विस्तृत विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरू |
|---|---|---|---|---|---|---|
| ३ | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको परिभाषा बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको उद्देश्य बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका पाँच चरणबारे व्याख्या गर्न सक्नेछन् ।<br>• प्रतिकार्य विश्लेषणको प्रकार बताउन सक्नेछन् ।<br>• जिल्लाको वार्षिक योजना तर्जुमा प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गर्ने प्रक्रिया बताउन सक्नेछन् । | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण:<br>• परिचय र उद्देश्य<br>• प्रतिकार्य विश्लेषणको चरण<br>◆ अवस्था विश्लेषण<br>◆ प्रतिकार्य विकल्पहरूको पहिचान<br>◆ प्रतिकार्य योजना<br>◆ कार्यान्वयन<br>◆ अनुगमन र मुल्याङ्कन<br>• प्रतिकार्य विश्लेषण/योजनाका प्रकार<br>◆ तत्काल प्रतिकार्य विश्लेषण तथा योजना निर्माण<br>◆ वार्षिक योजनामा आधारित प्रतिकार्य विश्लेषण तथा योजना निर्माण<br>• जिल्लाको योजना तर्जुमा प्रक्रियासँग संयोजन | ६० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न-उत्तर | • स्लाइडहरू<br>◆ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण<br>◆ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका चरण<br>◆ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका प्रकार<br>◆ योजना तर्जुमा प्रक्रियामा संयोजन |
| ४ | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण: पृष्ठभूमी | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको उद्देश्य वर्णन गर्नसक्नेछन् ।<br>• योजना तर्जुमा प्रक्रियामा ध्यान दिनु पर्ने मुख्य पक्षबारे बताउन सक्नेछन् ।<br>• घटना अध्ययनका निष्कर्षहरूलाई आफ्नो जिल्लाको अवस्थासँग तुलना गर्न सक्नेछन् । | • घटना अध्ययन<br>• प्रत्येक सहभागीद्वारा घटना अध्ययन गरी मुख्य बुँदा सूचीकृत:<br>◆ क्षेत्रका मुख्य समस्याहरू<br>◆ समस्या समाधान नहुनाका कारणहरू<br>• सूचीलाई प्लेनरीमा छलफल<br>• आफ्नो जिल्लासँग तुलना | ७५ | • स्व-अध्ययन<br>• मस्तिष्क मंथन<br>• प्रश्न उत्तर | • साङ्ग्रीला जिल्ला मामिला |
| ५ | जीविकोपार्जन क्षेत्र निर्धारण | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• जीविकोपार्जनको परिभाषा बताउन सक्नेछन् ।<br>• जीविकोपार्जन क्षेत्र निर्धारणको लागि आधार बताउन सक्नेछन् ।<br>• प्रस्तुत मस्यौदा जीविकोपार्जन क्षेत्र निर्धारित नक्सामा उपर छलफल गरी जीविकोपार्जन क्षेत्र निर्धारणको अन्तिम रूप दिन सक्नेछन् । | • जीविकोपार्जन क्षेत्रको परिभाषा ।<br>• जीविकोपार्जन क्षेत्र निर्धारणका आधार ।<br>• जिल्लाको जीविकोपार्जन क्षेत्र निर्धारण । | ९० | • प्रस्तुति<br>• समूह कार्य<br>• प्रश्न उत्तर | • स्लाइडहरू<br>◆ जीविकोपार्जनको परिभाषा<br>◆ जीविकोपार्जन क्षेत्र निर्धारणका आधार<br>◆ जीविकोपार्जन क्षेत्र नक्सांकनको मस्यौदा |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विस्तृत विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरू |
|---|---|---|---|---|---|---|
| ६ | खाद्य सुरक्षा अवस्था विश्लेषण : समस्या विश्लेषण | सत्रको अन्त्यमा सहभागिहरूले:<br>• जिल्लाको समग्र खाद्य सुरक्षाको अवस्था बताउन सक्नेछन् ।<br>• समस्याको व्यवहारिक परिभाषा बताउन सक्नेछन ।<br>• समस्या विश्लेषणका चरणहरू व्याख्या गर्न सक्नेछन् ।<br>• समस्याको जड कारण पहिचान गर्ने प्रक्रिया बताउन सक्नेछन् ।<br>• समस्या वृक्ष तयार गर्न सक्नेछन् । | जिल्लाको खाद्य सुरक्षाको अवस्था<br>• खाद्य सुरक्षाको अवस्थाबारे छलफल<br>◆ सबैभन्दा बढि प्रभावित को हुन?<br>◆ उनीहरू कहाँ छन्?<br>◆ उनीहरू कुन जीविकोपार्जन समूहका हुन्?<br>◆ उनीहरू कहिले खाद्य असुरक्षित हुन्छन् ?<br>◆ उनीहरू किन खाद्य असुरक्षित भए?<br>• समस्याको परिभाषा<br>• समस्या विश्लेषणका चरणहरू<br>• अन्तर्निहित कारणहरूको विश्लेषण प्रक्रिया<br>◆ मुख्य समस्याहरूको पहिचान<br>◆ कारण र असरको तार्किक सम्बन्ध ।<br>• समस्या विश्लेषणको व्यापकताबारे सुनिश्चितता<br>◆ खाद्य सुरक्षाका चार आयाम<br>◆ प्रमुख कारक तत्वहरू<br>• समस्या वृक्ष निर्माण | २१० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य | • Blu-Tack<br>• न्युजप्रिन्ट<br>• मार्करहरू<br>• मेटा कार्ड<br>• स्लाइडहरू<br>◆ समस्या विश्लेषणका चरणहरू<br>◆ समस्या वृक्षको नमूना<br>◆ जिल्लाको सम्पादित खाद्य सुरक्षाको अवस्थाको नक्सा<br>◆ जिल्लाको सम्पादित खाद्य असुरक्षाका कारणहरू |
| ७ | स्रोत र अवसर विश्लेषण (SWOT) | सत्रको अन्त्यमा सहभागिहरूले:<br>• SWOT को ब्यवहारिक परिभाषा बताउन सक्नेछन् ।<br>• SWOT विश्लेषणका चरणहरू व्याख्या गर्न सक्नेछन् ।<br>• जिल्लाको खाद्य सुरक्षाको सन्दर्भमा स्रोतहरूको SWOT विधि प्रयोग गरी विश्लेषण सक्नेछन् ।<br>• SWOT विश्लेषणको नतिजा तयार गर्नेछन् । | • स्रोत र अवसरहरूको विश्लेषण (SWOT विश्लेषणको प्रयोग)<br>• SWOT विश्लेषण परिभाषा र उद्देश्य<br>• SWOT का चरणहरू<br>• SWOT स्रोत र अवसरहरूको विश्लेषण | ९० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य | • स्लाइडहरू<br>◆ SWOT को व्याख्या र चरणहरू<br>◆ SWOT को उदाहरण<br>◆ प्रारम्भिक SWOT विश्लेषणको सूची |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विस्तृत विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरू |
|---|---|---|---|---|---|---|
| ८ | सरोकारवालाको नक्साङ्कन | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• सरोकारवाला नक्साङ्कनका चरणहरू व्याख्या गर्न सक्नेछन् ।<br>• सरोकारवाला नक्साङ्कनको प्रक्रिया बताउन सक्नेछन् ।<br>• सरोकारवाला नक्साङ्कन गर्न सक्नेछन् । | सरोकारवाला नक्साङ्कन<br>• उद्देश्य<br>• विधिहरू<br>• चरणहरू<br>• मस्यौदा सरोकारवालाको नक्साङ्कन प्रस्तुति र निर्माण | ६० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य | • स्लाइडहरू<br>◆ सरोकारवाला नक्साङ्कन प्रक्रिया<br>◆ मस्यौदा सरोकारवालाको नक्साङ्कन |
| ९ | प्रतिकार्य विकल्पहरूको पहिचान : उद्देश्य वृक्ष विश्लेषण | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• उद्देश्य वृक्ष विश्लेषणको उद्देश्यको व्याख्या गर्न सक्नेछन् ।<br>• उद्देश्य विश्लेषणका चरणहरूको व्याख्या गर्न सक्नेछन् ।<br>• उद्देश्य वृक्ष निर्माण गर्न सक्नेछन् । | उद्देश्य वृक्ष विश्लेषण<br>◆ उद्देश्य<br>◆ चरणहरू<br>• उद्देश्य वृक्ष निर्माण गर्दा ध्यान दिनु पर्ने पक्षहरू<br>• उद्देश्य वृक्षको निर्माण | १२० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य | • Blu-Tack<br>• Me ta card<br>• स्लाइडहरू<br>◆ उद्देश्य वृक्ष विश्लेषणका चरणहरू<br>◆ उद्देश्य वृक्षको नमूना<br>• हातेपत्र<br>◆ ६.१ उद्देश्य तथा विकल्पको फाराम |
| १० | प्रतिकार्यका विकल्पहरू पहिचान | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• उद्देश्य वृक्षबाट उद्देश्यहरू पहिचान गर्न सक्नेछन् ।<br>• प्रमुख उद्देश्य अन्तर्गत सम्भावित प्रतिकार्यको विकल्पहरू पहिचान गर्नेछन् ।<br>• प्रतिकार्यको विकल्पहरू सूची तयार गर्नेछन् । | • प्रतिकार्यका विकल्प पहिचान<br>• उद्देश्य वृक्षका आधारमा उद्देश्यको पहिचान<br>• उद्देश्य अन्तर्गत सम्भावित प्रतिकार्यका विकल्पहरू पहिचान<br>• प्रतिकार्यका विकल्पहरू पहिचानको क्रममा ध्यान दिनुपर्ने कुराहरू | ९० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य<br>• खेल | • जिल्ला विकास योजना<br>• आवधिक तथा बार्षिक योजनाहरू<br>• सीसाकलम खेलका लागि (१८ वटा)<br>• स्लाइडहरू<br>◆ प्रतिकार्यका विकल्पहरू पहिचानको क्रममा ध्यान दिनुपर्ने कुराहरू<br>• हातेपत्र<br>◆ १०.१ सन्दर्भका लागि प्रतिकार्यका विकल्पहरू वा क्रियाकलापहरू |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विस्तृत विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरू |
|---|---|---|---|---|---|---|
| ११ | प्रतिकार्यका विकल्पहरूको संभाव्यता विश्लेषण | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• उपयुक्त प्रतिकार्यको छनोटको प्रक्रियाको व्याख्या गर्न सक्नेछन् ।<br>• प्रतिकार्यको प्राथमिकिकरणका आठ आधार बताउन सक्नेछन् ।<br>• उद्देश्य अन्तर्गत उपयुक्त प्रतिकार्यको सूची तयार गर्न सक्नेछन् । | प्रतिकार्य योजना<br>• प्रतिकार्य छनौटको आधारहरू<br>• उपयुक्त प्रतिकार्यको पहिचान<br>• सरोकारवाला र स्रोतहरूको आधारमा प्राथमिक प्रतिकार्य विच सामाञ्जस्यता | १२० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य | • स्लाइडहरू<br>◆ प्राथमिकिकरणको लागि आधारहरूको सूची<br>◆ प्राथमिकिकरणका लागि फाराम |
| १२ | खाद्य सुरक्षा प्रतिकार्य योजना : मस्यौदा तयारी | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• प्रतिकार्य योजनाको विषयसूचीबारे बताउन सक्नेछन् ।<br>• जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका तयार गर्न सक्नेछन् ।<br>• विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजनालाई तयार गर्न कार्यदल गठन गर्नेछन् ।<br>• विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजनालाई पूरा गर्न कार्य योजनाको निर्माण गर्नेछन् । | खाद्य सुरक्षा प्रतिकार्य योजना<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको विषयसूची<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका तयारी<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रिया<br>• कार्यदल र मुख्य कार्यको पहिचान<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गर्ने तालिका । | १२० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर<br>• समूह कार्य | • स्लाईडहरू<br>◆ खाद्य सुरक्षा प्रतिकार्य योजनाको परिभाषा<br>◆ खाद्य सुरक्षा प्रतिकार्य योजनाको विषयसूची<br>◆ खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गर्ने तालिका । |
| १३ | खाद्य सुरक्षा प्रतिकार्य योजना बार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• जिल्ला विकास योजना र गाउँ विकास योजना तयार गर्ने सहभागीमूलक योजना तर्जुमा प्रक्रियाका १४ चरणहरू व्याख्या गर्न सक्नेछन् ।<br>• जिल्लाको वार्षिक र आवधिक योजनामा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गराउने उपयुक्त प्रमुख चरणहरूबारे व्याख्या गर्न सक्नेछन् । | योजना तर्जुमा प्रक्रियामा संयोजन<br>• वार्षिक योजना तर्जुमा प्रक्रियाको संक्षिप्त विवेचना ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनालाई योजना तर्जुमा प्रक्रियामा सम्मिलित गराउने प्रस्तावित चरण । | ६० | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर | • स्लाइडहरू<br>◆ सहभागीमूलक योजना तर्जुमा प्रक्रियाका १४ चरणहरू<br>◆ जिल्ला तथा गाउँ विकास योजनामा खाद्य सुरक्षा प्रतिकार्य योजना संयोजनका चरण |

| सत्र | मूल विषयवस्तु | सत्रको उद्देश्य | विस्तृत विषयवस्तु | समय (मि.) | विधि | सामग्रीहरू |
|---|---|---|---|---|---|---|
| १४ | कार्यान्वयन प्रक्रिया | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• कार्यक्रम कार्यान्वयनको मुख्य पक्षहरू बताउन सक्नेछन् ।<br>• कामको समय तालिकामा समावेश हुनुपर्ने पक्षहरू बताउन सक्नेछन् । | कार्यान्वयन प्रक्रिया<br>• सहभागीता<br>• क्षमता अभिवृद्धि<br>• पारदर्शिता<br>• जवाफदेयीता<br>• साझेदारी र सहयोग<br>• क्रियाकलापको दिगोपन<br>• कामको समय तालिका | ४५ | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर | • स्लाइडहरू<br>◆ योजना तर्जुमाका प्रमुख पक्षहरू |
| १५ | अनुगमन र मुल्याङ्कन | सत्रको अन्त्यमा सहभागीहरूले:<br>• अनुगमन र मुल्याङ्कनको परिभाषा बताउन सक्नेछन् ।<br>• नेपाल सरकारले हाल गरिरहेको अनुगमन र मुल्याङ्कनका क्रियाकलापहरूको व्याख्या गर्न सक्नेछन् ।<br>• अनुगमन र मुल्याङ्कन योजनाको (Monitorig and Evaluation Plan) मुख्य पक्षहरू व्याख्या गर्न सक्नेछन् ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको उपलब्धी तथा योजना अध्यावधिक गर्ने प्रक्रियाबारे बताउन सक्नेछन् ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको लागि अनुगमन र मुल्याङ्कन योजनाको रूपरेखा बताउन सक्नेछन । | अनुगमन र मुल्याङ्कन<br>◆ अनुगमन र मुल्याङ्कनको परिभाषा<br>◆ अनुगमन र मुल्याङ्कनका क्रियाकलापहरू<br>◆ समीक्षा र प्रतिवेदन<br>◆ प्रक्रिया र क्रियाकलाप अनुगमन<br>◆ सामाजिक परीक्षण,<br>◆ सार्वजनिक परीक्षण<br>◆ सार्वजनिक सुनुवाई<br>• अनुगमन र मुल्याङ्कन योजना<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको समीक्षा<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको लागि अनुगमन र मुल्याङ्कन योजनाको रूपरेखा | ४५ | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर | • स्लाइडहरू<br>◆ परिभाषा<br>◆ क्रियाकलाप<br>◆ अनुगमन र मुल्याङ्कन योजना<br>◆ प्रतिकार्य योजनाको समीक्षा<br>◆ खाद्य सुरक्षा प्रतिकार्य योजनाको लागि अनुगमन र मुल्याङ्कन योजनाको मस्यौदा |
| १६ | तालिमको मुल्याङ्कन तथा समापन | सत्रको अन्तमा सहभागिहरूले:<br>• तालिमको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षबारे लिखित मुल्याङ्कन गर्नेछन् ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनबारे प्रतिबद्धता व्यक्त गर्नेछन् ।<br>• तालिमको औपचारिक रूपमा समापन गर्नेछन् । | तालिमका उद्देश्यको समीक्षा<br>• चार दिनको विवेचना तथा योजनाबारे प्रस्तुति<br>• सहभागीहरूको प्रतिबद्धता<br>• प्रमाणपत्र वितरण<br>• अतिथिहरूबाट मन्तब्य<br>• समापन सत्रका अध्यक्षबाट मन्तब्य सहित समापन | १२० | • प्रस्तुति<br>• भाषण<br>• व्यक्तिगत अभ्यास | • स्लाइडहरू<br>◆ तलिमको उद्देश्य<br>◆ तालिमको विषयवस्तु<br>◆ तालिमको समग्र प्रस्तुती<br>• हातेपत्र<br>◆ १६.१ तालिम मुल्याङ्कन फाराम |

# परिचय र तालिमको उद्देश्यहरू

## उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरू:

१. एक आपसमा परिचित हुनेछन् ।
२. सहभागीहरू बिच सूचना आदान प्रदान गर्न र सिक्नलाई एक अनुकूल वातावरण निर्माण गरेका हुनेछन् ।
३. तालिमको उद्देश्यहरूबारे बताउन सक्नेछन् ।
४. तालिमको विषयवस्तुबारे बताउन सक्नेछन् ।
५. तालिमको सन्दर्भमा आफ्ना अपेक्षाहरू स्पष्ट पार्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ६० मिनेट | • प्रस्तुति<br>• खेलहरू<br>• मस्तिस्क मंथन | • न्युजप्रिन्ट र मार्कर<br>• कार्यक्रमको ब्यानर<br>• स्लाइडहरू<br>  ◆ कार्यक्रम उद्देश्यहरू<br>  ◆ तालिमको विषयवस्तु<br>• हाते पत्र:<br>  ◆ १.१ तालिमको विषयवस्तु |

## *विषयवस्तु १: स्वागत र परिचय*

### चरणहरू

१. सहभागीहरूलाई अभिवादन गर्दै तालिममा स्वागत गर्ने ।
२. आयोजकलाई तालिममा उपस्थित भएका सहभागी र अतिथिहरूलाई स्वागत गर्न अनुरोध गर्ने । जिल्लामा प्रभावकारी खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको थालनीका लागि सहभागीहरूको अभिरूचि र सहभागीताको स्तरले महत्वपूर्ण योगदान दिन्छ र त्यसले जिल्लामा खाद्य सुरक्षाको सुनिश्चितताको लागि सहयोगी हुन्छ भन्ने कुरालाई महत्व दिइ छोटो विवेचना गर्ने ।
३. यदि तालिम औपचारिक रूपमा शुरू गर्ने योजना छ भने, सञ्जालका अध्यक्ष वा वरिष्ठ कृषि विकास अधिकृतलाई अध्यक्षता तथा आसन ग्रहण गर्न अनुरोध गर्ने तत्पश्चात क्रमश: बरिष्ठताका आधारमा विशिष्ट कर्मचारी/अतिथिलाई आसन ग्रहण गर्न अनुरोध गर्ने । कार्यक्रमको औपचारिक शुभारम्भ गर्ने बारेको **संक्षिप्त एजेन्डा तल कोष्ठक १.१** मा उपलब्ध छ ।

४. तालिम सत्रको परिचयात्मक कार्यक्रमलाई अगाडि बढाउन अनुमति माग्ने ।
५. अब हामी आ-आफ्नो परिचय दिन गईरहेकका छौं भनेर भन्ने, आवश्यकता अनुसार तलको **कोष्ठक १.२** प्रयोग गर्न सकिने ।

# *विषयवस्तु २: अपेक्षा, उद्देश्य, विषयवस्तु र मान्यता*

## चरणहरू

१. केहि सहभागीहरूलाई तालिम सम्बन्धी आफ्नो अपेक्षा र आशाहरू व्यक्त गर्न लगाउने । सहभागीहरूको तालिमको बारेमा अपेक्षा, सरोकार, चिन्ता सम्बन्धित कुनै महत्वपूर्ण विषय भए त्यसलाई सम्बोधन गर्ने ।
२. अपेक्षाहरू स्पष्ट पारे पछि **तालिमको उद्देश्यको सूची** (स्लाइड नं १:३) प्रस्तुत गर्ने र तालिमको समग्र उद्देश्य र विशिष्ट उद्देश्यहरू प्रष्ट पार्ने । तालिमको उद्देश्यहरूमा केहि प्रश्न या सुझाव भए, छलफल गर्नको लागि सहभागीहरूलाई प्रोत्साहन गर्ने ।
३. तालिमको उद्देश्यहरू प्राप्त गर्न **४ दिन सम्म** छलफल गरिने **तालिमको विषयवस्तु** (स्लाइड नं १: ४, ५, ६, ७) प्रस्तुत गर्ने र मुख्य सत्रहरूको बारेमा संक्षिप्त छलफल गर्ने ।
४. तालिमका उद्देश्यहरू र सहभागीहरू अपेक्षा पूरा हुन तालिमलाई प्रभावकारी बनाउन जरूरी छ । यो कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा सहभागीहरूलाई सोध्ने । तालिमको उद्देश्य प्राप्ति र प्रभावकारी बनाउन केहि आधारभूत मान्यताहरू निर्धारण गर्नुपर्ने कुरा बताउने । केहि आधारभूत मान्यताहरू निम्न प्रकारका हुन सक्छन:
   - प्रभावकारी सहभागीता र योगदान,
   - समयको ख्याल गर्ने,
   - एक अर्काको विचार र सोचको आदर गर्ने,
   - तालिमको समयमा विषयवस्तुमा केन्द्रित हुने,
   - मोबाइल फोन साइलेन्समा राख्ने, आदि ।

### *प्रशिक्षकको लागि जानकारी : कोष्ठक १.१*

तालिम सुभारम्भ सत्रको लागि एजेण्डा निम्न हुन सक्छ :

- शुभारम्भ सत्रको अध्यक्षता तथा आसन ग्रहण
- अन्य अतिथि तथा विशिष्ट पदाधिकारीको आसन ग्रहण ।
- स्वागत मन्तब्य ।
- परिचय ।
- तालिम कार्यक्रमको उद्देश्य र विषयबस्तु ।
- प्रस्तुति
  - खाद्य सुरक्षाको अवधारणा (सत्र २)
  - खाद्य सुरक्षा प्रतिकार्यको विश्लेषण (सत्र ३)
- प्रस्तुति उपर छलफल, प्रश्नोत्तर
- मन्तब्य
  - अतिथि तथा अन्य वरिष्ठ अधिकारीहरूबाट
- अध्यक्षद्वारा आफ्नो मन्तब्य सहित तालिम शुभारम्भ सत्रको समापन

(सत्र सञ्चालकले शुभारम्भ सत्रबाट बिदा लिंदा, यो तालिमको अन्तिम दिन समग्र ४ दिनको तालिम अवधिमा भएका विश्लेषण र मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका प्रश्तुत गर्ने कार्यक्रम रहेकाले समापनको अवसरमा सम्पुर्ण कार्यालय प्रमुख तथा संस्था प्रमुख ज्यूहरूलाई उपस्थितिका लागि आमन्त्रण गर्ने ।)

यो तालिम सामूहिक कार्यमा आधारित भएको कुरामा जोड दिने र प्रभावकारी खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण पूर्णरूपमा उनीहरूको सक्रिय सहभागीता र योगदानमा भर पर्ने हुनाले प्रभावकारी सहभागीताको अपेक्षा गरिएको कुरा प्रष्ट पार्दै सोका लागि प्रोत्साहन गर्ने ।

## प्रशिक्षकको लागि जानकारीः कोष्ठक १.२

तालिमको औपचारिक प्रारम्भले यसको थप महत्व दशाउँछ । कार्यक्रमको महत्व र आपैचारिक प्रतिबद्धता लिनको लागि पनि औपचारिक शुभारम्भ सत्रको आयोजना गर्ने गरिन्छ । वरिष्ठता हेरी,सामान्यतया सञ्जालका अध्यक्ष प्रमुख जिल्ला अधिकारी वा एक वरिष्ठ अधिकारीलाई शुभारम्भ सत्रको सभापति वा अध्यक्षताको लागि अनुरोध गर्ने । समारोहमा विशेष सहभागी वक्ताले, सहभागीहरूलाई खाद्य सुरुक्षा प्रतिकार्य विश्लेषण र प्रतिकार्य योजना निर्माणमा उनीहरूको काम महत्वपूर्ण हुन्छ भन्ने सन्देश पठाउँदा, प्रतिबद्धता बढ्छ । शुभारम्भ सत्र सकसेम्म छोटो बनाउने कुरामा निश्चित गर्नुहोस् । यसका लागि सम्बन्धित व्यक्ति (जस्तै व.कृ.वि.अ., स्था.वि.अ., प्र.जि.अ. जसले जिल्लामा तालिमलाई संयोजन गरिरहेका छन्) सँगको राय बमोजिम निर्णय गर्न सकिन्छ ।

वक्ताहरूले सहभागीहरूलाई सम्बोधन गरिसकेपछि, तालिमको शभुारम्भ सत्रमा सहभागीताको लागि सहभागीहरूलाई धन्यवाद दिने ।

**<u>परिचयको सन्दर्भमा:</u>** विभिन्न प्रक्रियाहरू प्रयोग गर्न सकिन्छ । स्थानीय अवस्था (सहभागी, समय र सुविधा) हेरेर प्रयोग गर्ने । सामान्य परिचयात्मक विधि, नाम, पद, काम गर्ने ठाँउ, कुनै महत्वपूर्ण अनुभव, खाद्य सुरक्षा सम्बन्धित कुनै घटना आदान प्रदान जस्तो विधि पनि अपनाउन सकिन्छ ।

अझ रोचकरूपमा परिचय गराउने योजना भए सहभागीहरूलाई जोडीहरू बनाउन भन्ने र उनीहरूको नाम, संस्था, पद, खाद्य सुरक्षासँग सम्बन्धित रमाइला र उल्लेखनीय घटनाका बारेमा जोडीहरूबाट सूचना लिनको लागि ५ मिनेट समय उपलब्ध गराउने । एकचोटि सबै सहभागीहरूले तिनीहरूका जानकारी आदान-प्रदान गर्ने काम गरिसकेपछि, जोडीमा परिचय गर्न भन्ने । जस्तै : जोडीको एउटा साथीले उसको अर्को साथीको परिचय दिनेछ । परिचय थप रोचक बनाउन आफ्नो परिचय दिँदा आफ्नो नामसँग शुरू हुने पहिलो अक्षरसँग एउटा विशेषण शब्दलाई समावेश गरेर परिचय शुरू गर्ने । उदाहरणका लागि हरि नाम भएको व्यक्तिले, हँसिलो (विशेषण), हरिप्रसाद शर्मा, ........अधिकृत, ........जिल्ला भनेर परिचय गर्न सकिने । आवश्यक भए २ मिनेट तयारीका लागि समय दिने । सहभागीहरूलाई यो परिचयको प्रक्रिया सजिलो बनाउन, सहजकर्ताले आफ्नो परिचयबाट शुरू गर्ने । सहजकर्ताले परिचय गरेको जस्तै शैलीमा, अरू सहभागीहरूलाई आफ्नो परिचय दिन भन्ने ।

५. **मान्यताहरू <u>स्लाइड नं १ः ८</u>** प्रस्तुत गरेर आवश्यक भए थप गरी छलफल गर्ने र अन्तिम रूप दिने ।
६. **<u>स्लाइड नं १ः ९</u> प्रस्तुत गर्नेः Parking lot "चौतारी"** को बारेमा संक्षिप्तमा जानकारी दिने (सत्र संचालन भईरहेको अवस्थामा सत्रमा आएका महत्वपूर्ण विषयहरू (issues) तर अहिलेको सञ्चालन भईरहेको सत्रसँग प्रत्यक्ष सम्बन्धित नभएको अवस्थामा पछि कुनै उपयुक्त समयमा छलफल गर्ने परिपाटी रहेको प्रष्ट पार्ने ।) त्यसै सन्दर्भमा न्युजप्रिन्टमा तयार पारिएको Parking lot चौतारीको चित्र भित्तामा टाँस्ने र त्यसको महत्वबारे बुझाउने ।

### प्रशिक्षकको लागि जानकारीः कोष्ठक १.३

सत्र अगावै तालिमका उद्देश्यहरू र विषवस्तु पावर प्वाइन्ट वा न्युजप्रिन्टमा तयार गर्ने । सम्भव भएसम्म तालिमको पूरै अवधि भर उद्देश्यहरू भित्तामा टाँसी छोडिदिने ।

साथै तालिमको व्यवस्थापकीय पक्षका विषयहरू पनि स्पष्ट गर्नुपर्ने हुन्छ । व्यवस्थापकीय विषयमा चिन्तित रहनुपर्‍यो भने सहभागीको ध्यान विषयवस्तुमा केन्द्रित गर्न गाह्रो हुन्छ । त्यसैले ती समस्याहरूलाई सही तरिकाले समयमा नै सम्बोधन गर्नु फाइदाजनक हुन्छ । भत्ता उपलब्ध हुने नहुने कुरा, खाना, खाजा, विश्राम, इत्यादि विषयहरूबारे यथासमयमा नै प्रष्ट पार्ने ।

## सारांश तथा मूल्याङ्कन

शुभारम्भ सत्रमा सक्रिय सहभागीताका लागि धन्यवाद सहित शुभारम्भ सत्रको अन्त गर्ने । सहभागीहरूमा तालिमको उद्देश्य, विषयवस्तु र प्रस्तुतिबारे केहि प्रश्न भए नभएको सोध्ने र सहभागीहरूको प्रश्न भए सम्बोधन गरेर सत्रको अन्त गर्ने ।

*हाते पत्रः १.१*

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम

**तालिमको विषयवस्तु**

| समय (मिनेट) | विषयवस्तु |
|---|---|
| **पहिलो दिन** | |
| | तालिम शुभारम्भ सत्र |
| ६० | परिचय, तालिमको उद्देश्यहरू र विषयवस्तु |
| | खाद्य सुरक्षाको विवेचना |
| ४५ | खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) |
| ३० | शुभारम्भ सत्रको समापन |
| | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण |
| ७५ | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि - घटना अध्ययन (Case study) |
| | **१. खाद्य सुरक्षा अवस्थाको विश्लेषण** |
| ९० | जीविकोपार्जन क्षेत्र निर्धारण |
| **दोश्रो दिन** | |
| २१० | समस्या वृक्ष विश्लेषण |
| ९० | स्रोत र अवसरहरूको विश्लेषण (SWOT Analysis) |
| ६० | सरोकारवालाहरूको नक्साङ्कन, साधन स्रोतको पहिचान |
| **तेश्रो दिन** | |
| | **२. प्रतिकार्यका विकल्पहरू (Response Options) को पहिचान** |
| १२० | उद्देश्यहरूको विश्लेषण |
| | **३. प्रतिकार्य योजना (Response Planning)** |
| ९० | प्रतिकार्य विकल्पहरू (Response options) को पहिचान |
| १२० | प्रतिकार्य संभाव्यता विश्लेषण र प्राथमिकीकरण |
| ३० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |
| **चौथो दिन** | |
| ९० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन |
| ४५ | **४. कार्यान्वयन प्रक्रिया** |
| ४५ | **५. अनुगमन तथा मुल्याङ्कन** |
| ३० | तालिमको मुल्याङ्कन |
| ९० | तालिमको समापन |

## सत्र १ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण**

### खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम

२

**यस सत्रको उद्देश्य**

यस सत्रको अन्तमा सहभागीहरू:

- सहयोगी तथा सहभागीहरू एक आपसमा परिचित हुने छन् ।
- सहभागीहरू बिच सूचना आदान प्रदान गर्न र सिक्नलाई एक अनुकूल वातावरण निर्माण गरेका हुने छन् ।
- तालिमको उद्देश्यहरूबारे बताउन सक्ने छन् ।
- तालिमको विषयवस्तुबारे बताउन सक्ने छन् ।
- तालिमको सन्दर्भमा आफ्ना अपेक्षाहरू स्पष्ट पार्ने छन् ।

३

**तालिमका उद्देश्यहरुः**

यस तालिमको समग्र उद्देश्य जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य तथा अन्य सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) का विधि तथा प्रक्रियाबारे व्यावहारिक सिप र दक्षता अभिबृद्धि गरी जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) निर्माण गर्नु रहेको छ ।

विशिष्ट उद्देश्यः

- नेपालको समग्र खाद्य सुरक्षा स्थितिबारे जानकारी आदान प्रदान गर्ने ।
- नेपालमा खाद्य सुरक्षाका नीति, कार्यक्रम तथा खाद्य सुरक्षा अनुगमनबारे विवेचना गर्ने ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रियाको विवेचना गर्ने ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका मुख्य विधिहरू प्रयोग गर्ने क्षमतामा अभिवृद्धि गर्ने ।
- खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्लाको योजना तर्जुमा प्रक्रियामा संयोजनबारे छलफल गर्ने ।
- जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको प्रारम्भिक मस्यौदाको निर्माण गर्ने ।

४

## तालिमका विषयवस्तुहरु ...

### पहिलो दिन

| समय | विषयवस्तु |
|---|---|
| | तालिम शुभारम्भ सत्र |
| ६० | परिचय, तालिमको उद्देश्यहरू र विषयवस्तु |
| | खाद्य सुरक्षाको विवेचना |
| ४५ | खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) |
| ३० | शुभारम्भ सत्रको समापन |
| | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण |
| ७५ | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि - घटना अध्ययन (Case study) |
| | **१. खाद्य सुरक्षा अवस्थाको विश्लेषण** |
| ९० | जीविकोपार्जन क्षेत्र निर्धारण |

५

## तालिमका विषयवस्तुहरु ...

### दोस्रो दिन

| समय | विषयवस्तुहरू |
|---|---|
| २१० | समस्या वृक्ष विश्लेषण |
| ९० | स्रोत र अवसरहरूको विश्लेषण (SWOT Analysis) |
| ६० | सरोकारवालाहरूको नक्साङ्कन, साधन स्रोतको पहिचान |

६

## तालिमका विषयवस्तुहरु ...

### तेस्रो दिन

| समय | विषयवस्तुहरू |
|---|---|
| | **२. प्रतिकार्यका विकल्पहरू (Response Options) को पहिचान** |
| १२० | उद्देश्यहरूको विश्लेषण |
| | **३. प्रतिकार्य योजना (Response Planning)** |
| ९० | प्रतिकार्य विकल्पहरू (Response options) को पहिचान |
| १२० | प्रतिकार्य संभाव्यता विश्लेषण र प्राथमिकीकरण |
| ३० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |

७

## तालिमका विषयवस्तुहरू ...

### चौथो दिन

| समय | विषयवस्तुहरू |
|---|---|
| ९० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन |
| ४५ | **४. कार्यान्वयन प्रक्रिया** |
| ४५ | **५. अनुगमन तथा मुल्याङ्कन** |
| ३० | तालिमको मुल्याङ्कन |
| ९० | तालिमको समापन |

८

## मान्यताहरू

केहि आधारभूत मान्यताहरू निम्न प्रकारका हुन सक्दछन्:

- प्रभावकारी सहभागीता र योगदान,
- समयको ख्याल गर्ने,
- एक अर्काको विचार र सोचको आदर गर्ने,
- तालिमको समयमा विषयवस्तुमा केन्द्रित हुने,
- मोबाइल फोन साइलेन्समा राख्ने,
- 
- 
- आदि ।

९

## चौतारी (Parking lot)



# खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)

## उद्देश्यः

यस सत्रको अन्त्यमा सहभागीहरूलेः

१. खाद्य सुरक्षाको परिभाषा बताउन सक्नेछन् ।
२. खाद्य सुरक्षाका चार आयामहरूबारे व्याख्या गर्न सक्नेछन् ।
३. नेपालको खाद्य सुरक्षाको अवस्थाबारे विवेचना गर्न सक्नेछन् ।
४. खाद्य सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरूबारे व्याख्या गर्न सक्नेछन् ।
५. खाद्य सुरक्षा अनुगमनका प्रक्रियाबारे बताउन सक्नेछन् ।
६. नेपालमा खाद्य सुरक्षा अनुगमनको लागि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीका (NeKSAP) को संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ४५ मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति | • न्युजप्रिन्ट, मार्कर, मेटा कार्ड<br>• स्लाइडहरू<br>◆ खाद्य सुरक्षाको परिभाषा<br>◆ खाद्य सुरक्षाका आयामहरू<br>◆ खाद्य असुरक्षाको अवस्था<br>◆ नेपाल सरकारको नीति तथा कार्यक्रम<br>◆ खाद्य सुरक्षा अनुगमनका सूचकहरू<br>• हाते पत्रः<br>◆ २:१ खाद्य सुरक्षा चरणहरूको विवरण<br>◆ २:१ खाद्य सुरक्षा सन्दर्भ तालिका |

## *विषयवस्तु १ः खाद्य सुरक्षाको परिचय*

### चरणहरू

१. सहभागीहरूलाई खाद्य सुरक्षा भन्नाले के बुझ्नु हुन्छ भनेर सोध्ने ।
२. न्युजप्रिन्ट वा सेतो पाटीमा प्रतिक्रियाहरू सूचीकृत गर्ने ।
३. खाद्य सुरक्षाबारे तयार गरिएको **परिभाषा (स्लाइड नं. २ः ३,४,५)** प्रस्तुत गर्ने ।
४. सहभागीहरूलाई परिभाषामा समावेश गरिएका महत्वपूर्ण शब्दहरू पत्ता लगाउन भन्ने ।
५ परिभाषामा समावेश गरिएका मुख्य शब्दको छलफलको संयोजन गर्ने ।
६ परिभाषासँग सम्बन्धित केही जिज्ञासाहरू भए छलफल गर्ने र स्पष्ट पार्ने ।

# विषयवस्तु २ः खाद्य सुरक्षाका चार आयामहरू

## चरणहरू

१. अगाडि छलफल गरिएको परिभाषाको प्रसङ्ग जोडेर सहभागीहरूलाई खाद्य सुरक्षाको चार पक्ष/आयामहरू के के हुन् भनेर सोध्ने ।
२. प्रतिक्रियाहरू न्युजप्रिन्ट या सेतो पाटीमा टिपोट गर्ने ।
३. खाद्य सुरक्षाका **चार आयामहरूको <u>स्लाइड नं. २ः ६,७</u>** प्रस्तुत गर्ने ।
४. प्रत्येक आयामको बारेमा छोटो छलफल गर्ने र यी चार आयामहरूले खाद्य सुरक्षालाई कसरी असर पुऱ्याइरहेका छन् भनेर स्पष्ट पार्ने ।
५. एक पटक पुनः खाद्य सुरक्षाको परिभाषा सित प्रसङ्ग जोडेर खाद्य सुरक्षाका चार आयामहरूसँग सम्बन्धित गराउने ।
६. खाद्य सुरक्षाको बहुआयामिक प्रकृतिको बारेमा व्याख्या गर्ने र खाद्य सुरक्षा अनगुमन, विश्लेषण तथा योजना निर्माणमा बहुआयामिक समूह सरोकारवालाहरूको सलंग्नताको आवश्यकता छ भन्ने कुरालाई प्रस्ट पार्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक २.१

सामान्यतया खाद्य सुरक्षालाई, केवल मनग्ये खाद्य पदार्थको उपलब्धतालाई मात्र खाद्य सुरक्षा भनी बुझ्ने गरेको पाइन्छ । खाद्य सुरक्षाको अन्य आयामहरूलाई प्रष्ट पार्नका लागि सहभागीहरूलाई खाद्य सुरक्षाको परिभाषामा समावेश गरिएका महत्वपूर्ण शब्दमाथि छलफल गर्न प्रोत्साहित गर्ने । परिभाषामा समावेश गरिएका महत्वपूर्ण शब्दहरू : सबै मानिसहरू, सधैं, भौतिक र आर्थिक पहुँच, पर्याप्तता, सुरक्षित र पौष्टिक खाना, आवश्यकताहरू र चाहना अनुरूप, आदि । खाद्य सुरक्षाको परिभाषामा समावेश शब्दहरू प्रष्ट पार्नका लागि थप उदाहरण पनि दिने ।

सहभागीहरूले खाद्य सुरक्षाको बहुआयामिक परिप्रेक्ष बुझ्न यसबारे थप छलफल र व्याख्याको महत्वपूर्ण स्थान छ । खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तथा प्रतिकार्य योजना निर्माणमा बहुक्षेत्रीय संलग्नताको आवश्यकताबारे यो छलफलले थप प्रष्टता र आवश्यकताबारे ध्यानाकर्षण गर्न थप बल प्रदान गर्दछ ।

# विषयवस्तु ३ः खाद्य सुरक्षाको गम्भीरता र सामयिक पक्षहरू

## चरणहरू

१. खाद्य असुरक्षाको स्वभाव दुई प्रकारका (अस्थायी र स्थायी) हुन्छन् जसलाई खाद्य सुरक्षाका सामयिक आयाम भनिन्छ भनेर सहभागीहरूलाई भन्ने ।
२. **<u>स्लाइड नं. २ः ८, ९</u>** प्रस्तुत गरी खाद्य असुरक्षाको सामयिक आयाम र प्रकृतिबारे प्रस्ट पार्ने ।
३. त्यसैगरी खाद्य असुरक्षाको अवधिलाई मात्र ध्यान दिएर पुग्दैन भन्ने कुरा बताउने । त्यसको गम्भीरतालाई पनि ध्यान दिनुपर्ने हुन्छ । गम्भीरतालाई दर्शाउन विभिन्न चरणमा विभाजन गरी त्यसको मापन गरिन्छ सोबारे आगामी छलफलमा प्रष्ट गरिने कुरा बताउने ।

## *विषयवस्तु ४ः नेपालको खाद्य असुरक्षाको स्थिति*

### चरणहरू

१. सहभागीहरूलाई हाम्रो देशको खाद्य सुरक्षाको स्थिति कस्तो छ भनी प्रश्न गर्ने ।
२. सहभागीका विचारहरू न्युजप्रिन्टमा टिपोट गर्ने ।
३. नेपालको खाद्य असुरक्षाको अवस्थाबारे जानकारी दिने केहि तथ्यहरू छन् सो प्रस्तुत गर्न लागेको भन्दै **स्लाइड नं. २ः १०, ११** प्रस्तुत गरी नेपालको खाद्य असुरक्षाको स्थितिबारे छलफल चलाउने ।
४. नेपालको खाद्य सुरक्षाको तुलनामा आफ्नो जिल्लाको स्थिति तुलना गर्न लगाउने । जिल्लाको स्थिति त्यस्तो हुनुको कारण सोध्ने र खाद्य सुरक्षा वा असुरक्षाका कारणहरूबारे संक्षिप्त छलफल गर्ने ।

## *विषयवस्तु ५ः राष्ट्रिय पहलः नेपाल सरकारको खाद्य सुरक्षा बारे नीति तथा कार्यक्रम*

### चरणहरू

१. सहभागीहरूलाई नेपाल सरकारको नीति र योजनामा खाद्य सुरक्षासँग सम्बन्धित व्यवस्थाबारे जानकारी भए बताउन लगाउने ।
२. प्रतिक्रियाहरू न्युजप्रिन्टमा टिपोट गर्ने ।
३. यदि सहभागीहरू नीति र योजनामा खाद्य सुरक्षाको विषयवस्तु समावेश भएको बारेमा जानकारी भए, त्यसको बारेमा छोटकरीमा व्याख्या गर्न प्रोत्साहन गर्ने ।
४. यदि सहभागीहरूसँग जानकारी छैन भने नेपाल सरकारको राष्ट्रिय योजना तथा नीतिहरू **स्लाइड नं २ः १२, १३ र १४** प्रस्तुत गर्ने ।
५. योजनामा समावेश गरिएका महत्वपूर्ण नीति बारे छोटकरीमा व्याख्या गरी छलफल गर्ने ।

## *विषयवस्तु ६ः नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली*

### चरणहरू

१. सहभागीहरूलाई उनीहरूको जिल्लामा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीले कहिले देखि खाद्य सुरक्षाको अनुगमन गर्न थाल्यो भनेर सोध्ने । त्यस पछि **स्लाइड २ः १६,१७** प्रस्तुत गरेर नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली परिभाषा, विकास र विस्तारका प्रमुख चरणहरू बताउने ।
२. NeKSAP का प्रमुख क्रियाकलापहरूबारे संक्षिप्तमा जानकारी दिन **स्लाइड २ः १८**, प्रस्तुत गरी वर्णन गर्ने ।
३. NeKSAP को प्रमुख क्रियाकलाप खाद्य सुरक्षा चरण बर्गीकरणबारे संक्षिप्तमा जानकारी दिने **स्लाइड २ः १९, २० र २१** प्रस्तुत गरी प्रष्ट पार्ने ।
४. त्यसैगरी खाद्य सुरक्षा अनुगमनमा खाद्य सुरक्षाको गम्भीरतालाई प्रस्तुत गर्ने पाँच चरण र अनुगमनमा प्रयोग हुने १७ वटा सूचकबारे **स्लाइड २ः २२,२३,२४** प्रस्तुत गरेर विवेचना गर्ने ।
**५. स्लाइड २ः २५** प्रस्तुत गरेर NeKSAP बाट प्रकाशित हुने प्रमुख सञ्चार सामाग्रीबारे छोटो विवेचना गरी प्रष्ट पार्ने ।
६. सहभागीहरूलाई जिल्लामा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको संस्थागत संरचना कस्तो छ भनेर सोध्ने ।

७. क्षेत्रीय र राष्ट्रिय स्तरमा त्यसको संरचना कस्तो छ भनेर सोध्ने ।
८. **स्लाइड २: २६** प्रस्तुत गर्ने र प्रमुख संरचनागत व्यवस्था र सूचना प्रवाहबारे वर्णन गर्ने ।

# सारांश र मूल्याङ्कन

सहभागीहरूलाई हामीले खाद्य सुरक्षाको परिभाषा, आयाम र नेपालमा खाद्य सुरक्षाको स्थितिका साथै खाद्य सुरक्षा अनुगमनको सन्दर्भमा सञ्चालित कार्यहरू बारेमा अति महत्वपूर्ण छलफल भएको जानकारी दिने । सहभागीलाई खाद्य सुरक्षाको परिभाषा, चार आयाम, खाद्य (अ)सुरक्षाका पाँच चरण तथा सूचकहरू बारेमा सोध्ने, उत्तरहरूबारे विवेचना गर्ने । सत्रसँग सम्बन्धित सहभागीका केहि प्रश्नहरू भए सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

*हाते पत्रः २.१*

## *NeKSAP खाद्य सुरक्षा चरणहरूको विवरण*

| चरण | चरणहरू | अवस्थाको विवरण |
|---|---|---|
| १ | **न्यूनतम खाद्य असुरक्षित** | जीविकोपार्जनका पद्धतिहरू (उपायहरू) परिवर्तन नगरिकन घरधुरीहरूले खाद्य र गैर खाद्य आवश्यकताहरू पुरा गरिरहेको (धानि रहेको) अवस्था हो । यी घरधुरीहरू आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्यमान खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द्व वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरू झेल्न सक्ने अवस्थामा हुन्छन् । |
| २ | **मध्यमस्तरीय खाद्य असुरक्षित (अभावको अवस्था)** | घरधुरीहरूले परम्परागत निर्वाह पद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्ने अवस्थामा हुन्छन, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने यी घरधुरीहरूले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पद्धतिहरू नअपनाइ उक्त आवश्यकता पूरा गर्न सक्दैनन् । |
| ३ | **उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था)** | घरधुरीहरूमा साविकको तीव्र कुपोषण वा सो भन्दा माथिल्लो स्तरको कुपोषण निम्त्याउने खाद्य उपभोग अभावको अवस्था हुन्छ; जीविकोपार्जनका साधनहरू द्रुततर गतिमा रित्याएर (बेचबिखन गरेर) मात्र न्यूनत्तम् खाद्य आवश्यकता परिपूर्ति गर्ने अवस्था हुन्छ जसले गर्दा घरधुरीहरूलाई झनै बढी खाद्य उपभोग अभाव तर्फ धकेल्दै लैजान सक्ने हुन्छ । |
| ४ | **गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था)** | घरधुरीहरूले जीविकोपार्जनका साधनहरू नगुमाइकन खाद्य तथा गैर खाद्य आवश्यकताहरू परिपूर्ति गर्न नसक्ने अवस्था हो । यस अवस्थाले अति उच्च स्तरको शीघ्र (तीव्र) कुपोषणलाई प्रेरित गर्दछ जसले उच्च रूग्णता र मृत्युदर बढाउनुका साथै औसत आयु घटाउँदछ । यस अवस्थामा द्वन्दका कारण उच्च स्तरको हिंसा र हिंडडुलमा प्रतिबन्दको सम्भावना हुन्छ । तत्काल कार्यक्रम वा सहयोगको आवश्यकता रहेको अवस्था हो । |
| ५ | **मानवीय आपतकालीन (अनिकाल वा भोकमरीको अवस्था)** | सो क्षेत्रका प्राय सम्पूर्ण घरधुरीहरूमा खाद्य र अन्य आधारभूत आवश्यकताहरूको चरम अभावको अवस्था हुन्छ । जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरूको परिपूर्ति नहुने गरी क्षति भएको र मानव जीवनको क्षति प्रष्ट देखिन्छ । सम्पूर्ण घरधुरीहरू खाद्य र अन्य आधारभूत आवश्यकताहरूको तीव्र अभावको चुनौतीमा हुन्छन्- खतरा, प्रकोप, माहामारी फैलिएको वा पूर्वाधारहरूको विनास र सेवाहरू अवरूद्ध भएको अवस्था । तत्काल मानवीय सहयोगको आवश्यकता रहेको अवस्था हो । |

# NeKSAP खाद्य सुरक्षा चरण वर्गीकरण सन्दर्भ तालिका

| सन्दर्भ सूचकहरू | | चरण १<br>न्यूनतम खाद्य असुरक्षित | चरण २<br>मध्यमस्तरीय खाद्य असुरक्षित (वा अभावको अवस्था) | चरण ३<br>उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था) | चरण ४<br>गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था) | चरण ५<br>मानवीय आपतकालीन अवस्था/भोकमरी (अनिकाल वा भोकमरीको अवस्था) |
|---|---|---|---|---|---|---|
| प्रभाव परिणाम सूचक (प्रत्यक्ष मापनबाट प्राप्त अथवा कारक सूचकहरूमा आधारित निष्कर्ष) | **खाद्य उपभोग (खाद्य तथा आहारमा विविधता, खाद्य समूह)** | सो क्षेत्रका ८०% भन्दा बढी घरधुरीहरू आधारभूत खाद्य आवश्यकता परिपूर्ति गर्न सक्षम । | सो क्षेत्रका ६०-८०% घरधुरीहरू आधारभूत खाद्य आवश्यकता परिपूर्ति गर्न सक्षम । | सो क्षेत्रका ४०-६०% घरधुरीहरू आधारभूत खाद्य आवश्यकता परिपूर्ति गर्न सक्षम । | सो क्षेत्रका २०-४०% घरधुरीहरू आधारभूत खाद्य आवश्यकता परिपूर्ति गर्न सक्षम । | सो क्षेत्रका २०% भन्दा कम घरधुरीहरू आधारभूत खाद्य आवश्यकता परिपूर्ति गर्न सक्षम; तीव्र खाद्य तथा पोषण असुरक्षाको अवस्था-तत्काल मानवीय सहयोगको आवश्यकता । |
| | **जीविकोपार्जनमा परिवर्तन (निर्वाह पद्धति समेत)** | दिगो/परम्परागत जीविकोपार्जनका पद्धतिहरू र साधनहरू जस्तै बसाइसराई, ज्यालादारी काम, गैह्र काष्ठ वन पैदावार र स्थानीय उत्पादनको बेचबिखन र जङ्गली कन्दमूलको उपभोग । | जीविकोपार्जनः पद्धति र साधनहरूको अभावको अवस्था; जीविकोपार्जनको क्षमतामा ह्रास आएको/नियमित खानपिनमा परिवर्तन<br><br>निर्वाहः "निश्चित वा बीमापद्धति" जस्तैः खानाको परिमाण घटाउने, कम रूचीकर खाना खाने, खाद्यान्न/ पैसा ऐँचोपैँचो गर्ने र अनुत्पादनशील साधनहरूको बेचबिखन गर्ने । | जीविकोपार्जनः पद्धति र साधनहरू द्रूत गतिमा सकिंदै गएको जसले उच्चतम खाद्य उपभोगको अभावको अवस्था तर्फ लैजाने ।<br><br>निर्वाहः "अभावको पद्धति" जस्तैः उत्पादनशील साधनहरू- पशुहरू, जग्गा जमीन, बीउ-बिजन आदि बेचबिखन गर्ने र छाक बिराउने । | जीविकोपार्जनः पद्धति र साधनहरू अति द्रूत गतिमा सकिंदै गएको अवस्था जसले अति उच्च खाद्य उपभोग अभाव तर्फ लैजाने ।<br>निर्वाहः "कठिन तथा कष्टकर पद्धति" जस्तैः उत्पादनशील साधनहरूको बेचबिखनमा बृद्धि, लुटपाट र जंगली कन्दमूलमा उच्च निर्भरता । | जीविकोपार्जनः पद्धति र साधनहरू पूर्ण रूपमा ह्रास हुन लागेको ।<br><br>निर्वाहः निर्वाहका लागि कुनै पनि प्रभावकारी पद्धति नभएको । उच्च संख्यामा भोकमरी, मृत्यु, लुटपाट र हिंसाका घटनाहरू । |
| | **शीघ्र (तीव्र) बाल कुपोषण ६-५९ महिनाका बाल बच्चामा) (wasting)** | ५% भन्दा कम | ५-१०% | १०-१५% | १५-३०% | ३०% भन्दा बढि र निम्नलिखित कुनै एक गम्भीर कारक सहित, जस्तैः सामान्य खाद्य रासन औसत आवश्यक शक्ति भन्दा कम भएको; उच्च मात्रामा झाडापखालाको संक्रमण; HIV/AIDS को माहामारी; मानव वा खाद्य वा पशुहरूको क्षति हुने खालका प्राकृतिक प्रकोपहरू; सशस्त्र द्वन्द्व, घरधुरीको खाद्य असुरक्षा, उच्च मृत्युदर जस्ता जटिल मानवीय अवस्था । |

| सन्दर्भ सूचकहरू | | चरण १<br>न्यूनतम खाद्य असुरक्षित | चरण २<br>मध्यमस्तरीय खाद्य असुरक्षित (वा अभावको अवस्था) | चरण ३<br>उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था) | चरण ४<br>गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था) | चरण ५<br>मानवीय आपतकालीन अवस्था/भोकमरी (अनिकाल वा भोकमरीको अवस्था) |
|---|---|---|---|---|---|---|
| कारक सूचकहरू उपलब्धता, पहुँच, उपयोगिता र स्थिरता | **बाली उत्पादन अवस्था** | तः आधारवर्षको भन्दा १०-२०% कम;<br>हि + पः आधारवर्षको भन्दा १०% सम्म कम; | तः आधारवर्षको भन्दा २०-४०% कम;<br>हि + पः आधारवर्षको भन्दा १०-३०% कम; | तः आधारवर्षको भन्दा ४०-६०% कम;<br>हि + पः आधारवर्षको भन्दा ३०-५०% कम; | तः आधारवर्षको भन्दा ६०-८०% कम;<br>हि + पः आधार वर्षको भन्दा ५०-७०% कम; | तः आधारवर्षको भन्दा ८०% भन्दा बढि कम;<br>हि + पः आधारवर्षको भन्दा ७०% भन्दा बढि कम; |
| | **घरधुरीमा खाद्यवस्तुको संचिति** | ५०% भन्दा बढि घरधुरीहरूसँग ४ महिना भन्दा बढीका लागि खाद्य संचिति; | तः ५०% भन्दा बढि घरधुरीहरूसँग २-४ महिनाका लागि खाद्य संचिति;<br>हि + पः ५०% भन्दा बढि घरधुरीहरूसँग ३-४ महिनाका लागि खाद्य संचिति; | तः ३०-५०% घरधुरीहरूसँग १-२ महिनाका लागि खाद्य संचिति;<br>हि + पः ३०-५०% घरधुरीहरू सँग २-३ महिनाका लागि खाद्य संचिति; | तः ३०-५०% घरधुरीहरूसँग १ महिना भन्दा कमका लागि खाद्य संचिति;<br>हि + पः ३०-५०% घरधुरीहरूसँग १-२ महिनाका लागि खाद्य संचिति; | ५०% भन्दा बढि घरधुरीहरूमा खाद्य संचिति रित्तिएको अवस्था; |
| | **प्रमुख बजारहरूमा मुख्य खाद्य वस्तुको संचिति (बजारमा खाद्य वस्तुहरूको उपलब्धता)** | संचिति सामान्य स्तरमा रहेको (भण्डारण स्तर राम्रो रहेको र माग पुरा गर्नका लागि पर्याप्त आपूर्ति भएको); | संचिति घटेको तर अझै पनि माग पुरा गर्नका लागि पर्याप्त रहेको; | संचिति स्तर धेरै कम, माग पुरा गर्न आंशिक रूपमा मात्र पर्याप्त; | संचिति रित्तिएको; | संचिति रित्तिएको/बजार सञ्चालनमा नरहेको; |
| | **जिल्ला भित्र र छिमेकी जिल्लाहरूमा रोजगारीका अवसरहरू** | रोजगारीको स्तर सामान्य (आधाररेखा स्तरमा) वा १०% सम्म कमी आएको; | आधाररेखाको तुलनामा रोजगारीका अवसरहरूमा १०-३०% ले कमी आएको; | आधाररेखाको तुलनामा रोजगारीका अवसरहरूमा ३०-५०% ले कमी आएको | आधाररेखाको तुलनामा रोजगारीका अवसरहरूमा ५०% भन्दा बढीका दरले कमी आएको; | रोजगारीका अवसरहरू उपलब्ध नभएको; |
| | **आम्दानीः गैह्र काष्ठ वन पैदावार, नगदे/उच्च मूल्य बाली र साना व्यवसायहरूबाट** | आम्दानीको स्तर सामान्य स्तरमा वा आधाररेखामा रहेको; | आधाररेखाको तुलनामा आम्दानीमा ३०% सम्म कमी आएको; | आधाररेखाको तुलनामा आम्दानीमा ३०-६०% कमी आएको | आधाररेखाको तुलनामा आम्दानीमा ६०% भन्दा बढीका दरले कमी आएको; | बेचबिखन नभएको/आम्दानी नभएको; |
| | **पशुजन्य उत्पादनबाट आम्दानीः मासु, दुध, अण्डा, माछा** | आम्दानीको स्तर सामान्य स्तरमा वा आधाररेखामा रहेको; | आधाररेखाको तुलनामा आम्दानीमा ३०% सम्म कमी आएको; | आधाररेखाको तुलनामा आम्दानीमा ३०-६०% कमी आएको | आधाररेखाको तुलनामा आम्दानीमा ६०% भन्दा बढीका दरले कमी आएको; | बेचबिखन नभएको/आम्दानी नभएको; |

| सन्दर्भ सूचकहरू | | चरण १<br>न्यूनतम खाद्य असुरक्षित | चरण २<br>मध्यमस्तरीय खाद्य असुरक्षित (वा अभावको अवस्था) | चरण ३<br>उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था) | चरण ४<br>गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था) | चरण ५<br>मानवीय आपतकालीन अवस्था/भोकमरी (अनिकाल वा भोकमरीको अवस्था) |
|---|---|---|---|---|---|---|
| कारक सूचकहरू उपलब्धता, पहुँच, उपयोगिता र स्थिरता | **चामल, गहुँको पिठो र अन्य मुख्य खाद्य बस्तुहरूको बजार मूल्य** | सामान्य अवस्थामा वा आधाररेखा को तुलनामा मूल्यमा सरदर १०% उतार चढाव; | आधाररेखाको तुलनामा मूल्यमा १०-२०% बृद्धि | आधाररेखाको तुलनामा मूल्यमा २०-४०% बृद्धि; | आधाररेखाको तुलनामा मूल्यमा ४०-८०% बृद्धि; | आधाररेखाको तुलनामा मूल्यमा ८०% भन्दा बढिले बृद्धि; |
| | **विप्रेषण** | सामान्य अवस्थामा वा आधाररेखाको तुलनामा विप्रेषण प्रवाहमा सरदर १०% उतारचढाव; | आधाररेखाको तुलनामा विप्रेषण प्रवाहमा ३०% ले कमी; | आधाररेखाको तुलनामा विप्रेषण प्रवाहमा ३०-६०% ले कमी; | आधाररेखाको तुलनामा विप्रेषण प्रवाहमा ६०% भन्दा बढिले कमी; | विप्रेषण प्रवाहमा उल्लेख्य कमी वा विप्रेषण प्रवाह नभएको |
| | **रोगव्याधि र महामारीका घटनाहरू** | रोगव्याधिका घटनाहरू उल्लेख्य संख्यामा देखा नपरेको | रोगव्याधिका केही घटनाहरू देखा परेको तर स्थानीय स्तरमा नियन्त्रण गर्न सकिने अवस्था; | केही रोगव्याधिहरू महामारीका रूपमा फैलिएका,जसको निदानका लागि विशेष स्वास्थ्य सेवा/वाह्य सहयोगको आवश्यकता; | केही आम रोगव्याधिहरूले सर्वव्यापी महामारीको रूप लिएको, जसको निदानका लागि विशेष स्वास्थ्य सेवा/वाह्य सहयोगको आवश्यकता; | रूग्णता वा मृत्युदर वृहत संख्यामा देखा परेको, विशेषज्ञहरूको टोली संलग्न विशेष स्वास्थ्य सेवाको आवश्यकता; |
| | **खानेपानीको आपूर्ति र सरसफाई (खुला दिसा मुक्त)** | पानीको आपूर्ति र सरसफाई प्रणाली सुचारू रहेको वा चरम जलवायु उत्पन्न प्रकोपबाट प्रभावित नभएको;<br>१५ लिटर भन्दा बढि पानी/ व्यक्ति/दिन उपलब्ध भएको; | पानीको आपूर्ति र सरसफाई प्रणालीमा अवरोध रहेको यद्यपि स्थानीय स्तरमा मर्मत गर्न सकिने;<br>न्यूनरूपमा १५ लिटर वा सो भन्दा बढि पानी/व्यक्ति/दिन उपलब्ध भएको; | पानीको आपूर्ति र सरसफाई प्रणालीमा अवरोध र मर्मतका लागि थप सहयोग वा अतिरिक्त उपायको आवश्यकता भएको;<br>७.५-१५ लिटर पानी/व्यक्ति/दिन उपलब्ध भएको; | पानीको आपूर्ति र सरसफाईको प्रणालीमा बारम्बार अवरोध र विशेष आर्थिक र प्राविधिक सहयोगका साथै आकस्मिक योजना वा उपायहरूको आवश्यकता भएको;<br>४-७.५ लिटर पानी/व्यक्ति/ दिन उपलब्ध भएको; | पानीको आपूर्ति र सरसफाईको प्रणाली लगभग क्षतिग्रस्त भएको र पूनर्स्थापना वा पूनर्निर्माणका लागि बाह्य सहयोगको आवश्यकता भएको;<br>४ लिटर भन्दा कम पानी / व्यक्ति/दिन उपलब्ध भएको; |
| | **बाह्य बसाइसराई (अभावबाट प्रेरित)** | मौसमी बसाइसराईमा सरदर १०% भिन्नता; | मौसमी बसाइसराईमा १०-२०% बृद्धि; | मौसमी बसाइसराईमा २०-४०% बृद्धि; | मौसमी बसाइसराईमा ४०% भन्दा बढिले बृद्धि; | ठूलो संख्यामा बाह्य बसाइ सराई भएको; |
| | **नागरिक सुरक्षा (सामाजिक हिंसा र बन्द/अवरोध)** | सामान्यतया शान्तिपूर्ण अवस्था । खाद्य सुरक्षाका आवश्यकताहरू परिपूर्तिका लागि बजार र सेवाहरू स्थिर अवस्थामा रहेको; | सुरक्षा अवस्था बिग्रिएको । बजार र सेवाहरू प्रभावित भएका; ४ महिना भित्र १०-२० दिन बन्द र सडक अवरूद्ध भएको; | हिंड्डुलमा रोक । ४ महिना भित्र २०-४० दिन बन्द र सडक अवरूद्ध भएको; | हिंड्डुलमा रोक । ४ महिना भित्र ४० दिन भन्दा बढि बन्द र सडक अवरूद्ध भएको; | चरम द्वन्द्वको स्थिति, मानव विस्थापनको अवस्था; |

| सन्दर्भ सूचकहरू | | चरण १<br>न्यूनतम खाद्य असुरक्षित | चरण २<br>मध्यमस्तरीय खाद्य असुरक्षित (वा अभावको अवस्था) | चरण ३<br>उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था) | चरण ४<br>गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था) | चरण ५<br>मानवीय आपतकालीन अवस्था/भोकमरी (अनिकाल वा भोकमरीको अवस्था) |
|---|---|---|---|---|---|---|
| खतराजन्य अवस्था तथा जोखिमता | **जलवायुजन्य जोखिमका घटनाहरू: बाढी, पहिरो, सुख्खा, हिमपात, असिनापात र हुरीबतास** | जलवायुको जोखिमका घटनाहरू नभएका वा सो घटनाबाट २०% भन्दा कम खाद्य संचिति र सम्पत्ति नोक्सानी; | जलवायुको जोखिमका घटनाहरू भएका र सो घटनाबाट २०-३०% खाद्य संचिति र सम्पत्ति नोक्सानी; | जलवायुको जोखिमका घटनाहरूबाट ३०-५०% खाद्य संचिति/सम्पत्ति नोक्सानी हुनाका साथै मानव हताहतका घटनाहरू भएको; | जलवायुको जोखिमका घटनाहरूबाट ५०% भन्दा बढि खाद्य संचिति/सम्पत्ति नोक्सानी हुनाका साथै मानवीय हताहती भएको; | जलवायुको जोखिमका घटनाहरूबाट सम्पत्तिहरू पूर्ण रूपमा नोक्सानी भएको, मानवीय हताहती र उल्लेख्य रूपमा विस्थापित भएको; |
| | **बिपदजन्य घटनाहरू भूकम्प, आगजनी** | भूकम्प वा आगजनी जस्ता बिपदहरू नभएका वा सो बिपदबाट १०% भन्दा कम घरधुरीहरू प्रभावित; | बिपदबाट १०-२०% घरधुरीहरू प्रभावित;<br>(१०% भन्दा कम घरधुरीहरूले पूर्ण रूपमा खाद्य संचिति र सम्पत्ति गुमाएको); | बिपदबाट २०-४०% घरधुरीहरू प्रभावित;<br>(१०-२०% घरधुरीहरूले पूर्ण रूपमा खाद्य संचिति र सम्पत्ति गुमाएको); | बिपदबाट ४०-६०% घरधुरीहरू प्रभावित;<br>(२०-४०% घरधुरीहरूले पूर्णरूपमा खाद्य संचिति र सम्पत्ति गुमाएको); | बिपदबाट ६०% भन्दा बढि घरधुरीहरू प्रभावित;<br>(४०% भन्दा बढि घरधुरीहरूले पूर्ण रूपमा खाद्य संचिति र सम्पत्ति गुमाएको); |

**हि-हिमाल; प-पहाड; त-तराई**

# सत्र २ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

नेपालमा खाद्य सुरक्षा तथा अनुगमन प्रणाली

२

## सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरू:

- खाद्य सुरक्षाको परिभाषा बताउन गर्न सक्नेछन् ।
- खाद्य सुरक्षाका चार आयामहरूबारे व्याख्या गर्न सक्नेछन् ।
- नेपालको खाद्य सुरक्षाको अवस्थाबारे विवेचना गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरूबारे व्याख्या गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा अनुगमनका प्रक्रियाबारे बताउन सक्नेछन् ।
- नेपालमा खाद्य सुरक्षा अनुगमनको लागि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीका (NeKSAP) को संरचनागत व्यवस्थाबारे बताउन सक्नेछन् ।

३

## खाद्य सुरक्षा

४

## केहि समय अघिसम्म, नेपालमा

**खाद्य सुरक्षा भनेको:**

- आफ्नो उत्पादनले खाद्य उपलब्धता हुने अर्थात खान पुग्ने भन्ने बुझिन्थ्यो ।

तसर्थ कृषि विकास मन्त्रालयले खाद्य वासलात (Food Balance Sheet) निकाल्न शुरूवात गऱ्यो ।

**जसले केवल खाद्य उपलब्धता नाप्छ न कि समग्र खाद्य सुरक्षा ।**
हाल खाद्य वासलातमा मुख्यतया प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, कोदो, जौ र फापरको उत्पादनलाई मात्र हिसाव गरिन्छ ।

५

## खाद्य सुरक्षा

'प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहना अनुरूपको खाना माथि भौतिक र आर्थिक पहुँच भएमा मात्र खाद्य सुरक्षा भएको मान्न सकिन्छ ।'

विश्व खाद्य शिखर सम्मेलन, अक्टोवर १९९६

६

## खाद्य सुरक्षाका चार आयाम

- खाद्यको भौतिक **उपलब्धता**
- खाद्यमा भौतिक र आर्थिक **पहुँच**
- पर्याप्त खाद्यको **उपयोग**
- माथिका तीन आयामहरूमा **स्थिरता**

७

## खाद्य सुरक्षाका आयामहरू




८

## खाद्य सुरक्षाको गम्भीरता र सामयिक आयाम ...

- **अस्थायी खाद्य असुरक्षा** भन्नाले छोटो अवधिसम्ममात्र वा अस्थायी रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो ।
- **दीर्घकालीन खाद्य असुरक्षा** भन्नाले लामो अवधिसम्म निरन्तर रूपमा न्यूनतम खाद्य उपभोगको आवश्यकतालाई पूरा गर्न असक्षम हुनु हो ।

९

## खाद्य सुरक्षाको गम्भीरता र सामयिक आयाम

- खाद्य असुरक्षाको विश्लेषण गर्दा **अवधि** मात्र जान्नु पर्याप्त हुँदैन तर समग्र खाद्य र पोषणको स्थितिमा पहिचान गरिएको समस्याको प्रभाव कत्तिको **तीव्र** वा **गम्भीर** छ भन्ने कुरा पनि जान्नु आवश्यक छ ।
- दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा समाधानका **उपायहरू छुट्टाछुट्टै** खालको हुने हुनाले दीर्घकालीन र अस्थायी खाद्य असुरक्षा बिच भिन्नता छुट्याउन महत्वपूर्ण छ ।

१०

## नेपालमा खाद्य सुरक्षाको स्थिति

- नेपाल संसारका (Global Index 2014) ७६ राष्ट्रहरू मध्ये विश्वव्यापी भोकमरी सूचकाङ्कमा ४४औं "गम्भीर" स्थानमा पर्दछ ।
- नेपालको मध्य तथा सुदूर पश्चिमी हिमाली क्षेत्र सबैभन्दा तल्लो स्तरमा पर्दछन् ।
- खाद्य तथा पोषण असुरक्षामा चारै आयामको चुनौती छन् ।
- नेपालमा खाद्यान्न उत्पादन (२०७१/७२) मा ७५ जिल्ला मध्ये ३२ जिल्लाहरू खाद्यान्न अभावको मारमा परेका छन् ।
- गरिबी ४० प्रतिशत (२०५२/५३) बाट २३.८ प्रतिशतमा झरेको छ । (तेह्रौं योजना २०७१)
- यो उपलब्धिको वाबजूद, धेरै दुर्गम जिल्लाहरूमा (हिमाली क्षेत्र) गरिबी ४२ प्रतिशत सम्म रहेको छ ।
- ४१ प्रतिशत बालबालिकाहरू दीर्घ कुपोषणबाट पिडित छन् (DHS, २०११) ।

११

## खाद्य वासलातको अवस्था (२०७१/७२)

| क्षेत्र | आफ्नै उत्पादनले नपुग्ने जिल्लाहरू | आफ्नै उत्पादनले पुग्ने जिल्लाहरू | जम्मा जिल्लाहरू |
|---|---|---|---|
| **हिमाल** | १४ | ४ | १८ |
| **पहाड** | ११ | २६ | ३७ |
| **तराई** | ७ | १३ | २० |
| **जम्मा** | **३२** | **४३** | **७५** |

१२

## नेपालको संविधान २०७२

**भाग ३ धारा ३६. खाद्य सम्बन्धी हक :**

- प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ ।
- प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।
- प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

१३

## राष्ट्रिय कार्यक्रम र नीतिहरू

- नेपालको संविधान २०७२ ले खाद्य सम्प्रभुतालाई मान्यता दिएको छ ।
- विद्यमान तीन वर्षे योजना; कृषि विकास रणनीति जस्ता महत्वपूर्ण योजना तथा नीतिमा खाद्य सुरक्षा प्राथमिकतामा छ ।
- NAFSP, MSNP, FNSPA, KISAN, SUAHHARA , Golden 1000 Days, NeKSAP जस्ता कार्यक्रमहरू खाद्य सुरक्षामा केन्द्रित छन् ।
- उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा समन्वय समिति जस्ता संस्थागत व्यवस्थाबाट अन्तर मन्त्रालय समन्वय तथा सहकार्य भई रहेको छ ।

१४

## संस्थागत संरचना

- उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा समन्वय समिति जस्ता संस्थागत व्यवस्थाबाट अन्तर मन्त्रालय समन्वय तथा सहकार्य ।
- खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा, कृषि विकास मन्त्रालय ।
- नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) – जिल्लादेखि केन्द्रसम्म संरचनागत व्यवस्था छ ।
- राष्ट्रिय पोषण कार्यक्रम - DFTQC, MoAD
- पोषण शाखा - Child Health Division, DoHS, MoH
- विकास साझेदारहरू संलग्न खाद्य सुरक्षा तथा पोषण समन्वय समिति ।
- जिल्ला, गाविस, नपा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति तथा जिल्ला खाद्य सुरक्षा सञ्जाल ।
- जिल्ला खाद्य व्यवस्थापन समिति आदि ।

१५

## खाद्य सुरक्षा अनुगमन

१६

## नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली** (NeKSAP) : यो खाद्य सुरक्षाको स्थितिको अवस्थावारे जानकारी प्रदान गर्ने एकमात्र बृहत अनुगमन प्रणाली हो । यो प्रणाली कृषि विकास मन्त्रालय, विश्व खाद्य कार्यक्रम र राष्ट्रिय योजना आयोगको सहकार्य र खाद्य सुरक्षा र पोषणका क्षेत्रमा कार्यरत सरोकारवालाहरूको समन्वयमा सञ्चालित छ ।

१७

## NeKSAP को विकासक्रम




१८

## NeKSAP का मुख्य क्रियाकलापहरू

- जिल्ला खाद्य सुरक्षा सञ्जाल (७५ मध्ये ७४ जिल्लाहरू)
- घरधुरी तथ्याङ्क सङ्कलन (हरेक वर्ष २,८८० भन्दा बढी)
- बजार मूल्य सङ्कलन (देशभर ३८ भन्दा बढि बजारहरू)
- बालीको अवस्था अनुगमन (बर्षमा २ पटक )





१९

## खाद्य सुरक्षा चरण वर्गिकरण




२०




२१

दैलेख जिल्लाको खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा (April – June 2013)



२२

## खाद्य सुरक्षाका चरणहरू

| चरण | चरणहरू |
|---|---|
| १ | न्यूनतम खाद्य असुरक्षित |
| २ | मध्यमस्तरीय खाद्य असुरक्षित (अभावको अवस्था) |
| ३ | उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था) |
| ४ | गम्भीर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था) |
| ५ | मानवीय आपतकालीन (अनिकाल वा भोकमरीको अवस्था) |

२३

## सूचकहरू

**प्रभाव परिणाम** (Area Outcomes)

१. खाद्य उपभोग (खाद्य तथा आहारमा विविधता, खाद्य समूह)

२. जीविकोपार्जनमा परिवर्तन (निर्वाह पद्धति समेत)

३. शीघ्र (तीव्र) बाल कुपोषण (६-५९ महिना) (wasting)

**कारक सूचकहरू** (Contributing Factors)

**उपलब्धता**

४. बाली उत्पादन अवस्था

५. घरधुरीहरूमा खाद्यवस्तुको सञ्चिति

६. प्रमुख बजारमा मुख्य खाद्यवस्तुको सञ्चिति (बजारमा खाद्यवस्तुहरूको उपलब्धता)

२४

## सूचकहरू

**पहुँच**

७. जिल्ला भित्र र छिमेकी जिल्लाहरूमा रोजगारीका अवसरहरू

८. आम्दानी: गैह्र काष्ठ वन पैदावार, नगदे, उच्च मूल्य बाली र साना व्यवसायहरूबाट

९. पशुजन्य उत्पादाबाट आम्दानी: मासु, दुध, अन्डा, माछा

१०.चामल, गहुँको पिठो र अन्य मुख्य खाद्य बस्तुहरूको बजार मूल्य

११. विप्रेषण

**उपयोग**

१२. रोगव्याधि र माहामारीका घटनाहरू

१३. खानेपानीको आपूर्ति र सरसफाई (खुला दिसा मुक्त)

**स्थिरता**

१४. बाह्य बसाई सराई (अभावबाट प्रेरित)

१५. नागरिक सुरक्षा (सामाजिक हिंसा र बन्द/अवरोध)

१६. जलवायुजन्य जोखिमका घटनाहरू: बाढी, पहिरो, सुख्खा, हिमपात, असिनापात र हुरीबतास

१७. बिपदजन्य घटनाहरू: भूकम्प, आगजनी

२५

## NeKSAP सूचना सामाग्री



२६

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) को संस्थागत व्यवस्था तथा सूचना प्रवाह




२७

## धन्यवाद !

# खाद्य सुरक्षा प्रतिकार्यको विश्लेषण

## उद्देश्यहरूः

यस सत्रको अन्त्यमा सहभागीहरूले:

१. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको परिभाषा बताउन सक्नेछन् ।
२. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको उद्देश्य बताउन सक्नेछन् ।
३. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण पाँच चरणबारे व्याख्या गर्न सक्नेछन् ।
४. प्रतिकार्य विश्लेषणको प्रकार बताउन सक्नेछन् ।
५. जिल्लाको वार्षिक योजना तर्जुमा प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गर्ने प्रक्रिया बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ६० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर | • न्युजप्रिन्ट र मार्कर<br>• मेटा कार्ड<br>• स्लाइडहरू<br>◆ प्रतिकार्य विश्लेषणको परिभाषा<br>◆ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखा<br>◆ योजना तर्जुमा प्रक्रिया<br>◆ जिल्ला विकास योजनामा संयोजन प्रक्रिया |

## विषयवस्तु १ः खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

### चरणहरू

१. सहभागीहरूलाई प्रतिकार्य विश्लेषण भन्नाले के बुझ्नु हुन्छ भनेर सोध्ने ।
२. सहभागीहरूको विचारहरू टिपोट गर्ने ।
३. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको व्यवहारिक **परिभाषा <u>स्लाइड ३:४</u>** प्रस्तुत गर्ने ।
४. प्रतिकार्य विश्लेषण हामीले किन गरिरहेका छौं भनेर छलफल गराउने । जिल्लास्तरमा गरिएका विभिन्न **पहलहरू <u>स्लाइड ३:५</u>** प्रस्तुत गर्ने ।
५. खाद्य सुरक्षाको अवस्था विश्लेषण पछि प्राप्त जानकारी /तथ्यहरू योजना तर्जुमामा प्रयोग हुनु पर्ने तर व्यवहारिक रूपमा अवस्था विश्लेषण र योजना तर्जुमामा अन्तराल (Gap) छ । त्यस अन्तराललाई परिपूर्ति गर्न खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रिया शुरू गरिएको भन्दै **<u>स्लाइड ३:६</u>** प्रस्तुत गर्ने ।

६. प्रतिकार्य विश्लेषणको महत्वमा थप विचारहरू पाउनको लागि मस्तिष्क मंथन गराउने ।
७. सबै विचारहरू आएपछि त्यसलाई समेटदै परिभाषा प्रस्ट पार्ने ।

## विषयवस्तु २: खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रुपरेखा

### चरणहरू

१. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको **रूपरेखा स्लाइड ३:७** प्रस्तुत गर्ने र छोटो विवेचना गर्ने ।
२. प्रत्येक **चरण** पूरा गर्न गरिने **प्रमुख प्रक्रियाहरू स्लाइड ३: ८,९,१०,११,१२,१३** र सम्बन्धित कार्यहरूबारे संक्षिप्तमा छलफल गर्ने ।

## विषयवस्तु ३: खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको प्रकार

### चरणहरू

१. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको **दुई प्रकार**का भएको जानकारी दिने ।
२. पहिलो, जीवन र जीविकोपार्जनको सुरक्षाको लागि तत्काल अवलम्बन गर्नुपर्ने आपातकालिन खालका सम्बोधनका पक्षहरूलाई विचार गरी तयार गरिने तत्काल प्रतिकार्य विश्लेषण र दोश्रो दीर्घकालिन खाद्य असुरक्षा जस्तै अपर्याप्त संरचना, बेरोजगारी, कम उत्पादन, लगातार खडेरी, चर्को बजार मूल्य जस्ता खाद्य सुरक्षाका अन्तरनिहित कारण र पक्षलाई सम्बोधन गर्न निर्माण गरिने वार्षिक र आवधिक प्रतिकार्य विश्लेषण तथा प्रतिकार्य योजना । **स्लाइड ३: १४** प्रस्तुत गर्ने र तत्काल र वार्षिक खाद्य सुरक्षा प्रतिकार्यको विश्लेषण र योजना निर्माणका बारेमा प्रष्ट पार्ने ।
३. तत्काल र वार्षिक/आवधिक प्रतिकार्य योजनाको मध्ये तत्काल प्रतिकार्य विश्लेषण तथा योजना निर्माणका लागि जिल्ला प्रशासन कार्यालय अन्तरगत रहेको जिल्ला दैवी प्रकोप उद्धार समितिको नेतृत्वमा विपद्बाट प्रभावित समुदायका लागि प्रतिकार्य प्रणाली विद्यमान भएको हुनाले यो प्रतिकार्य विश्लेषण प्रक्रियामा तत्काल प्रतिकार्य विश्लेषण समावेश गरिएको छैन । यद्यपि यो विधिद्वारा तत्काल प्रतिकार्य विश्लेषण तथा योजना निर्माण गर्न सकिन्छ । यस तालिममा वार्षिक खाद्य सुरक्षा प्रतिकार्यको विश्लेषण र योजना निर्माणमा केन्द्रित गरिने बारेमा प्रष्ट पार्ने ।
४. प्रतिकार्यका यी दुइ प्रकारहरूको बारेमा संक्षेपमा छलफल गर्ने र यदि कुनै प्रश्न वा जिज्ञासा भएमा त्यसलाई सम्बोधन गर्ने ।

## विषय ४: नेपाल सरकारको वार्षिक योजना निर्माण प्रक्रिया र खाद्य सुरक्षा प्रतिकार्य योजनाको संयोजन

### चरणहरू

१. जिल्लाको वार्षिक योजना निर्माण प्रक्रियाका बारेमा सहभागीहरूलाई छोटकरीमा बताउन भन्ने ।
२. १४ चरणको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका बारेमा सहभागीहरूलाई थाहा भए नभएको सोध्ने ।
३. **स्लाइड ३: १६** द्वारा १४ **चरणको** योजना तर्जुमा प्रक्रिया प्रस्तुत गर्ने ।

४. १४ चरणको योजना तर्जुमा प्रक्रियाबारे विस्तृत छलफल गर्नु यस तालिमको उद्देश्य नभई खाद्य सुरक्षा प्रतिकार्य योजनाको संयोजनका लागि पृष्ठभूमी तयार पार्नु हो भन्ने कुरा स्पष्ट पार्ने ।
५. १४ चरण योजना प्रक्रियामा जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा निर्माण भएको खाद्य सुरक्षा प्रतिकार्य योजना संयोजन गर्ने विषयमा योजना तर्जुमाका कुन कुन चरणमा संयोजन गर्न सकिन्छ होला भनी छलफल गर्ने ।
६. **स्लाइड ३ः १७, १८** मार्फत जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा तयार खाद्य सुरक्षा प्रतिकार्य योजना १४ चरणको योजना तर्जुमा प्रक्रियामा क्रमशः **चरण ३, ९ र १०** संयोजनको प्रक्रियाबारे पहल गर्न सकिनेबारे प्रस्तुत गर्ने ।
७. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम पश्चात् योजना संयोजन सम्म गरिने विभिन्न प्रक्रियाबारे **स्लाइडः १९, २०** प्रस्तुत गरी प्रष्ट पार्ने ।

## सारांश र मुल्याङ्कन

सहभागीहरूलाई हामीले खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखा, प्रतिकार्य विश्लेषणका प्रकारहरू र जिल्लाको वार्षिक जिल्ला विकास योजना निर्माण प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजनाको संयोजनका चरणबारे छलफल गरेको कुरा बताउने । सहभागीहरूलाई खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको परिभाषा, महत्व र प्रतिकार्य योजना संयोजनको चरणको बारेमा मुख्य बुँदाहरू भन्न लगाउने । यदि कुनै जिज्ञासा भए सम्बोधन गर्दै सत्रको अन्त गर्ने ।

# सत्र ३ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण**

**खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखा (Food Security Response Analysis Framework)**

२

**सत्रको उद्देश्य**

यस सत्रको अन्तमा सहभागीहरू:

- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको परिभाषा बताउन सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको उद्देश्य बताउन सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण पाँच चरणबारे व्याख्या गर्न सक्नेछन् ।
- प्रतिकार्य विश्लेषणको प्रकार बताउन सक्नेछन् ।
- जिल्लाको वार्षिक योजना तर्जुमा प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गर्ने प्रक्रिया बताउन सक्नेछन् ।

३

**NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण**

४

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको (Response Analysis) परिभाषा

"जिल्ला खाद्य सुरक्षा सञ्जालले खाद्य सुरक्षा स्थितिको विश्लेषणबाट प्राप्त जानकारी तथा तथ्यहरूलाई आधार मानी जिल्लामा खाद्य सुरक्षाका योजना निर्माण गर्न सहयोग पुऱ्याउने एक विधि वा प्रक्रिया हो ।"

५

## खाद्य सुरक्षा योजनाबारे सञ्जालका केही पहलकदमी

- मुगु- जिल्ला खाद्य सुरक्षा सञ्जालको **कार्यान्वयन निर्देशिका** मस्यौदा तयारी ।
- कालीकोट, र डोटी- जिल्लास्तरीय **खाद्य सुरक्षा रणनीति** निर्माणमा पहलकदमी ।
- रूकुम, र बाजुरा- **खाद्य सुरक्षाका सूचनाहरू संचार** माध्यम मार्फत प्रसार ।
- मुगु, तनहुँ, ओलखढुङ्गा, खोटाङ- **कार्यक्रमहरूका लागि स्रोत निर्धारण**मा प्रयोग ।
- सुर्खेत र दैलेख- भिन्न निकायहरू स्थापना गर्न'को सट्टा NeKSAP **जिल्ला खाद्य सुरक्षा सञ्जालमा आवद्ध** हुनका लागि सहजीकरण ।
- जुम्ला र बर्दिया- आफ्ना **कर्मचारीहरूलाई खाद्य सुरक्षा अनुगमनमा अभिमुखिकरण गर्न** योजना बनाएको ।
- नुवाकोट- कार्यक्रम क्रियाकलापहरू योजना गर्नका लागि **कार्यक्रम प्राथमिकीकरण तर्क** (IP setting) को प्रयोग ।

६



७

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रूपरेखा




८

## १. अवस्था विश्लेषण *(Situation Analysis)*

- NeKSAP खाद्य सुरक्षा चरण वर्गिकरण (IPC)
- समस्या विश्लेषण (Problem tree)
- स्रोत र अवसरहरूको विश्लेषण (SWOT)
- सरोकारवालाको नक्साङ्कन (Stakeholder Mapping)

९

## २. प्रतिकार्य विकल्पहरूको पहिचान *(Response Options Identification)*

- प्रतिकार्यका उद्देश्यहरू निर्माण (Objective tree analysis)
- हरेक उद्देश्य अन्तर्गत प्रतिकार्यका विकल्पहरूको पहिचान

१०

## ३. प्रतिकार्यको योजना (Response Planning)

- संभाव्यताको आधारमा प्रतिकार्यको प्राथमिकिकरण,
- खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण,
- प्रतिकार्य योजना स्वीकृति (जिल्ला खाद्य सुरक्षा सञ्जाल, जिविस, जिल्ला परिषद)

११

## ४. कार्यान्वयन

- स्वीकृत योजनाको कार्यान्वयन ।
  - सहकार्य तथा साझेदारी,
  - कार्यक्रम सञ्चालन कार्य-योजना निर्माण,
  - कार्यक्रम कार्यान्वयन ।

१२

## ५. अनुगमन र मुल्याङ्कन

- कार्यान्वयन गरिएका प्रतिकार्यको अनुगमन र प्रतिवेदन
  - कार्यान्वयन गरिएका कार्यक्रमहरूको अनुगमन तथा रिपोर्टिङ्ग ।
  - वार्षिक समिक्षा र पृष्ठपोषण: सिकिएका पाठको संयोजन ।
  - आउँदो योजना तर्जुमा प्रक्रियामा अनुभवहरूलाई समावेश ।

१३

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रुपरेखा




१४

## NeKSAP चरण वर्गीकरणको आधारमा प्रतिकार्यका प्रकारहरु




१५

## वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन

१६




१७




१८

## योजना तर्जुमा प्रक्रियामा संयोजन

जिल्ला

खा.सु.सञ्जालको बैठक
- खाद्य सुरक्षा प्रतिकार्य योजना अनुमोदन ।
- योजना तर्जुमा प्रक्रियामा सन्दर्भ तथा संयोजनका लागि जिविसमा प्रस्तुत ।

जिविसको बैठक
- खाद्य सुरक्षा प्रतिकार्य योजनाको समीक्षा तथा अनुमोदन ।
- सरोकारवालाको योजनामा प्रश्तावित खाद्य सुरक्षा प्रतिकार्य योजनाको संयोजन ।

१९

## वार्षिक जिल्ला विकास योजना तथा गाउँ विकास योजना प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण



२०

## खाद्य सुरक्षा प्रतिकार्य योजना अनुमोदन तथा संयोजनका चरणहरू

- तालिमको अवधिमा खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका तयार ।
- तालिमको क्रममा गठित खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण कार्यदल (Task Force) का सदस्यले योजनाको खाका तालिमको अन्तिम दिन सञ्जालका सदस्य बिच सुझावका प्रस्तुति ।
- कार्यदल (Task Force) का सदस्यले योजनाको खाकामा थप काम गरी विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा निर्माण ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य-सचिव तथा कार्यदल (Task Force) का संयोजकद्वारा मस्यौदा जिविसमा सुझाव तथा अनुमोदनका लागि पेश गरी अनुमोदित खाद्य सुरक्षा प्रतिकार्य योजनाका कार्यक्रमहरू आगामी वार्षिक कार्यक्रममा संयोजनका लागि जिविस मार्फत सहजीकरण ।

२१

## धन्यवाद !

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले:

१. साङ्ग्रीला जिल्लाको मामिला अध्ययन गरी योजना तर्जुमा तथा कार्यान्वयनमा देखिएका कमजोरी पक्षहरूको सूची तयार गर्न सक्नेछन् ।

२. मामिला अध्ययन बाट आएका निष्कर्ष आफ्नो जिल्लाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियासँग तुलना गर्न सक्नेछन् ।

३. जिल्लाको योजना तर्जुमा प्रक्रियामा सुधार गर्नु पर्ने पक्षहरूबारे बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ७५ मिनेट | • प्रस्तुति<br>• व्यक्तिगत अभ्यास | • न्यूज प्रिन्ट<br>• हाते पत्र:<br>◆ ४:१ अध्ययनका लागि घटना - "साङ्ग्रीला" |

## विषय १: घटना अध्ययन

### चरणहरू

१. हामीहरू अब खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमको प्राविधिक पक्षमा जाँदैछौं तर सो भन्दा अगाडि योजना तर्जुमा प्रक्रियाका बारेमा छोटो छलफल गर्नेछौं भन्ने जानकारी दिने ।

२. "साङ्ग्रीला" मामिला वितरण गर्ने ।
मामिला अध्ययन गर्न लगाउने र सोको लागि **स्लाइड ४:३** प्रस्तुत गर्दै निम्न कुराहरूमा विशेष ध्यान दिई अध्ययन गर्न लगाउने:

- यस "साङ्ग्रीला" जिल्लाका प्रमुख **समस्या** के हुन ?
- उपर्युक्त समस्या समाधानका लागि प्रर्याप्त स्रोतको लगानी हुँदा हुँदै पनि अपेक्षित उपलब्धि हुन नसक्नुका **कारण/मुद्दाहरू** (Issues) के के हुन ?

५. उपर्युक्त प्रश्नहरूको सन्दर्भमा आफ्ना प्रतिक्रियाहरू कापीमा टिप्न लगाउनु होस् । सूची तयार भईसकेपछि सहभागीहरूलाई पालै पालो प्रस्तुत गर्न लगाउने र सहयोगीले न्युजप्रिन्टमा टिप्ने ।

६. पहिलो चरणमा एउटा न्युजप्रिन्टमा "साङ्ग्रीला" जिल्लाका प्रमुख समस्याहरू टिप्ने र त्यसपछि न्युजप्रिन्टमा समस्या समाधानका लागि स्रोतको लगानी हुँदा हुँदै पनि अपेक्षित उपलब्धि हुन नसक्नुका कारणहरू/मुद्दाहरू (Issues) टिप्ने ।

७. टिपोट भै सके पछि घटना अध्ययनमा जस्तै आफ्नो जिल्लामा पनि त्यस्तो खाद्य सुरक्षाको समस्या छ ? छैन र "साङ्ग्रीला" जिल्लामा जस्तै कार्यक्रम सञ्चालनको प्रभावकारीताको सन्दर्भमा पनि त्यस्तो अवस्था विद्यमान छ वा छैन ? भनी छलफल गर्ने ।

८. कार्यक्रममा दोहोरोपनाको समस्या, समन्वयको कमी, तथ्यमा आधारित योजना निर्माण र सञ्चालनमा कमी र त्यस्तै कार्य प्रभावकारीता कम गर्ने अन्य धेरै विषयहरूलाई न्युनीकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तथा योजना निर्माणको पहल गरिएको हो भन्ने कुरा स्पष्ट पार्ने ।

### *प्रशिक्षकको लागि जानकारी : कोष्ठक ४.१*

यो सत्रको उद्देश्य खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका लागि पृष्ठभूमि/सन्दर्भ तयार पार्नु हो । तालिमको मुख्य विषयमा जानु भन्दा पहिले, तालिम को सान्दर्भिकता र महत्वबारे सहभागी विच प्रष्ट पार्नु महत्वपूर्ण हुन्छ । सोको लागि यो मामिला अध्ययन गराइएको छ । यस सन्दर्भमा, घटना अध्ययन खाद्य सुरक्षाको सन्दर्भमा सहभागीहरूको जिल्लाको समस्या बुझ्न र किन सरोकारवालाहरूको प्रयासहरूको बावजूद यी समस्याहरू निरन्तर रूपमा विद्यमान छन् भन्ने कुरा जान्न सहयोग पुग्छ । ति समस्या समाधान गर्न तथ्यमा आधारित योजना निर्माण गर्न सके सहज हुने र यो तालिम त्यसतर्फ लक्षित भएको बताउने ।

## *सारांश र मुल्याङ्कन*

सहभागीहरूलाई सत्रको अन्तमा आइपुगेको कुरा बताउने; यस सत्रमा के के विषयमा छलफल गरियो त्यसमा पूनर्विचार गर्न लगाउने । सहभागीहरूलाई खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणबाट हुने मुख्य फाइदाहरू सोध्ने । कुनै जिज्ञासा भएमा सम्बोधन गर्दै सत्रको अन्त गर्ने ।

# साङ्ग्रीला जिल्ला

साङग्रीला जिल्ला सेकुरष्तिान देशमा पर्दछ । यो जिल्ला भौगोलिक अवस्था, वातावरण एवं उत्पादकत्व विविधताको हिसावले विभिन्न क्षेत्रहरूमा बिभाजन गरिएको छ । उत्तरी क्षेत्रको पहाडी भेगका **सिउँडबारी, चण्डिदेवी, हिउँखानी, बाघमारे, भेडाबारी, यती** गाविसहरूमा कृषियोग्य जमिन तथा उत्पादन समग्रमा न्यून छ ।

**बाघमारे, सिउँडबारी** गाविसहरूमा केहि संख्यामा सीमान्तकृत समुदायहरूको बस्ती पनि छ । यो क्षेत्रको मुख्य बाली मकै हो । **नर्थीकिस्तान**सँगको हस्तकला सामग्रीहरूको ब्यापार र मध्य भेगका गाबिसहरूसँगको गैरकाष्ठ बन पैदावारको एक आपसमा साटासाटको ब्यापार प्रचलनमा छ । यी उत्तरी क्षेत्रका गाबिसहरूको मुख्य जीविकोपार्जनका माध्यम हुन् ।

**सिउँडबारी, बाघमारे** गाविसहरूको मुख्य आम्दानीको स्रोत गैरकाष्ठ बनपैदावारको बिक्री हो । यी उत्तरी भेगका गाविसहरूमा खेतीयोग्य जमीन न्युन छ । **भेडाबारी र यती** गाविसका मानिसहरू कम्तीमा ४ महिना कामको खोजीमा छिमेकी राष्ट्र **नर्थोकिस्थान** जाने गर्दछन र यहि कमाईबाट त्यहाँका मानिसहरूको बार्षिक घर खर्च चल्नमा प्रमुख रूपमा सहयोग पुग्दछ । यहाँको मुख्य खाना मकै हो । यो क्षेत्रका केहि गाविसहरूको अन्तरसिमाना ब्यापार छ त्यसैगरी यस क्षेत्रको पशुजन्य उत्पादन को राम्रो संभावना छ । यहाँका प्रमुख समस्यामा बिकासका पुर्वाधारहरूको कमी र सरसफाईको कमी आदि रहेका छन् । यहाँका बालबालिकाहरूको कुपोषणको स्थिति तिव्ररूपमा बढि देखिन्छ ।

**सुन्तले, चौरीखर्क, स्याउबारी, महाराजगञ्ज, विराटचोक, हरियागाउँ, आहाले** गाविसहरू मध्य पहाडी क्षेत्रमा पर्दछन । यहाँको कृषि योग्य जमिन र उत्पादकत्व मध्यमस्तरीय छ । यस क्षेत्रको मुख्य बालीहरू मकै र कोदो हो । यहाँका समुदायका मुख्य जीविकोपार्जनको स्रोत कृषि भएता पनि धेरै परिवारहरू ज्याला मजदुरीको लागि दक्षिणी भेगका गाविसहरूमा जाने गर्दछन । केहि घरपरिवारहरू साना पसलहरू चलाएर पनि जीविकोपार्जन चलाई रहेका छन । ज्याला, मजदुरी यस क्षेत्रको अर्को मुख्य आम्दानीको स्रोत भएता पनि यसबाट पर्याप्त रूपमा खाद्य किनेर खान नपुगेको अवस्था छ । यस क्षेत्रमा बनजङ्गल फडानी एवं भू-क्षय ब्याप्त छ । सडकहरू र अन्य निर्माण कार्य जथाभावि रूपमा गरिएकाले भू-क्षयको अवस्थामा तिव्रता छ । त्यसैगरि सिँचाई परियोजनाहरू अव्यवस्थित हुनाका साथै सुचारू रूपमा प्रयोगमा आएका छैनन् ।

**पार्वतीपुर, रामजानकी, कृष्णपुर, सीतापुर, हरीपुर, विष्णुटार र सिमलचौर** गाविसहरू दक्षिणी भेगमा अवस्थित छन । यो क्षेत्र समान्यतया समतल हुनाका साथै कृषि योग्य जमिन छ । धान र केहि नगदे बालीहरूको खेती हुन्छ । नदी किनाराका केहि गाविसहरूमा कमैयाहरूले तरकारी खेती गर्दछन । मुक्तकमैयाहरूको एक मात्र जीविकोपार्जनको आधार नै तरकारी बिक्रीबाट हुने आम्दानी हो । **कृष्णपुर** गाबिसको काउले भन्ने गाउँमा राम्रो बजार छ । जसका कारण छिमेकी गाविसहरू **महाराजगञ्ज, विराटचोक, कृष्णपुर, हरीपुर**का मानिसहरूले आफ्नो उत्पादन **विष्णुटार** बिक्री गर्न अवसर पाएका छन् र यी गाविसहरूका धेरै जसो घरधुरीहरू ब्यापारमा संलग्न छन् । **सिमलचौर, रामजानकी र पार्वतीपुर** सिमानामा एउटा नदी बग्दछ जसबाट यी गाविसहरूमा कृषि योग्य जमिनमा सिँचाई गर्न र माछा मार्ने अवसर मिलेको छ । यी

गाविसहरूको परिवारले माछा बिक्रीबाट पनि राम्रो आम्दानी गरेको देखिन्छ । बर्षा ऋतुमा आउने बाढीले सडक बन्द हुने, तरकारी बालीमा बढि बिषादिको प्रयोग हुनु, अब्यव्यस्थित पुर्वाधार एवं भवनहरूको निर्माण कार्य र अव्यबस्थित झुपड बस्ती र त्यहाँका बालबालिकाहरूको चर्को कुपोषण यस क्षेत्रका प्रमुख समस्याहरू हुन ।

**सिउँडबारी र बाघमारे** गाविसहरूमा सिँचाईका लागि पर्याप्त स्रोतहरू छन । तर ती उत्तरी भेगको गाविसहरूको मानिसहरूको जिल्लातहमा योजना निर्माणमा पहुँच र सहभागिता नभएकोले सिंचाईका स्रोतहरूलाई प्रयोगमा ल्याउन सकिरहेका छैनन् । दक्षिणी भेगका सिमलचौर, **रामजानकी र पार्वतीपुर** गाविसहरूमा जिल्ला तहमा पहुँच भएका ब्यक्तिहरूको बाहुल्यता छ जसका कारण ६ वटा सिचाई परियोजनाहरू जथाभावी रूपमा निर्माण गरिएका छन् । **सहयोगी र स्मारक** भन्ने संस्थाहरूले पनि आफ्ना सबै कार्यहरू यिनै गाविसहरूमा लक्षित गरी संचालन गरेका छन । **हरिपुर** गाविसमा निर्माणाधिन पुलको ठेकेदार निर्माण कार्य छाडेर फरार भएको कारणले पुलको निमार्ण कार्य ठप्प छ । समुदायलाई निमार्णकार्यको योजना, बजेट तथा कार्यान्वियनबारे केहि जानकारी छैन । जिल्लाको आवधिक योजनाले **यती** गाबिसमा उत्पादनमुलक कार्यक्रमहरू गरेर ५ बर्षमा खाद्यान्नमा आत्मनिर्भर गराउने भन्ने उल्लेख भए पनि ३ बर्ष बित्तिसक्दा पनि गाविसको स्वलगानी तथा कुनै सरकारी एवं गैर सरकारी संघ संस्थाहरूबाट सहकार्यका लागि पहलकदमी भएको देखिंदैन । **विराटचोक** गाविसमा ६ महिना अगाडि सडक तथा खानेपानी निर्माण कार्य सम्पन्न भएको जानकारी आएको थियो । तर यथार्थमा **विराटचोक**का जनताहरू वास्तविकता के हो बताउन सक्दैनन् ।

केहि दुर्गम गाविसहरूमा सीमान्तकृत समुदायहरू र विपन्न घरधुरीहरू बर्षैभरीको आफ्नो उत्पादनले ६ महिना भन्दा बढि खान पुग्दैन, खाद्य असुरक्षाको चरम जोखिममा गुज्रिइरहेका भएता पनि समग्रमा **साङ्ग्रीला** जिल्ला मध्यम स्तरीय खाद्य असुरक्षित अवस्थामा छ । गैरकाष्ठ बनपैदावारको प्रशोधन एवं बिक्री बढ्दो, कृषिजन्य एवं नगदे बालीको खेतीबाट आयआर्जनका अवसरहरूलाई यस जिल्लाका मुख्य सम्भाब्यताका रूपमा लिन सकिन्छ ।

**साङ्ग्रीला जिल्लाको वस्तुस्थितिबारेको उपर्यूक्त जानकारीको आधारमा यस जिल्लाका प्रमुख समस्या के हुन । उपर्यूक्त समस्या समाधानका लागि प्रयाप्त स्रोतको लगानी हुंदा हुँदै पनि अपेक्षित उपलब्धि हुन नसक्नुका कारण के के हुन ? तपाईहरूको अनुभवमा यहाँ उल्लेखित अवस्थामा अपेक्षित उपलब्धि हुन नसक्नुका कारण के हुन सक्लान् सो समेत टिपोट गर्नुहोला ।**

# सत्र ४ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

### खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण – पृष्ठभूमि

२

## यस सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीरूले

- साङ्ग्रीला जिल्लाको मामिला अध्ययन गरी योजना तर्जुमा तथा कार्यान्वयनमा देखिएका कमजोरी पक्षहरूको विश्लेषण गरी सूची तयार गर्न सक्नेछन् ।
- मामिला अध्ययनबाट आएका निष्कर्ष आफ्नो जिल्लाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियासँग तुलना गर्न सक्नेछन् ।
- जिल्लाको योजना तर्जुमा प्रक्रियामा सुधार गर्नु पर्ने पक्षहरूबारे बताउन सक्नेछन् ।

३

## मामिला अध्ययनः साङ्ग्रीला जिल्ला

उपलब्ध मामिला (Case) स्वअध्ययन गर्नुहोस् ।

- दिईएको मामिलालाई अध्ययन गरी सोधिएका निम्न प्रश्नहरू बारेका जानकारीहरूको टिपोट गर्नुहोस् ।
  - साङ्ग्रीला जिल्लाका प्रमुख समस्या के हुन ?
  - उपर्यूक्त समस्या समाधानका लागि प्रर्याप्त स्रोतको लगानी हुँदा हुँदै पनि अपेक्षित उपलब्धि हुन नसक्नुका कारण / मुद्दाहरू (Issues) के के हुन ?
  - तपाईको अनुभवमा यसरी प्रर्याप्त स्रोतको लगानी हुँदा हुँदै पनि अपेक्षित उपलब्धी हुन नसक्नुका कारण मुद्दाहरू (Issues) के के हुन सक्छन्?
- टिपोट गरिएका जानकारी ठूलो समूहमा प्रस्तुत गर्नुहोस् ।

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (जीविकोपार्जन क्षेत्र निर्धारण)

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. जीविकोपार्जनको परिभाषा बताउन सक्नेछन् ।
२. जीविकोपार्जन क्षेत्र निर्धारणको लागि तिन आधारहरूबारे बताउन सक्नेछन् ।
३. प्रस्तुत मस्यौदा जीविकोपार्जन क्षेत्र निर्धारित नक्सामा उपर छलफल गरी जिल्लाको जीविकोपार्जन क्षेत्र नक्सालाई अन्तिम रूप दिन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ९० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर | • जिल्लाको जीविकोपार्जन क्षेत्र निर्धारित मस्यौदा नक्सा<br>• जिल्लाको मुख्य जीविकोपार्जन, बजारहरू र अन्य पूर्वाधारहरूको अवस्थाबारे सूची<br>• स्लाइडहरू<br>  ◆ जीविकोपार्जनको परिभाषा<br>  ◆ जीविकोपार्जन क्षेत्र निर्धारणका आधार |

## *विषय १ः जीविकोपार्जन क्षेत्र निर्धारण*

### चरणहरूः

१. सहभागीहरूलाई जिल्लाको जीविकोपार्जन क्षेत्रहरू निर्धारण गर्दैछौं भन्ने जानकारी दिने ।
२. यसका लागि "**जीविकोपार्जन**" को परिभाषा सम्बन्धी मस्तिष्क मंथनको छोटो अभ्यास गर्ने । सहभागीहरूलाई जीविकोपार्जनलाई कसरी परिभाषित गर्नुहुन्छ भनेर सोध्ने, प्रतिक्रियाहरू टिप्ने र **स्लाइड ५ः ३** प्रस्तुत गरी **परिभाषा** स्पष्ट पार्ने ।
३. परिभाषाको आधारमा जिल्लाको जीविकोपार्जनको नक्सा कसरी तयार पार्न सकिन्छ भनेर सहभागीहरूलाई सोध्ने । जिल्लाको जीविकोपार्जन क्षेत्र चित्रण गर्ने मुख्य आधारहरूका बारेमा मस्तिष्क मंथन गराउने ।
४. सहभागीहरूबाट विचारहरू प्राप्त गरे पछि जीविकोपार्जन क्षेत्र निर्धारणका लागि **आधार** देखाउनका लागि **स्लाइड ५ः४** प्रस्तुत गरी प्रष्ट पार्ने । हरेक आधारबारे छलफल गरी प्रष्ट पार्ने ।
५. **स्लाइड ५ः५** को उदाहरण प्रस्तुत गरी जीविकोपार्जन क्षेत्रबारे प्रष्ट पार्ने ।
६. जिल्लाको खाली नक्सा **स्लाइड ५ः६** प्रस्तुत गर्ने र हाम्रो जिल्लालाई कतिवटा जीविकोपार्जन क्षेत्रमा छुट्ट्याउन सकिन्छ होला भनेर सोध्ने ।

७. प्रतिक्रियाहरू टिप्ने र स्वयम्सेवक (सहभागीहरू माझ) क्षेत्र निर्धारण गर्न सहजीकरण गर्न आग्रह गर्ने ।
८. यो प्रक्रियालाई सजिलो र छरितो बनाउन पूर्व रूपमा तयार गरिएको जीविकोपार्जन क्षेत्र निधार्रण गरिएको मस्यौदा नक्सा **स्लाइड ५:७** छलफलका लागि प्रस्तुत गर्ने ।
९. मस्यौदा जीविकोपार्जन नक्सामा छलफल क्रममा प्राप्त सुझाव अनुसार नक्सामा परिवर्तन गर्ने र पूनरावलोकन गर्ने ।
१०. सुझावहरू संकलन गर्ने र समूहमा छलफल गरी जीविकोपार्जन नक्सालाई अन्तिम रूप दिने ।

## सारांश र मुल्याङ्कन

सहभागीहरूलाई यो जीविकोपार्जन क्षेत्र निर्धारण अभ्यासले कुन जीविकोपार्जन क्षेत्र बढी खाद्य असुरक्षित छ भन्ने पहिचान गर्न मद्दत गर्दछ र सम्भाव्य कार्यक्रमको लक्षित समुदायमा पुऱ्याउन सहयोग गर्दछ । सहभागीहरूलाई जीविकोपार्जनको परिभाषा, जीविकोपार्जन क्षेत्र निर्धारणका आधारहरू के हुन् भनी प्रश्न गर्ने । जीविकोपार्जन सम्बन्धी थप जिज्ञासा र प्रश्नहरू छ छैन सोध्ने, सहभागीहरू विच यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त्य गर्ने ।

# सत्र ९ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

### खाद्य सुरक्षाको अवस्था विश्लेषण– जीविकोपार्जन क्षेत्र निर्धारण

२

## यस सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले :

- जीविकोपार्जनको परिभाषा बताउन सक्नेछन् ।
- जीविकोपार्जन क्षेत्र निर्धारणको लागि तिन आधारहरूबारे बताउन सक्नेछन् ।
- प्रस्तुत मस्यौदा जीविकोपार्जन क्षेत्र निर्धारित नक्सा उपर छलफल गरी जिल्लाको जीविकोपार्जन क्षेत्र नक्सालाई अन्तिम रूप दिन सक्नेछन् ।

३

## जीविकोपार्जन

जीविकोपार्जन भनेको घरधुरीहरूले राम्रो वा नराम्रो दुवै समयमा जीवन निर्वाहका लागि आवश्यक साधनहरू जुटाउने माध्यमहरूको समग्र स्वरूप हो ।

साधारणतया यी आवश्यकताहरूमा खाद्य, पानी, आवास, लत्ता कपडा, स्वास्थ्य सेवा, शिक्षा समावेश गरिएको हुन्छ ।

४

## जीविकोपार्जन क्षेत्र निर्धारणका आधार

- भूगोल : भौगोलिक पक्षका दुई समूहहरू छन्: प्राकृतिक र मानव निर्मित,
- उत्पादन : उत्पादन प्रणाली धेरै किसिमका हुन्छन्: कृषिजन्य, पशुजन्य, विप्रेषण आदि,
- बजारहरू/व्यवसाय : बजारले प्रमुख उत्पादनहरूको बेचबिखन गर्ने, सामान तथा सेवाहरूको व्यवसाय र रोजगारीको उपलब्धताको अवस्था निर्धारण गर्दछ ।

५



६

## जिल्लामा कतिवटा जीविकोपार्जन क्षेत्र ?

***प्रशिक्षकको लागि जानकारी:*** *छलफलका लागि जिल्लाको खाली नक्सा राख्ने ।*

६

**मस्यौदा जीविकोपार्जन क्षेत्र – छलफलका लागि**

***प्रशिक्षकको लागि जानकारीः*** *छलफलका लागि तयार गरिएको जिल्लाको*

*मस्यौदा जीविकोपार्जन क्षेत्रको नक्सा राख्ने ।*

७

**धन्यवाद !**

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण (समस्या विश्लेषण)

## उद्देश्यहरू

यस सत्रको अन्तमा सहभागीहरूले:

१. जिल्लाको समग्र खाद्य सुरक्षाको अवस्था बताउन सक्नेछन् ।
२. समस्याको व्यवहारिक परिभाषा बताउन सक्नेछन ।
३. समस्या विश्लेषणका चरणहरू व्याख्या गर्न सक्नेछन् ।
४. समस्याको मूल कारणको विश्लेषण प्रक्रिया बताउन सक्नेछन् ।
५. समस्या विश्लेषण गरी समस्या वृक्ष तयार गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| २१० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर<br>• समूह कार्य | • मेटा कार्ड<br>• जिल्लाको सम्पादित खाद्य सुरक्षा चरण वर्गीकरण नक्सा<br>• सम्पादित खाद्य सुरक्षा प्रतिवेदन<br>• सम्पादित खाद्य असुरक्षा कारणहरू<br>• स्लाइडहरू<br>◆ समस्या विश्लेषणको परिभाषा<br>◆ जीविकोपार्जन मस्यौदा नक्सा<br>◆ समस्या वृक्षको नमूना<br>• हातेपत्र:<br>◆ ६.१ पार्श्व तालिका (Lateral Matrix) |

## विषय १: खाद्य सुरक्षा अवस्थाबारे विवेचना

### चरणहरूः

१. जिल्लाको सम्पादित खाद्य सुरक्षा अवस्थाको सूचना (कम्तिमा २ वर्षको अनुगमन अवधिको सम्पादित चरण वर्गीकरण प्रतिवेदन) प्रस्तुत गर्ने ।
२. यी सूचनाहरूले गा.वि.स./जिल्लाको समग्र खाद्य सुरक्षा अवस्थाको सामान्य चित्र प्रस्तुत गर्दछ भन्ने कुरा स्पष्ट पार्ने । **स्लाइड ६:३, ४**
३. सहभागीहरूलाई जिल्लाभरी सो अवस्था व्याप्त छ छैन भनी सोध्ने ।
४. सम्भाव्य उत्तरमा त्यो जिल्लाभरी एकैनासको अवस्था नभएको आउन सक्छ । विभिन्न क्षेत्र/गा.वि.स. र मानिसहरू विभिन्न स्तरको खाद्य असुरक्षा अवस्थामा रहेका हुन सक्दछन् ।

५. विभिन्न समुदाय खाद्य असुरक्षित हुनका कारणहरू के होलान भनी सोध्ने र सामान्यतया **स्लाइड ६:५** देखाई सन्दर्भकालागि यस्ता कारणहरू कुनै पनि समुदायलाई खाद्य असुरक्षा तिर धकेल्न सक्दछन् भनी प्रष्ट पार्ने ।

६. जिल्लामा खाद्य असुरक्षाको सन्दर्भमा थप विश्लेषण गर्न निम्न प्रश्नहरूले **स्लाइड ६:६** मद्दत गर्दछ भन्ने ।
   - को खाद्य असुरक्षित छन् ?
   - तिनीहरू कहाँ छन् ?
   - सबैभन्दा बढी को प्रभावित छन् ?
   - उनीहरू कुन जीविकोपार्जनको उपाय अपनाउँछन् ?
   - उनीहरू कहिले खाद्य असुरक्षित हुन्छन् ?
   - उनीहरू खाद्य असुरक्षाबाट किन प्रभावित छन् ?

७. जिल्लामा को, कहाँ, कुन जीविकोपार्जन समूह र खाद्य असुरक्षाका के कारणहरू हुन सो बारेका प्रतिक्रियाहरू लेख्ने र छलफललाई समेट्ने । सन्दर्भका लागि अघिल्लो सत्रमा तयार गरिएको जीविकोपार्जन क्षेत्रको नक्सा प्रस्तुत गर्ने **स्लाइड ६: ७** ।

८. माथिको बुँदा ६ मा पहिचान गरिएका खाद्य असुरक्षित मानिसहरू पत्ता लगाउन प्रयास गर्ने । यसले कुन जीविकोपार्जन समूह खाद्य असुरक्षित छ र कहाँ अवस्थित छ पहिचान गर्न मद्दत गर्दछ ।

९. यो छलफलको आधारमा विभिन्न जीविकोपार्जन क्षेत्रमा कुन समुदाय र क्षेत्र खाद्य असुरक्षित छ निश्चित गर्ने र उक्त जीविकोपार्जन क्षेत्रको समग्र खाद्य सुरक्षाको समस्या के हो पहिचान गर्न छलफल चलाउने ।

# विषय २: समस्या विश्लेषण

## चरणहरू:

१. सहभागीहरूलाई अब हामी किन कुनै समुदायको कुनै विशेष समूह खाद्य असुरक्षित किन हुन्छ भन्ने विषयमा विस्तृत छलफल गर्न गइरहेको कुरा जानकारी गराउने ।

२. यो सत्र समस्या विश्लेषणबारेको हो भन्ने । त्यसो भए समस्या भनेको के हो त? यसलाई व्यवहारिक रूपमा कसरी परिभाषित गर्न सकिन्छ होला भनी प्रश्न सोध्ने ।

३. विचारहरू टिपोट गर्ने । विचार उपर मन्थन गर्दै **स्लाइड ६:८** प्रस्तुत गरी **समस्याको व्यवहारिक परिभाषा** प्रष्ट पार्ने ।

४. समस्याको परिभाषा प्रष्ट गर्न सम्बन्धित उदाहरण प्रस्तुत गर्दै थप छलफल गर्ने ।

५. यसका साथै सहभागीहरूलाई **समस्या विश्लेषण** भनेको के हो भनेर सोध्ने ? **स्लाइड ६:९** हामी किन समस्याको विश्लेषण गर्न चाहन्छौं भनी थप प्रश्नहरू सोध्ने । प्रतिक्रियाहरूको आधारमा समस्या **विश्लेषणका चरणहरू** **स्लाइड ६:१०** प्रस्तुत गरी थप छलफल सहित प्रष्ट पार्ने ।

६. **स्लाइड ६:११** द्वारा **समस्या विश्लेषणमा ध्यान दिनु पर्ने** कुराहरू प्रस्तुत गरी स्पष्ट पार्ने ।

७. समस्याको सन्दर्भमा मननयोग्य एक भनाई रहेको छ भनी **स्लाइड ६:१२** प्रस्तुत गर्ने । समस्या समाधानका उपायमा छिटै पुग्नु भन्दा समस्याको बुझाईलाई गहिरो बनाउन थप समय र मेहनत लगानी गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्ने ।

८. समस्याको बुझाईलाई गहिरो बनाउन विभिन्न उपायहरू छन् ति मध्ये समस्या वृक्ष विश्लेषण (Problem Tree Analysis) विधि एक हो उक्त विधि प्रयोग गर्न गई रहेको कुरा बताउने । सहभागी मध्ये कसैले यो विधि विगतमा प्रयोग गर्नु भएको छ कि भनी सोध्ने । प्रयोग गरेको भए छोटो अनुभव भन्न लगाउने ।

९. **समस्या वृक्ष** प्रष्ट पार्नका लागि **स्लाइड ६:१३** प्रस्तुत गर्ने । मुख्य समस्यालाई काण्ड (Stem), असरहरूलाई हाँगा र मुख्य समस्याका कारणहरूलाई जराको रूपमा बुझिने कुरा बताउने ।

१०. समस्या वृक्षमा **माथिबाट तल कारणहरू** केलाउँदै जान सकिने र **तलबाट माथि असर**को शृङ्खला अध्ययन गर्न सकिने कुरा **समस्या वृक्ष**लाई सन्दर्भ बनाउँदै बताउने । कारण र असरको तार्किक सम्बन्ध हुने बारेमा थप छलफल गर्ने र प्रष्ट पार्ने ।

११. विभिन्न बेलाहरूमा समस्याको मूल कारणको समाधान भन्दा पनि समस्याका **लक्षणहरू निराकरण** तर्फ प्रयास⁄लक्षित भएको पाइन्छ । यस प्रकारका केही उदाहरणहरू छन कि भनी सोध्ने **(स्लाइड ६: १४)** नभए सहयोगीले नै उदाहरण दिई प्रष्ट पार्ने । सहभागीका विचार आएमा उनीहरूको भनाईलाई जिल्लाको सन्दर्भ लिई समस्याको लक्षणहरूलाई मात्र सम्बोधन गर्ने गरी सञ्चालन भएका विकास कार्यक्रमका थप केहि उदाहरणहरू छन् कि भनी सहभागीहरूलाई सोध्ने र छलफल गर्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक ६.१

समस्याको मूल कारण भन्दा लक्षणहरू निराकरणमा प्रयास केही उदाहरणः

- झाडा पखाला - पुनर्जलिय उपचारमा मात्र केन्द्रित हुने तर पानीको मुहान फोहोर, दूषित भएको र त्यसको सरसफाई, जनचेतनाबारे प्रयास नगर्ने । यस सन्दर्भका पुनर्जलिय उपचार भनेको समाधानका प्रयास लक्षणमा केन्द्रित छ भन्ने हो ।
- खोला किनारा कटान - बेंसीमा तार जाली र ढुङ्गा भर्ने काममा मात्र जोड, उपल्लो जलाधार संरक्षणमा प्रयास नगर्ने ।

यहाँनेर मननयोग्य कुरा के हो भने समस्याको दीगो समाधान गर्ने हो भने हाम्रा प्रयासहरू लक्षणमा मात्र नभई जड कारण (root cause) निवारण तर्फ पनि केन्द्रित हुनुपर्छ भन्ने हो ।

१२. सहभागीहरूलाई दिगो रूपमा समस्या समाधानका लागि समस्याको लक्षणहरूका साथै अन्तर्निहीत (जड) कारणहरूलाई नैं सम्बोधन गर्नु पर्दछ भन्ने कुरामा प्रष्ट पार्ने ।

१३. सहभागीहरूलाई समस्याको मूल (जड) कारण कसरी पत्ता लगाउनु हुन्छ भनेर सोध्ने ।

१४. समस्याको अन्तर्निहीत कारणहरू (जड वा मूल) पत्ता लगाउने विभिन्न विधि मध्ये **"तर किन"** **(सामान्यतया ५ वटा "किन" प्रश्नहरू)** पनि एक विधि हो भनी **स्लाइड ६: १५** प्रस्तुत गर्दै प्रष्ट पार्ने ।

१५. सहभागीहरूलाई खाद्य सुरक्षासँग सम्बन्धित समस्याहरू पहिचान गर्न लगाउने र अन्तर्निहीत कारणहरू पहिचानका लागि **"तर किन"** विधि प्रयोग गर्ने ।

१६. समूहमा जानु भन्दा पहिले समस्या वृक्ष निर्माणको प्रक्रिया प्रदर्शन गर्ने ।

## विषय ३: समस्या वृक्ष र कारक तत्वको हांगा (causal stream)

### चरणहरूः

१. माथिको अभ्यासको आधारमा सहभागीहरूलाई समस्याको कारण र असरको तार्किक संरचना विकास भए नभएको सुनिश्चित गर्न भन्ने ।

२. विश्लेषणमा मुख्य कारक तत्वको हांगा (causal stream) पहिचान गर्न लगाउने । **स्लाइड ६: १६** मा समस्या वृक्षको जराको एउटा शृङ्खलालाई उदाहरणको रूपमा लिई कारक तत्वको हांगा (causal stream) बारे प्रष्ट पार्ने । माथिबाट तलको सम्बन्ध कारणको रूपमा र तलबाट माथि असरको रूपमा सम्बन्ध देखिने कुरा पनि प्रष्ट पार्ने ।

### *प्रशिक्षकको लागि जानकारी : कोष्ठक ६.२*

समस्या वृक्ष निर्माण

- एउटा समस्या छनौट गर्ने (कुनै एउटा गा.वि.स. मा खाद्य असुरक्षा)- इन्डेक्स कार्डमा लेख्ने र न्यूज प्रिन्टको बिच भागमा टाँस्ने । यो समस्या वृक्षको मूल काण्ड (Stem) हो । (विषय १ को चरण ९ मा पहिचान गरिएको खाद्य सुरक्षाको समस्यालाई लिन सकिन्छ ।)
- त्यसपछि त्यो समस्या किन भयो ? भनी प्रश्न सोध्ने र आएका उत्तरहरू (कारणहरू) इन्डेक्स कार्डमा लेख्ने । उदाहरणका लागि वाजुराको कोल्टी गाविसको दलित समूहमा खाद्य असुरक्षा । यो समुदाय किन खाद्य असुरक्षित भयो भनी प्रश्न गर्दा उत्पादनमा ह्रास, न्युन क्रय शक्ति भन्ने कारण देखियो । अब क्रमैसँग उत्पादनमा किन ह्रास भयो भनी "किन" प्रश्न गर्ने यसरी तार्किक तथा अर्थपूर्ण उत्तर आएसम्म "किन" प्रश्न गर्दै जाने र हरेक समस्याको तल कारणहरू लेख्दै जाँदा समस्या वृक्षको जराहरू निर्माण हुन्छ ।
- त्यसैगरी समस्या वृक्षको समस्याका असरहरू सोध्ने - कार्डमा लेख्ने र समस्याको माथिल्लो भागमा राख्ने । यी वृक्षका हाँगाहरू हुन् । अर्थात यी समस्याका असरहरु हुन् ।
- यसरी समस्या वृक्षको तयार गर्ने ।

३. **स्लाइड ६:१७** प्रस्तुत गरी समस्या विश्लेषण बृहत वा ब्यापक बनाउनका लागि ध्यान दिनु पर्ने कुराहरू प्रस्तुत गरी स्पष्ट पार्ने । समस्या विश्लेषण नै खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तथा योजना निर्माणको प्रमुख आधार भएकाले यसलाई बृहत बनाउनु पर्ने कुरा यहाँनेर थप जोड दिने ।
४. यसरी कारण र असरको सम्बन्धको आधारमा सहभागीहरूलाई पूर्ण समस्या वृक्ष बनाउन लगाउने ।
५. तयार भएको समस्या वृक्ष पृष्ठपोषणका लागि समूहमा प्रस्तुत भएर छलफल, सुझाव पछि सहमतिमा आएपछि समस्या वृक्षलाई अन्तिम रूप दिइन्छ ।
६. तयार भएको समस्या वृक्ष **स्लाइड ६: १८** मा उल्लेख भए बमोजिम समस्या वृक्षको सार पार्श्व तालिकामा (Lateral Matrix) तयार गर्ने ।

### *प्रशिक्षकको लागि जानकारी : कोष्ठक ६.३*

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रियाको सबैभन्दा महत्वपूर्ण अंश समस्या वृक्ष विश्लेषण तथा निर्माण हो । तसर्थ सम्पूर्ण सहभागीहरूलाई समस्या वृक्षका बारेमा स्पष्ट पार्नका लागि पर्याप्त समय छुट्टयाउनु पर्दछ । समस्या वृक्षमा सबै खाद्य असुरक्षाका मुख्य पक्षहरू/आयामहरू समावेश गरिएको र व्यापक हुनुपर्दछ । यसका लागि सहभागीहरूलाई समस्या वृक्ष निर्माण प्रक्रिया बारेमा स्पष्ट पार्नुपर्दछ ।

# *विषय ४ः समस्या वृक्ष निर्माण*

१. समस्या वृक्ष विश्लेषणको प्रक्रियाबारे प्रष्ट भएको निश्चित गर्ने ।
२. समूहमा गई समस्या वृक्ष विश्लेषण कार्य गर्नका लागि **स्लाइड ६:१९** प्रस्तुत गरी विश्लेषण प्रक्रियाबारे थप स्पष्ट पार्ने ।
३. माथिको अभ्यासको आधारमा सहभागीहरूलाई समस्याको कारण र असर तार्किक शृङ्खला विकास भए नभएको सुनिश्चित गर्न भन्ने ।
४. विश्लेषणमा मुख्य कारक तत्वको हांगा (causal stream) पहिचान गर्न लगाउने ।
५. कारण र असरको सम्बन्धको आधारमा सहभागीहरूलाई पूर्ण समस्या वृक्ष बनाउन लगाउने ।
६. तयार भएको समस्या वृक्ष पृष्ठपोषणका लागि समूहमा प्रस्तुत भएर छलफल, सुझाव प्राप्त भई समुह सहमतिमा आएपछि समस्या वृक्षलाई अन्तिम रूप दिइन्छ ।

## विषय ५: समस्या पहिचानको महत्व

१. समूहकार्यमा जानु अघि **स्लाइड नं.** ६.२० मा रहेको एउटा ठूलो जहाज विग्रियो नामक लघु कथाको रूपमा प्रस्तुत गर्ने ।
२. समस्या सहि रूपमा पहिचान गर्नु नै महत्वपूर्ण कार्य भएको निष्कर्ष निकाल्ने ।

## सारांश र मुल्याङ्कन

सहभागीहरूलाई खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रियामा यो सबैभन्दा महत्वपूर्ण सत्र भएको कुरा बताउने । अब अगाडिका आउने सत्रहरू/विश्लेषणहरूलाई यस सत्रमा प्रतिपादन भएका सूचनाले निर्देशन गर्ने हुनाले यस विश्लेषणमा विशेष ध्यान दिन जरुरी छ । सहभागीहरूलाई समस्या विश्लेषणको सन्दर्भमा थप जिज्ञासा या प्रश्नहरू भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

## समस्या विश्लेषण– पार्श्व तालिका (Lateral Matrix) ................................ क्षेत्र

| समस्या | किन ? | किन ? | किन ? | किन ? | किन ? | किन ? |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# सत्र ६ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण**

खाद्य सुरक्षाको अवस्था विश्लेषण– समस्या विश्लेषण

२

**सत्रको उद्देश्य**

यस सत्रको अन्तमा सहभागीहरूले:

- जिल्लाको समग्र खाद्य सुरक्षाको अवस्था बताउन सक्नेछन् ।
- समस्याको व्यावहारिक परिभाषा बताउन सक्नेछन ।
- समस्या विश्लेषणका चरणहरू व्याख्या गर्न सक्नेछन् ।
- समस्याको जड कारणको विश्लेषण प्रक्रिया बताउन सक्नेछन् ।
- समस्या वृक्ष तयार गर्न सक्नेछन् ।

३

**जिल्लाको खाद्य सुरक्षा अवस्था**

**प्रशिक्षकको लागि जानकारीः**
जिल्लाको विगतका खाद्य सुरक्षा चरण वर्गीकरणका
सम्पादित खाद्य सुरक्षा नक्साहरू राख्ने

४

**प्रशिक्षकको लागि जानकारीः**
*जिल्लाको सम्पादित खाद्य सुरक्षाको नक्सा तथा खाद्य असुरक्षाका कारणहरु राख्ने ।*

५

## जिल्लाको खाद्य असुरक्षाका कारणहरु

**खाद्य असुरक्षाका कारणहरू (सन्दर्भका लागि मात्र)**

- बजारमा सञ्चिति कम
- उच्च बाल कुपोषण
- सिंचाइको कमी
- खाद्यको बढ्दो बजार भाउ
- झाडा पखाला
- कामदारको कमी

**प्रशिक्षकको लागि जानकारीः** यो स्लाइडमा खाद्य असुरक्षाका विद्यमान कारणहरू राख्ने ।

६

## जिल्लाको खाद्य सुरक्षा अवस्था मूल प्रश्नहरु

- को खाद्य असुरक्षित छन् ?
- तिनीहरू कहाँ छन् ?
- को सबैभन्दा बढि प्रभावित छन् ?
- तिनीहरूले कुन जीविकोपार्जनको उपाय अपनाउँछन् ?
- तिनीहरू किन खाद्य असुरक्षाबाट प्रभावित छन् ?

७

## जिल्लाको जिविकोर्पाजनको नक्सा

**प्रशिक्षकको लागि जानकारीः**
अघिल्लो सत्रमा तयार गरिएको जिल्लाको जीविकोपार्जन क्षेत्रको नक्सा राख्ने ।

८

## समस्याः परिभाषा

**समस्या भनेको अपेक्षित अवस्था र वास्तविक मौजुदा अवस्थाको अन्तर हो ।**

- "के छ ?" - "के हुनु पर्ने हो ?"
- "के उपलब्ध छ" - "के आवश्यक छ"

**विद्यमान अवस्था र चाहेको अवस्थाको बिचको भिन्नता ।**

९

## समस्या विश्लेषण

- समस्या विश्लेषण भनेको व्यावहारिक रूपमा समस्याहरू र आवश्यकताहरूलाई बुझि ती आवश्यकताहरू पूरा गर्न समाधानहरू प्रस्ताव गर्नु हो ।
- समस्या विश्लेषणको लक्ष्य भनेको समस्या अझ विकसीत वा जटिल हुनु भन्दा पहिले नै सोबारे राम्रो बुझाई हुनु हो ।

१०

## समस्या विश्लेषणका चरणहरू

१. समस्याको परिभाषामा सहमति जुटाउनु ।
२. कारणहरूको जडको बारेमा जान्नु - समस्याको पछाडि रहेको जड समस्या ।
३. सरोकारवालाहरूको पहिचान ।
४. समाधानका लागि लगाउनु पर्ने सीमाहरूको पहिचान ।

११

## समस्या विश्लेषणमा ध्यान दिनु पर्ने कुराहरू

- **समस्या भनेको समाधानको अनुपस्थिति होइन**
  - **मलखाद नहुनु वा अनुत्पादक माटो**
- **समस्या विश्लेषणलाई वृहत बनाउन खोज्नुहोस् - खाद्य सुरक्षाका चार आयामलाई ध्यानमा राख्नुहोस् ।**

१२

## समस्या : मनन योग्य भनाई



आइनस्टाइनको भनाइ: यदि उनीसँग यस संसारलाई बचाउनका निम्ति एक घण्टाको समय छ भने उनले समस्याको व्याख्या वा बुझाईमा ५५ मिनेट र समस्याको समाधान पत्ता लगाउनमा केवल पाँच मिनेट मात्र खर्च गर्नेछन् ।

यस भनाइले समस्या विश्लेषणको महत्व दर्शाउँदछ : समस्या समाधानका उपायमा सोझै हाम फाल्नु भन्दा पहिले समस्याको बारेमा हाम्रो बुझाईलाई प्रष्ट पार्न पर्याप्त समय र शक्ति लगाउनु पर्छ : सबैभन्दा पहिले समस्याको बारेमा स्पष्ट बुझाई आवश्यक पर्दछ ।

१३

## समस्या वृक्ष




१४

## जड कारणहरू भन्दा लक्षण निवारणमा जोड

**उदाहरणहरू**

**समस्याको दीगो रूपमा समाधान गर्न जड कारणहरू निवारणमा जोड दिनुपर्ने हुन्छ ।**

१५

## जड वा मूल कारणको विश्लेषण –"तर किन" विधि

| | |
|---|---|
| समस्या | खाद्य असुरक्षा |
| कारण | बाली उत्पादन कम भएको |
| किन | किसानहरूले कम गुणस्तरको बीउ रोपेको |
| किन | उन्नत, राम्रो गुणस्तरको बीउ उपलब्ध नभएको |
| किन | उन्नत, राम्रो गुणस्तरको बीउ सञ्चिति र बेचबिखनका लागि प्रोत्साहन नभएको |
| किन | किसानहरूले उन्नत बीउ नकिन्ने |
| किन | किसानहरू उन्नत बीउको फाइदा बारेमा सचेत नभएको |

**मूल कारण**

१६

## कारण र असरको तार्किक सम्बन्ध




१७

## समस्या वृक्ष (Problem tree) लाई वृहत बनाउने

**चार आयामलाई ध्यानमा राख्ने ।**
**खाद्य सुरक्षामा योगदान पुऱ्याउने मुख्य कारक सूचकहरूलाई ध्यानमा राख्ने ।**

१८

## समस्या विश्लेषण पार्श्व तालिका

| समस्या (को प्रभावित छन् ? कुन जीविकोपार्जन समूह हो ? गा.वि.स. वा जिल्लाको कुन क्षेत्र हो?) | किन? | किन? | किन? | किन? | किन? | किन? |
|---|---|---|---|---|---|---|
| बाजुरा जिल्लाको कोल्टी गा.वि.स.को दलित समुदायमा खाद्य असुरक्षा  | न्यून क्रय शक्ति | उच्च खाद्यान्न मूल्य | | | | |
| | | न्युन आय | न्यून ज्याला दर | अदक्ष जनशक्ति | | |
| | | | | ज्यालामा बिभेद | | |
| | | | गैर काष्ठ वन पैदावरको न्यून मूल्य | असंगठित संकलकहरू | नीतिको कमी | |
| | | | न्यून रोजगारी | मैसमी काम | | |
| | | उपचारमा खर्च | बालबालिकामा झाडापखाला | सरसफाईमा कमि | सरसफाईमा चेतनाको कमि | |
| | | | | कुपोषित बालबालिका | अनुपयुक्त खानपिनका तौरतरिका | |
| | उत्पादनमा कमि | मलको अभाव | बजारको असुविधा | सडक नहुनु | | |
| | | बालिमा रोगकीरा | विषादीको अभाव | बजारमा पहुँच नहुनु | | |
| | | सिँचाइको अभाव | सिँचाइको स्रोतको अभाव | | | |
| | | न्यून गुणस्तरको बीउ प्रयोग | उन्नत बीउको अभाव | उन्नत बीउको बेचबिखन नहुनु | किसानले उन्नत बीउ नकिन्ने | उन्नत बीउको फाइदाबारे अनभिज्ञता |

१९

## समूह कार्य– समस्या वृक्ष विश्लेषण

- समूहमा काम गर्नुहोस् ।
- खाद्य असुरक्षाका मुख्य कारणहरू/पक्षहरूको पहिचान गर्नुहोस् ।
- एक जना सहजकर्ता पहिचान गर्नुहोस् ।
- सहजकर्ताले कुनै एक कारण/ पक्षलाई लिई उक्त कारण किन सिर्जना भयो भनी तर किन "But why" विधि प्रयोग गरी समूहमा "किन" प्रश्न गर्नुहोस् ।
- अन्य सदस्यहरूले आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।
- उक्त छलफलबाट समस्याका अन्तर्निहित कारणहरूको पहिचान गर्नुहोस् र मेटा कार्डमा लेख्नुहोस् ।
- कारणहरू पत्ता लगाउन सहजकर्ताले सहजीकरण गर्नुहोस् ।
- कारण र असर (Cause and effect) बिचको सम्बन्ध पहिचान गर्नुहोस्, तार्किक भए नभएको सुनिश्चित गर्नुहोस् ।
- समस्या वृक्ष (Problem tree) निर्माण गर्नुहोस् ।
- खाद्य असुरक्षाबाट सिर्जित असरहरूबारे पनि छलफल गर्नुहोस् र ति असरहरू समस्या वृक्षमा असरहरूको रूपमा उल्लेख गर्नुहोस् ।
- ठूलो समूहमा (Plenary) मा प्रस्तूत गर्नुहोस् ।

20

## एउटा ठूलो पानी जहाज बिग्रियो ।



# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः अवस्था विश्लेषण – स्रोत र अवसरहरूको विश्लेषण

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूलेः

१. SWOT व्यावहारिक परिभाषा बताउन सक्नेछन् ।
२. SWOT विश्लेषणका चरणहरू व्याख्या गर्न सक्नेछन् ।
३. जिल्लाको खाद्य सुरक्षाको सन्दर्भमा स्रोत र अवसरहरूको SWOT विधि प्रयोग गरी विश्लेषण गर्न सक्नेछन् ।
४. SWOT विश्लेषणको नतिजा तयार गर्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ९० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर<br>• समूह कार्य | • तयारी चरणमा संकलन गरिएका प्रारम्भिक SWOT सूची<br>• स्लाइडहरू<br>◆ SWOT को उदाहरण<br>◆ SWOT का मुख्य प्रश्नहरू |

## *विषय १ः सवल पक्ष, कमजोरी, अवसर र चुनौती (Strengths, Weaknesses, Opportunities, Threats-SWOT) विश्लेषण*

### चरणहरूः

१. कुनै सहभागीले पहिला SWOT विश्लेषण सञ्चालन गर्नुभएको छ छैन सोध्ने ।
२. यदि कसैले गरेको छ भने SWOT विश्लेषण प्रक्रिया र त्यसको उद्देश्य के हो भनी सोध्ने ।
३. सहभागीले SWOT को बारेमा आफ्नो विचार व्यक्त गरेपछि SWOT को परिभाषा र उद्देश्यका बारेमा प्रष्ट पार्नका लागि **स्लाइड ७ः ३** प्रस्तुत गर्ने ।
४. यो खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणसँग कसरी सम्बन्धित छ भनी छोटकरीमा छलफल गर्ने ।

### *प्रशिक्षकको लागि जानकारी ः कोष्ठक ७.१*

हामीले यस सत्रमा कुनै एक संस्थाको SWOT विश्लेषण नगर्ने हुनाले हामीले SWOT को खास अर्थ हाम्रो परिवेश र सन्दर्भमा अनुकुलन गरी अपनाउनु पर्दछ । यस सन्दर्भमा हाम्रो लागि उपलब्ध स्रोत, सवल पक्ष हो; खाद्य सुरक्षाको अवस्था सबल तुल्याउनका लागि वाधक तत्व भनेको हाम्रो कमजोरी हो वा खाद्य सुरक्षाको उद्देश्यहरू प्राप्त गर्न गर्नुपर्ने सुधारहरू कमजोरी हो; अवसर भन्नाले खाद्य असुरक्षा सम्बोधनका लागि उपयोग गर्न सकिने तर हाल प्रयोगमा नआएका स्रोत, दक्षता, क्षमता, नीति तथा कार्यक्रम हुन् । अन्ततः चुनौती भन्नाले खाद्य असुरक्षा सम्बोधनका लागि प्रतिकार्य निर्माणका क्रममा ध्यान दिनु पर्ने खतराहरू हुन् ।

५. SWOT विश्लेषणको चरणहरू <u>**स्लाइड ७: ४**</u> प्रस्तुत गरी प्रष्ट पार्ने ।
६. <u>**स्लाइड ७: ५**</u> प्रस्तुत गरी SWOT विश्लेषणमा ध्यान दिनुपर्ने प्रमुख विषयहरू र प्रश्नहरूबारे छलफल गरी प्रष्ट पार्ने ।
७. नमूना SWOT प्रस्तुत गर्ने <u>**(स्लाइड ७: ६, ७)**</u> । यदि सहभागीहरूमा कुनै विषयमा अस्पष्टता भएमा छलफल गरी स्पष्ट पार्ने ।
८. सहभागीहरू SWOT को उद्देश्य र प्रक्रियामा स्पष्ट भएपछि <u>**स्लाइड ७: ८**</u> प्रस्तुत गर्ने र विश्लेषणात्मक कार्यबारे बताउने । समस्या विश्लेषणमा जस्तै गरेर यो विश्लेषण लागि पनि समूह छुट्टयाउने । उदाहरणका लागि यदि तिन गा.वि.स. समूहहरूको समस्या वृक्ष निर्माण गरिएको छ भने सोही सम्बन्धित तिन गा.वि.स.समूहका जसले समस्या विश्लेषण गरेका थिए उनै सहभागीहरूले SWOT विश्लेषणको कार्य पनि गर्ने ।
९. SWOT विश्लेषणको नतिजा तालिकामा कसरी राख्ने भन्ने कुरा प्रदर्शन गर्ने ।
१०. समूह विश्लेषण कार्यको लागि पर्याप्त समय दिने ।

## प्रशिक्षकको लागि जानकारी : कोष्ठक ७.२

सान्दर्भिक स्रोत र सवल पक्षहरू पहिचान गर्न सजिलो होस् भन्ने हेतुले प्रश्नहरू सकारात्मक रूपले तयार पार्ने । नमूना प्रश्नहरू निम्न छन्:

- सवल पक्ष/स्रोत
  - जिल्ला/न.पा./गा.वि.स.मा खाद्य असुरक्षा सम्बोधन गर्नको लागि योगदान पुर्‍याउने सवल पक्षहरू के-के हुन् ?
  - दक्षता र स्रोतहरू के के छन् ?
  - खाद्य सुरक्षा सुधारको सन्दर्भमा सफल उपलब्धिहरू के के हुन् ?
  - सफलताहरूका कारणहरू के-के हुन् ?
- कमजोरी/सुधारका आवश्यक क्षेत्र
  - खाद्य सुरक्षाको लक्ष प्राप्त गर्न कुन मुख्य क्षेत्रहरूमा सुधारको आवश्यकता छ ?
  - समुदायको उत्थानशीलता (Resilience) सुधारमा योगदान पुर्‍याउनका लागि र खाद्य असुरक्षा कम गर्नका लागि तपाईंको जीविकोपार्जन क्षेत्रमा के परिवर्तन गर्न चाहनुहुन्छ ?
- अवसरहरू
  - जीविकोपार्जन क्षेत्रको खाद्य सुरक्षाका सन्दर्भमा समृद्धिका लागि कुन मुख्य अवसरहरू उपयोग गर्न सकिन्छ ?
  - कुन नीति र कार्यक्रमहरू उपयोग गर्न सकिन्छ ?
- खतरा/जोखिम/चुनौती
  - हाम्रो जीविकोपार्जन क्षेत्रमा खाद्य सुरक्षा सम्बोधनसँग सम्बन्धित मुख्य चुनौतीहरू के-के हुन् ?

११. समूहहरूले काम सकेपछि, आ-आफ्नो समूहको SWOT तालिका भित्तामा टाँसेर सुझावको लागि ठूलो समूहमा प्रस्तुत गर्न लगाउने ।
१२. पूर्व रूपमा तयार पारिएको सवल पक्षहरू, कमजोरीहरू, अवसरहरू र चुनौतीहरूका जानकारीहरूलाई पनि सन्दर्भमा राखेर तयार पारिएको छ छैन पूनरावलोकन गर्ने ।
१३. हरेक समूहलाई प्रस्तुतिका क्रममा आएका सुझावहरू सम्मिलित/सम्बोधन गरी SWOT तालिकालाई अन्तिम रूप दिन लगाउने ।

# सारांश र मुल्याङ्कन

सहभागीहरूलाई यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट उपलब्ध भएका जानकारीहरूको बारेमा उनीहरूको धारणा कस्तो छ । उनीहरूको कडा परिश्रमलाई प्रशंसा गर्ने । सहभागीहरूसँग SWOT विश्लेषणका बारेमा कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने र यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

# सत्र ७ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

स्रोत र अवसरहरूको विश्लेषण
(सबल, दुर्बल, अवसर र चुनौतीहरूको विश्लेषण)
**Strengths, Weaknesses, Opportunities and Threats (SWOT)**

२

## यस सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूलेः

- SWOT विश्लेषणका चरणहरू व्याख्या गर्न सक्नेछन् ।
- जिल्लाको खाद्य सुरक्षाको सन्दर्भमा स्रोत र अवसरहरूको SWOT विधि प्रयोग गरी विश्लेषण सक्नेछन् ।
- SWOT विश्लेषणको नतिजा तयार गर्नेछन् ।

३

## SWOT संक्षेपमा

- SWOT विश्लेषण एक रणनैतिक योजना निर्माण विधि हो । यसले सवल र कमजोर पक्ष (आन्तरिक) र अवसरहरू र चुनौतीहरू (वाह्य) को सहज ढङ्गमा विश्लेषण गर्न मद्दत गर्दछ ।
- यस विधिले योजनाकारहरूलाई के नतिजा प्राप्त गर्न सकिन्छ र प्रयास कहाँ केन्द्रित हुनु पर्दछ भन्ने कुरामा व्यावहारिक हुन मद्दत गर्दछ ।

४

## SWOT विश्लेषणका चरणहरू

- उद्देश्य निर्धारण
- निम्न कुराहरू पहिचान गर्न आन्तरिक क्षमताको अध्ययन गर्ने ।
  - तत्काल प्रयोग गर्न सक्ने विद्यमान स्रोतहरू ।
  - कहाँ नयाँ स्रोत, दक्षता वा साझेदारहरूको आवश्यकता पर्दछ पहिचान गर्ने ।
- उद्देश्यलाई सकारात्मक वा नकारात्मक रूपमा प्रभाव पार्ने खालका वाह्य वातावरणको (अवसर र चुनौतीहरू) अध्ययन गर्ने ।
- मुख्य सवल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू र चुनौतीहरूलाई प्राथमिकीकरण गरी सूचीकृत गर्ने ।
- पृष्ठपोषण र पूर्ण रूप दिनका लागि ठूलो समूहमा प्रस्तुत गर्ने ।

५

## प्रश्नहरू / विश्लेषण गर्नु पर्ने क्षेत्रहरू

**सवल पक्षहरू**

- हामी के मा सक्षम छौं ? हामीसँग हाल विद्यमान सबैभन्दा उत्तम सवल पक्ष के छ ? हामीले कहाँ धेरै सफलता प्राप्त गर्न सक्छौं ? हाम्रा मुख्य सफलताहरू के हुन् ?
- हामीसँग कस्तो किसिमको दक्षता र क्षमताहरू छन् ? कुन कार्यक्रमहरू सफल कार्यक्रमहरू हुन् र सफलताको कारणहरू के हुन् ?

**कमजोरीहरू**

- हामी के लाई हाम्रो मुख्य कमजोरी मान्छौं ? र किन ? हामीले कुन क्षेत्रमा परिवर्तन वा सुधार गर्नु पर्दछ ? प्रभावकारी हुनका लागी हामीले के परिवर्तन ल्याउनु पर्दछ ?

**अवसरहरू**

- कुन स्रोत, नीति परिचालन गर्नु पर्लां ?

**चुनौतीहरू**

- चुनौतीहरूः ध्यान दिनु पर्ने चुनौतीहरू के छन् ?

६

## SWOT विश्लेषणको नतिजा – उदाहरण

**सबल पक्षहरू (Strengths)**

- सरकारी तथा गैरसरकारी निकायको चासो हुनु ।
- सरकारी तथा गैरसरकारी निकायको बजेट तथा कार्यक्रम अन्य क्षेत्र भन्दा बढि सञ्चालन हुनु ।
- उच्च शिक्षा हासिलका लागि विद्यालय हुनु ।
- जिविसको कार्यक्रम संचालन तथा निर्देशन प्रक्रियामा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकता दिइनु ।
- सरकारी तथा गैरसरकारी निकायका कार्यक्रम सञ्चालन हुँदा रोजगारीका अवसरहरू सिर्जना हुनु ।

**दुर्बल पक्षहरू (Weaknesses)**

- सरकारी तथा गैर सरकारी संस्थाहरूले काम गर्दा दीर्घकालीन सोचबाट काम नगर्नु ।
- युवा जमात रोजगारीको लागि विदेशीनु ।
- राज्यसँग जनताको पहुँच नहुनु ।
- शिक्षा क्षेत्रमा दक्ष जनशक्तिको कमी हुनु ।
- भौतिक पुर्वाधारको विकास न्युन तथा उपयूक्त बजार नहुनु ।

७

## SWOT विश्लेषणको नतिजा

**अवसरहरू (Opportunities)**

- पशुपालन, मौरीपालन तथा राडीपाखीको सम्भावना
- फलफूल तथा जडीबुटकिो उत्पादन सम्भावना ।
- ग्रामीण सडक सञ्जाल विस्तारको सम्भावना ।
- विभिन्न कार्यक्रमहरू सञ्चालन मार्फत सिप तथा रोजगारीको सम्भावना ।
- सिंचाई तथा स्वच्छ खानेपानीको सम्भावना ।
- चिउरीको प्रशोधन सम्भावना ।

**चुनौतीहरू (Threats)**

- भौगोलिक विकटता ।
- सुख्खा क्षेत्र ।
- असिना ।
- गरिबी ।
- भूस्खलन (कमजोर भु-वनावट) ।

८

## समूह कार्य

- समूहमा काम गर्नुहोस् ।
- एक जनालाई टिप्पणीकर्ता र अर्को एक जनालाई सहजीकरणका लागि छनौट गर्नुहोस् ।
- मुख्य प्रश्नहरूको प्रयोग गरी निम्न कुराहरू पहिचानका लागि सहजीकरण गर्नुहोस् ।
  - सवल पक्ष
  - सुधार गर्नु पर्ने क्षेत्र
  - अवसरहरू
  - चुनौतीहरू
- छलफललाई अभिलेख गर्नुहोस् ।
- नतिजाहरूलाई सुझावका लागि ठूलो समूहमा प्रस्तुत गर्नुहोस् ।
- प्राप्त सुझावहरूलाई समावेश गरी SWOT नतिजालाई अन्तिम रूप दिनुहोस् ।

९

## धन्यवाद !

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण– सरोकारवालाहरूको नक्साङ्कन

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. सरोकारवालाको परिभाषा बताउन सक्नेछन् ।
२. सरोकारवाला नक्साङ्कनका उद्देश्य व्याख्या गर्न सक्नेछन् ।
३. सरोकारवाला नक्साङ्कनको प्रक्रिया बताउन सक्नेछन् ।
४. सरोकारवाला नक्साङ्कन गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ६० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर | • स्लाइडहरू<br>◆ परिभाषा<br>◆ उद्देश्य<br>◆ चरण तथा प्रक्रिया<br>• हातेपत्र:<br>◆ ८.१ सरोकारवालाहरू र उनीहरूको कार्यक्रम |

## विषय १: सरकोरवालाहरूको नक्साङ्कन

### चरणहरूः

१. सहभागीहरूलाई सरोकारवाला भन्नाले के बुझ्नु हुन्छ भनी सोध्ने; प्रतिक्रियाहरू टिप्ने र **स्लाइड ८:३** प्रस्तुत गरी सरोकारवालाको व्यावहारिक परिभाषा स्पष्ट पार्ने ।
२. सरोकारवालाको नक्साङ्कनको उद्देश्य के होला भनेर सोध्ने (**स्लाइड ८:४**); प्रतिक्रियाहरू टिप्ने र **स्लाइड ८:५** प्रस्तुत गरी सरोकारवालाको विश्लेषण वा नक्साङ्कनको गर्ने उद्देश्यहरू प्रष्ट पार्ने ।
३. सरोकारवालाको नक्साङ्कनको चरणहरू के के होलान् भनेर सोध्ने । प्रतिक्रियाहरू टिप्ने र **स्लाइड ८: ६** प्रस्तुत गर्ने ।
४. खाद्य सुरक्षाको सन्दर्भमा जिल्लामा भएका सरोकारवालाहरूको बारेमा मस्तिष्क मंथन गराउने (चार आयामहरूको सम्झना गर्दै ती मध्ये कुन सरोकारवाला कुन आयाममा पर्दछन् भनी पहिचान गर्न लगाउने) ।
५. सहभागीहरूले उपलब्ध गराएको सूचनाको (खाद्य सुरक्षाको चार आयामको सम्बन्धमा) आधारमा आफ्नो जीविकोपार्जन क्षेत्रको सरोकारवालाहरूको सूची तयार पार्ने ।
६. सरोकारवालाहरूको मस्यौदा नक्साङ्कन **(स्लाइड ७)** प्रस्तुत गर्ने र सहभागीहरूको सुझाव लिने ।
७. ठूलो समूहमा सरोकारवालाहरूको नक्साङ्कन अन्तिम रूप दिने ।

# सारांश र मुल्याङ्कन

सहभागीहरूलाई यस सत्रमा के कुराहरू सिक्नुभयो भनी सोध्ने । सत्रबाट तयार भएका जानकारीहरूको बारेमा उनीहरूको धारणा कस्तो छ । सहभागीहरूमा सरोकारवाला नक्साङ्कनका बारेमा कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

## सत्र ८ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

### NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

सरोकारवालाहरूको नक्साङ्कन

२

### सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले:

- सरोकारवाला नक्साङ्कनका चरणहरू व्याख्या गर्नसक्नेछन् ।
- सरोकारवाला नक्साङ्कनको प्रक्रिया बताउन सक्नेछन् ।
- सरोकारवाला नक्साङ्कन गर्न सक्नेछन् ।

३

### सरोकारवालाहरू

सरोकारवाला भन्नाले कुनै व्यक्ति, समूदाय, समूह वा संस्था हुन सक्छ जो कार्यक्रमको नतिजाबाट सकारात्मक वा नकारात्मक हिसाबले प्रभावित हुने वा कार्यक्रमलाई सकारात्मक वा नकारात्मक पक्षबाट प्रभावित गर्न सक्ने उद्देश्य/क्षमता राखेका हुन्छन् ।

४

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## सरोकारवाला विश्लेषण ?

किन ?

५

## सरोकारवाला विश्लेषणको उद्देश्य

- सरोकारवालाका उद्देश्य पहिचान गर्ने ।
- कार्यक्रमलाई आघात पुऱ्याउने खालका सम्भावित द्वन्द्व र खतराहरू शुरुको अवस्थामा नै पहिचान गर्ने ।
- कार्यक्रम कार्यान्वयन र सफलताका लागि अवसरहरू र सम्बन्धहरू बनाउन ।
- क्रियाकलापको विभिन्न चरणहरूमा सहभागिताका लागि प्रोत्साहित गुर्न पर्ने समूहहरू पहिचान गर्ने ।
- सहकार्यका (Synergy) अवसर पहिचान गर्ने र उपयोग गर्ने ।
- जोखिममा परेका र विमुख समूहहरूको सहभागिता जुटाउन ।

६

## सरोकारवालाहरू

१. खाद्य सुरक्षासँग सान्दर्भिक (चार आयाम) मुख्य सरोकारवालाहरू पहिचान गर्ने ।
२. तिनका मुख्य कार्यक्रमहरू/क्रियाकलापहरूको पहिचान गर्ने ।
३. कार्यक्रमका लक्षित गाविस र समूदायहरू पहिचान गर्ने ।
४. लक्षित जनसंख्या ।
५. लक्षित क्षेत्रमा कार्यक्रम कार्यान्वयनको अवधि ।
६. सरोकारवालाको स्रोत र सहयोग पहिचान गर्ने ।
७. उपर्युक्त जानकारी समावेश गरी सरोकारवालाहरूको तालिका (नक्साङ्कन) तयार गर्ने ।

८

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**सरोकारवालाहरूको नक्सा / तालिका नमूना**

यस जिल्लाका सरोकारवालाहरु

**प्रशिक्षकको लागि जानकारीः**

जिल्लाको मस्यौदा सरोकारवालाहरूको सूची छलफलका लागि राख्ने ।

९

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**धन्यवाद !**

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (उद्देश्य वृक्ष विश्लेषण)

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. उद्देश्य विश्लेषण उद्देश्यको व्याख्या गर्न सक्नेछन् ।
२. उद्देश्य विश्लेषण चरणहरूको व्याख्या गर्न सक्नेछन् ।
३. उद्देश्य वृक्ष निर्माण गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| १२० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• समुह कार्य<br>• प्रश्न र उत्तर | • स्लाइडहरू<br>◆ उद्देश्य वृक्षको नमुना<br>◆ चरण तथा पक्रिया<br>• हातेपत्र<br>◆ ९.१ पार्श्व तालिका (lateral matrix) |

## विषय १: उद्देश्य वृक्ष विश्लेषण

### चरणहरूः

१. अघिल्लो सत्रमा तयार पारिएको कुनै एक समस्या वृक्ष प्रस्तुत गर्ने **(स्लाइड ९:३)** । मुख्य समस्या (वृक्षको मूल काण्ड शाखा) को सकारात्मक वाक्य के हो भनेर सोध्ने ।
२. मुख्य समस्याको सकारात्मक वाक्य तयार भएपछि, सहभागीहरूलाई यो अवस्था कसरी प्राप्त गर्न सकिन्छ भनेर सोध्ने । यसको उत्तरमा- मुख्य समस्याको अन्तर्निहित कारणहरू सम्बोधन गरे पछि सकारात्मक अवस्था प्राप्त हुन्छ भन्ने निष्कर्ष निकाल्ने ।
३. यसै प्रक्रियालाई ध्यानमा राखी सहभागीहरूलाई प्रस्तुत समस्या (नकारात्मक अवस्था) लाई सकारात्मक अवस्थामा परिवर्तन **(स्लाइड ९:४)** गर्न लगाउने ।
४. यी सूचनाहरूको प्रयोग गरी तयार पारिएको वृक्षले उद्देश्य वृक्षको निर्माण तर्फ डोऱ्याउछ ।
५. उद्देश्य वृक्षको उदाहरण प्रस्तुत गर्ने । यो उद्देश्य वृक्षलाई कहिलेकाँहि “समाधान वृक्ष” पनि भनिन्छ भनेर स्पष्ट पार्ने । **(स्लाइड ९:५)**
६. Floating solution का बारेमा छोटकरीमा व्याख्या गर्ने । ती त्यस्ता समाधानहरू हुन जुन समस्या वृक्षबाट उत्पन्न नभई उद्देश्य वृक्ष विश्लेषणका छलफलका क्रममा परिचान भएका र समस्या सम्बोधनका लागि धेरै महत्वपूर्ण देखिने खालका हुन्छन् । (जुन प्रत्यक्ष कुनैपनि कारक तत्वसँग तार्किक सम्बन्ध हुँदैन तर खाद्य सुरक्षालाई सुधार गर्न योगदान पुऱ्याउँछन् ।)

७. उद्देश्य वृक्ष निर्माणमा कुनै अन्योल छ छैन सोध्ने । सबैजना स्पष्ट भएको सुनिश्चित गर्ने ।
८. समूह छुट्टयाउने र उद्देश्य वृक्ष निर्माण गर्ने काम दिने (विगतकै समूमा काम गर्ने )।
९. समूहमा गर्नुपर्ने कामको बारेमा स्पष्ट पार्ने । एक पटक उद्देश्य वृक्ष तयार भएपछि सुझाव र टिप्पणीका लागि ठूलो समूहमा प्रस्तुत गर्न लगाउने ।
१०. उद्देश्य वृक्ष तयार भएपछि पार्श्व तालिका (lateral matrix) मा सूचनाहरू समावेश गर्ने । (**स्लाइड** ९:६)
११. उद्देश्य वृक्ष प्रस्तुत गर्ने सम्बन्धित समूहका सदस्यहरू ठूलो समूहबाट प्राप्त सुझाव सम्बोधन गर्न र उद्देश्य वृक्षलाई अन्तिम रूप दिने कार्यमा जिम्मेवार हुन्छन् ।
१२. **स्लाइड** ९:७ प्रस्तुतगरी समूह कार्यबारे प्रष्ट पारी उद्देश्य वृक्ष निर्माण गर्न लगाउने ।

### *प्रशिक्षकको लागि जानकारी : कोष्ठक ९.१*

समूह छुट्टयाउने र समूह कार्य दिने क्रममा जुन समूहले समस्या वृक्ष विश्लेषणमा सँगै काम गरेका छन् सोही समूहलाई उद्देश्य वृक्ष विश्लेषणको समूह कार्यमा परेको सुनिश्चित गर्ने ।

# सारांश र मुल्याङ्कन

सहभागीहरूलाई यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट तयार भएका जानकारीहरूको बारेमा उनीहरूको धारणा कस्तो छ । उनीहरूको कडा परिश्रमलाई प्रशंसा गर्ने । सहभागीहरूको उद्देश्य वृक्ष विश्लेषणको बारेमा कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

हाते पत्रः ६.१

*उद्देश्य विश्लेषण– पार्श्व तालिका* ***(Lateral Matrix)*** *................................ क्षेत्र*

| उद्देश्य | माध्यम | माध्यम | माध्यम | माध्यम | प्रतिकार्यका विकल्पहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# सत्र ९ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

उद्देश्य विश्लेषण
Objective Analysis

२

## सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले:

- उद्देश्य वृक्ष विश्लेषण उद्देश्यको व्याख्या गर्न सक्नेछन् ।
- उद्देश्य वृक्ष विश्लेषणका चरणहरूको व्याख्या गर्न सक्नेछन् ।
- उद्देश्य वृक्ष निर्माण गर्न सक्नेछन् ।

३

## समस्या वृक्ष – उदाहरण



४

## उद्देश्य विश्लेषण

पहिचान गरिएका समस्या समाधान भए पछिको भविष्यको अवस्था

| | | |
|---|---|---|
| बाल कुपोषण | → | सुपोषित बालबालिका |
| न्यून उत्पादन | → | पर्याप्त उत्पादन |
| खाद्यान्नको दुरूपयोग | → | खाद्यान्नको सदुपयोग |

५

## उद्देश्य वृक्ष को नमूना




६

## उद्देश्य वृक्षको सार

| लक्ष | उद्देश्य | माध्यम | माध्यम | माध्यम | माध्यम | माध्यम | प्रतिकार्यका विकल्प |
|---|---|---|---|---|---|---|---|
| कोल्टी गाविसको खाद्य सुरक्षित दलित समदाय  | उच्च क्रय शक्ति | नियन्त्रित मूल्य | | | | | • बजार मूल्य अनुगमन |
| | | उच्च आय | उच्च ज्याला | दक्ष श्रमिक/ दक्षतामा बृद्धि | समान ज्याला | | • सिपमूलक तालिम |
| | | | गैकाबपै को उचित मूल्य | गैकाबपै संकलक संगठीत | गैकाबपैबारे नीति | | • गै.का.ब.पै. समूह गठन<br>• तालिम<br>• जिल्ला तथा राष्ट्रियस्तरमा पैरवी<br>• गै.का.ब.पै. समूहको सञ्जाल |
| | | | रोजगारी | नियमित रोजगारी | | | • सरोकारवालाका कार्यक्रम सञ्चालन |
| | | उपचार खर्च न्युन | स्वस्थ्य बालबालिका | उचित सरसफाई | समुदाय सरसफाईबारे जानकारी | | • चर्पी निर्माण<br>• स्वच्छ खानेपानीको उपलब्धता<br>• सरसफाईबारे जनचेतनाका कार्यक्रम<br>• सरसफाईबारे अभिमुखिकरण |
| | | | | पोषित बालबालिका | उपयुक्त खानपानका तरिका अवलम्बन | | • बाल स्याहार तथा खानपानबारे तालिम |
| | उत्पादनमा बृद्धि | मलको उपलब्धता | बजारको पहुँच | सडकको पहुँच | | | • जिल्ला तथा राष्ट्रियस्तरमा पैरवी |
| | | कीराको नियन्त्रण | विषादि उपलब्ध | बजार व्यवस्था | | | • एकीकृत रोगकीरा व्यवस्थापन तालिम<br>• रोग तथा कीरा सहने जातको विउको उपलब्धता |
| | | सिँचाइ कुलोको निर्माण | बैकल्पिक श्रोतको पहिचान | | | | • खडेरी सहने जातको उपलब्धता |
| | | असल विउको प्रयोग | उन्नत बीउको उपलब्धता | कृषकद्वारा उन्नत बीउ प्रयोग | उन्नत बीउबारे जानकारी र प्रसार | कृषकहरू उन्नत विउको महत्वबारे सूचित | • कृषक तालिम<br>• बीउवितरण<br>• उन्नत प्रविधिको प्रदर्शन |

## समूह कार्य – उद्देश्य वृक्ष विश्लेषण

- समूहमा काम गर्ने ।
- समूह कार्यमा सहजकर्ताले सहजीकरण गर्ने र अन्य सदस्यहरूले समूहमा सहभागीता गर्ने ।
- समस्यालाई सकारात्मक वाक्य/समाधान भए पछिको अवस्थामा परिवर्तन गर्ने ।
- उद्देश्य वृक्ष तयार पार्ने ।
- सुझावका लागि ठूलो समूहमा प्रस्तुत गर्ने ।

## धन्यवाद !

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्यका विकल्प पहिचान (प्रतिकार्यका विकल्पहरूको पहिचान)

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. उद्देश्य वृक्षबाट उद्देश्यहरू पहिचान गर्न सक्नेछन् ।
२. उद्देश्य अन्तर्गत सम्भावित प्रतिकार्यको विकल्पहरू पहिचान गर्नेछन् ।
३. प्रतिकार्यको विकल्पहरूको सूची तयार गर्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ९० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर<br>• समूह कार्य | • गा.वि.स./न.पा./जि.वि.स.को आवधिक योजना<br>• अन्य योजना (बहुपक्षीय पोषण योजना, कृषि विकास रणनीति, आदि)<br>• स्लाइडहरू<br>◆ मनन योग्य भनाईहरू<br>• हातेपत्रः<br>◆ १०.१ कार्यक्रमहरूको सन्दर्भ सूची |

## *विषय १ः नवीन सोच/सृजनशील सोच (Thinking out of the box)*

### चरणहरूः

१. अल्बर्ट आइन्सटाइन सहितको भनाई **स्लाइड १०ः ३,४,५** क्रमैसँग प्रस्तुत गर्दै छलफल गर्ने । सहभागीहरूलाई उल्लेखित भनाइ ब्याख्या गर्न भन्ने ।
२. सहभागीका विचारहरूलाई संयोजन गर्दै, विगतको भन्दा उच्चस्तरको उपलब्धिको अपेक्षा राख्ने हो भने काम गर्ने तौर तरिका/प्रक्रिया पनि विगतको भन्दा उच्चस्तरका वा फरक हुनुपर्ने अन्यथा उपलब्धि पनि विगतकै जस्तो हुने निष्कर्ष निकाल्ने ।
३. खेल (equilateral triangle, 9 dots; squares) **स्लाइड १०ः ६,७** मार्फत सृजनशील सोचहरूलाई प्रोत्साहन गर्ने ।
४. छलफलमा आएका कुराहरूलाई समीक्षा गर्ने । सारांशमा खाद्य असुरक्षाको समस्या दीगो रूपमा निवारण गर्न विगतमा गरिएका प्रयास पद्धतिहरूमा थप परिष्कृत र सृजनात्मक पहल/सोचको आवश्यक रहेको निष्कर्ष बताउने ।

# विषय २: प्रतिकार्यका विकल्पहरूको पहिचान

## चरणहरूः

१. **<u>स्लाइड १०:८</u>** प्रस्तुत गर्ने र उद्देश्यबाट प्राप्त सूचना पार्श्व तालिकामा (lateral matrix) प्रस्तुत गर्न सकिने कुरा स्पष्ट पार्ने । यस तालिकाले खास उद्देश्य कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा तार्किक रूपमा प्रष्ट देखाउँछ ।

२. यस तालिकालाई ध्यानमा राखी **(<u>स्लाइड १०:८</u>)** समूहलाई मुख्य समस्याको सम्बोधनमा योगदान पुऱ्याउने उद्देश्यहरू निर्माण गर्न लगाउने । मूल काण्ड मुख्य लक्ष र त्यस अन्तर्गतका सकारात्मक वाक्य उद्देश्यहरू भएको प्रष्ट पार्ने ।

३. उद्देश्य पहिचान भएपछि सहभागीहरूलाई उद्देश्यहरू प्राप्त गर्न योगदान पुऱ्याउने खालका सम्भाव्य प्रतिकार्यहरू पहिचान गर्न लगाउने ।

४. प्रतिकार्यहरू पहिचान गर्ने क्रममा, तालिकामा संलग्न माध्यमहरूलाई ध्यानमा राख्ने । माध्यमहरूको प्राप्तता पछि नै उद्देश्य प्राप्त हुने ।

५. सन्दर्भका लागि **प्रतिकार्यका विकल्पहरूको सूची हातेपत्र** १०.१ सन्दर्भको रूपमा प्रयोग गर्न सकिने कुरा बताई हातेपत्र उपलब्ध गराउने ।

६. सहभागीहरूलाई यस चरणमा प्रस्तावित प्रतिकार्यहरूको संभाव्यताबारे चिन्ता नलिन भन्ने । किनकि संभाव्यताबारे अर्को सत्रमा छलफल गरिने कुरा बताउने । यसले उल्लेखित उद्देश्यहरू प्राप्त गर्नको लागि योगदान पुऱ्याउने खालका सम्पूर्ण प्रतिकार्यहरूका विकल्पहरूको सूची बनाउन मद्दत गर्दछ ।

७. प्रतिकार्यहरूका विकल्प पहिचानका क्रममा Floating Solutions लाई पनि ध्यान दिने ।

८. समूहमा जानु भन्दा पहिले सृजनशील सोचको पुनः स्मरण गराउने ।

### *प्रशिक्षकको लागि जानकारी : कोष्ठक १०.१*

समूह छुट्टयाउने र समूह कार्य दिने क्रममा जुन समूहले समस्या वृक्ष तथा उद्देश्य वृक्ष विश्लेषणमा सँगै काम गरेका छन् सोही समूहलाई सम्बन्धित क्षेत्रको प्रतिकार्यको विकल्पहरू पहिचानमा सहभागी भएको कुरा निश्चित गर्ने ।

९. **<u>स्लाईड १०:९</u>** प्रस्तुत गरी उनीहरूले गर्नुपर्ने कार्यको बारेमा स्पष्ट पार्ने ।

# सारांश र मुल्याङ्कन

सहभागीहरूले यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट प्राप्त जानकारीहरूको बारेमा उनीहरूको कस्तो धारणा छ । सहभागीहरूको कडा परिश्रमलाई प्रशंसा गर्ने । सहभागीहरूको प्रतिकार्यका विकल्पहरू पहिचानका बारेमा कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

## प्रतिकार्यका विकल्पहरूको सूची (सन्दर्भको लागि मात्र)

१. साना सिचाइ प्रणाली निर्माण, व्यवस्थापन र सम्भार लागि सहयोग ।
२. संरक्षण खेती, जल संरक्षण, कृषिवन, फलफूल खेती ।
३. सामुदायिक बीउ र अन्न भण्डारणको निर्माण, व्यवस्थापन र सम्भार ।
४. उन्नत बीउको प्रवर्द्धन, स्थानीय बाली विरूवाको संरक्षण र व्यवसायीकरण ।
५. साना सिचाई, बीउ/अन्न भण्डार जस्ता पूर्वाधार निर्माणका लागि कामका लागि नगद ।
६. नयाँ कृषि प्रविधिमा तालिम (विशेष गरी महिलाहरूका लागि)
७. नयाँ बीउको परिक्षण, कृषि सामाग्री र उन्नत बीउ वितरण ।
८. ज्ञान र क्षमता विकासका लागि "सहभागीतात्मक सिकाई" कक्षाहरू सञ्चालन ।
९. समुदाय र व्यापारीहरू बीच बजार सञ्जाल स्थापना ।
१०. प्राकृतिक प्रकोप (बाढी, खडेरी, सुख्खा) विरूद्ध समुदायको उत्थानशीलता (Resilience) क्षमता अभिवृद्धि ।
११. संरक्षण खेती, कृषि वन जस्ता जलवायु परिवर्तन अनुकूलनका कार्यक्रहरू ।
१२. कृषकहरूले खरिद गर्न सकिने सुलभ बीउको व्यवस्था ।
१३. उचित मुल्य निर्धारण, कृषि सामाग्री र औजारका लागि ऋण, अनुदान तथा सहुलियत मूल्यमा प्रदान गर्ने ।
१४. खेतीयोग्य जमीनको चक्लाबन्दी, सामुहिक खेती, साना तथा ठूला सिँचाइ कुलो निर्माण ।
१५. लघु उद्यम, बजार विकास, सडक, गोदाम, सिंचाई जस्ता मुख्य कृषि पूर्वाधारको निर्माण ।
१६. सुलभ यातायात, सुधारिएको भण्डारण सुविधा र सुरक्षित र दीगो पानीको व्यवस्था ।
१७. कृषि प्रविधिमा सुधार, वृक्षारोपण, उन्नत खेती, व्यवस्थित चरिचरण ।
१८. कृषि क्षेत्रको आर्थिक विकासका लागि सहकारीहरूको निर्माण र सुदृढीकरण ।
१९. आम्दानी सवलीकरणका लागि जीविकोपार्जनका क्रियाकलापहरूको प्रभावकारी संयोजन लागि सहजीकरण ।
२०. कृषि/पशुपालन विस्तार सेवा र ऋणको पहुँच जस्ता प्राविधिक सहयोगका लागि पहुँच ।
२१. उन्नत बीउ, उन्नत पशु र अन्य कृषि सामाग्रीहरूको पहुँचमा बृद्धि ।
२२. स्वास्थ्य र सरसफाई सुविधा, चेतना अभिवृद्धि अभियान र क्रियाकलापहरू ।
२३. उपचारात्मक र अतिरिक्त खाद्य कार्यक्रम, विद्यालय खाजा कार्यक्रम, खाद्यबस्तु वितरण ।
२४. पोषण ज्ञान, शिशु स्याहार र शिशु स्याहार सेवाहरू अभिवृद्धिका लागि तालिम/अभिमुखिकरण ।
२५. हडताल, बन्द नगर्ने राजनीतिक प्रतिबद्धताका लागि गोष्ठी छलफल ।
२६. व्यवहारिक शिक्षा क्रियाकलाप, ऋणमा सहुलियत, सस्तो ब्याजदरमा ऋण कार्यक्रम ।
२७. रोजगारीका लागि बसाइसराइ कम गर्ने लक्षित कार्यक्रमहरू ।
२८. शौचालय र सरसफाई सेवाको पहुँचमा सुधार ।
२९. खाद्य बस्तुहरूको सदुपयोगबारे जनचेतनामूलक कार्यक्रम ।
३०. दुर्गम क्षेत्रमा सडक तथा बजार सञ्जालमा सुधार ।
३१. खाद्य असुरक्षाका लागि पूर्व चेतावनी प्रणाली, बाढी पहिरोको पूर्व चेतावनी प्रणालीको स्थापना ।
३२. सामाजिक र भौगोलिक समावेशीकरण ।
३३. बजार मूल्य अनुमगन, ग्रामीण बजार स्थापना तथा सबलीकरण ।

३४. पोषण र उपयुक्त खानपानको चेतनामूलक कार्यक्रम ।
३५. राजनैतिक र आर्थिक सुशासनमा सुधारका कार्यक्रम ।
३६. परम्परागत/जनजाती समूह, सहयोगी समूह, सञ्जालको कार्यदक्षतामा सुधार ।
३७. संस्थागत क्षमता सवलीकरण, पैरवी, खाद्य तथा पोषण सुरक्षाका लागि नीति निर्माणमा पहल ।
३८. आयमूलक कार्यक्रमका लागि संभाब्यता सर्भेक्षण तथा अनुसन्धान ।
३९. सफल आयमूलक कार्यक्रम सञ्चालन भएका क्षेत्रमा स्थलगत भ्रमण ।
४०. बगर खेती, भूमिहिनका लागि जग्गा वितरण, कबुलियत वन, खेतीयोग्य जग्गा उपलब्ध ।
४१. गैर काष्ठ वन पैदावारको आधुनिक संकलन, व्यवस्थापन प्रविधि ।
४२. मूल्य श्रृङ्खला विकास (Value Chain development)
४३. उच्च मूल्यबाली (High value crop) खेती तथा प्रसार ।
४४. पिछडिएका समुदायको खाद्य असुरक्षाका कारणको अध्ययन अनुसन्धान ।
४५. स्थानीय खाद्य उत्पादनको परिकार निर्माण तथा प्रसार ।
४६. खाद्य सुरक्षाबारेका जानकारी संकलन, विश्लेषण र सर्भेक्षण ।
४७. उच्चतम खाद्य असुरक्षा भएका क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि छलफल, पैरवी गोष्ठी ।
४८. खाद्य सुरक्षा तथा पोषणबारे जनचेतनाका लागि गोष्ठी/तालिम ।

# सत्र १० का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

प्रतिकार्यका विकल्पहरुको पहिचान

२

## सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले:

- उद्देश्य वृक्षबाट उद्देश्यहरू पहिचान गर्न सक्नेछन् ।
- प्रमुख उद्देश्य अन्तरगत सम्भावित प्रतिकार्यको विकल्पहरू पहिचान गर्नेछन् ।
- प्रतिकार्यको विकल्पहरूको सूची तयार गर्नेछन् ।

३

## विचार योग्य भनाई

"समस्या सृजना भएको तत्कालीन समयको जस्तै बुद्धि/विवेकको भरमा हामीले समस्याको समाधान निकाल्न सक्दैनौं"

"We cannot solve our problems with the same thinking we used when we created them".

"समस्या सिर्जना भएको स्तरको चेतनाको प्रयोग गरेर कुनै पनि समस्याको समाधान हुँदैन"

"No problem can be solved from the same level of consciousness that created it".

- अल्बर्ट आइन्सटाइन

४

## विचार योग्य भनाई




५

खोज्दौ धर्म गरी पाप !
आत्मा शुद्ध हुँदैन रति !!
रिट्ठाका दाना रोपी !
कहीँ फल्दछ र ! कागती !!

६

## समबाहु त्रिभुज



७

दिइएका ६ वटा सिसाकलम प्रयोग गरी चारवटा समबाहु त्रिभुज (बराबर भुजा भएको त्रिभुज) बनाउनु होस् ।

प्रत्येक त्रिभुज बराबर हुनु पर्नेछ र त्रिभुजका सबै भुजाहरू बराबर हुनुपर्नेछ । सिसाकलम टुक्रा पार्न पाइने छैन ।

८

## प्रतिकार्य विकल्प

प्रतिकार्यका विकल्पहरू

| लक्ष | उद्देश्य | माध्यम | माध्यम | माध्यम | माध्यम | माध्यम | प्रतिकार्यका विकल्प |
|---|---|---|---|---|---|---|---|
| कोल्टी गाविसको खाद्य सुरक्षित दलित समुदाय  | उच्च क्रय शक्ति | नियन्त्रित मूल्य | | | | | • बजार मूल्य अनुगमन |
| | | उच्च आय | उच्च ज्याला | दक्ष श्रमिक/ दक्षतामा बृद्धि | समान ज्याला | | • सिपमूलक तालिम |
| | | | गैकाबपै को उचित मूल्य | गैकाबपै संकलक संगठीत | गैकाबपैबारे नीति | | • गै.का.ब.पै. समूह गठन<br>• तालिम<br>• जिल्ला तथा राष्ट्रियस्तरमा पैरवी<br>• गै.का.ब.पै. समूहको सञ्जाल |
| | | | रोजगारी | नियमित रोजगारी | | | • सरोकारवालाका कार्यक्रम सञ्चालन |
| | | उपचार खर्च न्युन | स्वस्थ्य बालबालिका | उचित सरसफाई | समुदाय सरसफाईबारे जानकारी | | • चर्पी निर्माण<br>• स्वच्छ खानेपानीको उपलब्धता<br>• सरसफाईबारे जनचेतनाका कार्यक्रम<br>• सरसफाईबारे अभिमुखिकरण |
| | | | | पोषित बालबालिका | उपयुक्त खानपानका तरिका अवलम्बन | | • बाल स्याहार तथा खानपानबारे तालिम |
| | उत्पादनमा बृद्धि | मलको उपलब्धता | बजारको पहुँच | सडकको पहुँच | | | • जिल्ला तथा राष्ट्रियस्तरमा पैरवी |
| | | कीराको नियन्त्रण | विषादि उपलब्ध | बजार व्यवस्था | | | • एकीकृत रोगकीरा व्यवस्थापन तालिम<br>• रोग तथा कीरा सहने जातको विउको उपलब्धता |
| | | सिँचाइ कुलोको निर्माण | बैकल्पिक श्रोतको पहिचान | | | | • खडेरी सहने जातको उपलब्धता |
| | | असल विउको प्रयोग | उन्नत बीउको उपलब्धता | कृषकद्वारा उन्नत बीउ प्रयोग | उन्नत बीउबारे जानकारी र प्रसार | कृषकहरू उन्नत विउको महत्वबारे सूचित | • कृषक तालिम<br>• बीउवितरण<br>• उन्नत प्रविधिको प्रदर्शन |

९

## समूहकार्य – सम्भावित प्रतिकार्यहरूको पहिचान

- समूहमा काम गर्नुहोस् ।
- समूह कार्यमा सहजकर्ताले सहजीकरण गर्ने र अन्य सदस्यहरूले सहभागीता गर्नुहोस् ।
- मुख्य उद्देश्यहरू, उद्देश्य वृक्ष र समस्याको हाँगा (causal stream) अन्तरगत सम्भाव्य प्रतिकार्यहरूबारे मन्थन गर्नुहोस् ।
- खुला रूपमा आइरहेका (Floating solutions) प्रतिकार्यहरूको पहिचानका लागि पनि सहजीकरण गर्नुहोस् ।
- प्रतिकार्यका विकल्पहरूको संभाव्यताबारे अहिले ध्यान नदिनुहोस् ।
- प्रतिकार्यहरूको सूची तयार पारी प्रस्तुत गर्नुहोस् ।

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः प्रतिकार्य योजना तर्जुमा (सम्भाव्यता विश्लेषण)

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले:

१. उपयुक्त प्रतिकार्यको छनौटको प्रक्रियाको व्याख्या गर्न सक्नेछन् ।

२. प्रतिकार्यको प्राथमिकिकरणका आठ आधार बताउन सक्नेछन् ।

३. उद्देश्य अन्तर्गत उपयुक्त प्रतिकार्यको सूची तयार गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| १२० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर<br>• समूह कार्य | • स्लाइडहरू<br>◆ मनन योग्य भनाईहरू<br>◆ प्राथमिकिकरणका आधारहरू<br>• हाते पत्र:<br>◆ ११:१ प्राथमिकिकरणका आधारहरू<br>◆ ११.२ प्राथमिकिकरण फाराम<br>◆ ११.३ प्रतिकार्य योजनाको तालिका |

## विषय १: प्रतिकार्य योजना निर्माण

### चरणहरूः

१. हामी अब प्रतिकार्य योजना निर्माणको महत्वपूर्ण चरण तर्फ लागिरहेका छौं भन्ने कुरा बताउने । यो चरणमा हामीले अहिलेसम्म गरेको मुख्य विश्लेषणहरूसँग सम्बन्धित छ (**स्लाइड ११ः ३**) । ती विश्लेषणहरू के होलान भनी प्रश्न गर्ने, प्राप्त उत्तरहरूका लागि धन्यबाद दिंदै ति क्रमशः समस्या वृक्ष विश्लेषण; सरोकारवालाहरूको नक्साङ्कन; स्रोत र अवसरहरूको विश्लेषण; उद्देश्य वृक्ष विश्लेषण र प्रतिकार्यका विकल्पहरू पहिचान हुन भनी बताउने ।

२. यसै पृष्ठभूमिका आधारमा हामी प्रस्तावित खाद्य सुरक्षा प्रतिकार्य योजनामा समावेश गरिनु पर्ने मुख्य प्रतिकार्यहरू पहिचान गर्दैछौं ।

३. यस चरण अन्तर्गत अघिल्लो विश्लेषण (अघिल्लो सत्र)मा हामीले पहिचान गरेका प्रतिकार्यका विकल्पहरू निश्चित आधारहरू प्रयोग गरी प्राथमिकिकरणका गर्नेछौं ।

## विषय २: सम्भाव्यता अध्ययनका लागि आधार

### चरणहरूः

१. सम्भाव्य प्रतिकार्यहरू प्राथमिकिकरण गर्ने क्रममा ध्यान दिनु पर्ने मुख्य आधारहरू विस्तारपूर्वक व्याख्याका लागि **स्लाइड ११:४, ५** प्रस्तुत गर्नुहोस् ।
२. आधार (Criteria) र तिनीहरूको परिमाणात्मक सीमाबारे छलफल गर्ने ।
३. सहभागीहरूलाई यी आधारहरू प्रतिकार्यका विकल्पहरूको प्राथमिकता तोक्न प्रयोग हुने कुरा बताउने ।

## विषय ३: सम्भाव्य प्रतिकार्यहरूको प्राथमिकता

### चरणहरूः

१. सम्भाव्यता आकलनका लागि प्रस्तुत गरिएका आधारहरूको प्रयोग गरी सम्भाव्य प्रतिकार्य पुनरावलोकन गर्न लगाउने । प्राथमिकिकरणको क्रममा प्रयोग गरिने आधारहरू र परिमाणात्मक सीमाको तालिका (**स्लाइड ११:६**) प्रस्तुत गर्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक ११.१

सहमतिमा आधारित प्राथमिकिकरणः सम्भाव्य प्रतिकार्यहरूको सहमतिमा आधारित प्राथमिकिकरणका लागि निम्न चरणहरू स्पष्ट पार्नुहोस्:

- समूहमा काम गर्ने ।
- प्राथमिकिकरण तालिका तयार गर्ने ।
- प्रतिकार्यहरूलाई बाँया महल/स्तम्भमा सूचिकृत गर्ने ।
- हरेक प्रतिकार्यलाई एक-एक गरी छलफल गर्ने । हरेक आधारका लागि अंक निर्धारण गर्ने ।
- हरेक प्रतिकार्यको अंकहरूको योगफल निकाल्ने ।
- कम्तीमा १५ वटा प्रतिकार्यका विकल्पहरूको पूनरावलोकन /प्राथमिकीकरण गरे पश्चात् अन्य बाँकी रहेका सबै प्रतिकार्यका विकल्पहरूलाई सहमतिका आधारमा मौखिक रूपमा प्राथमिकीकरण गर्ने ।
- प्राथमिकिकरण गरिएको प्रतिकार्यहरूको सूचीलाई अन्तिम रूप दिने ।

२. सहमतिमा आधारित भएर प्रतिकार्यहरूको अध्ययन र प्राथमिकिकरण गरे पश्चात् तिनीहरूलाई खाद्य सुरक्षा प्रतिकार्य योजनाको तालिकामा समावेश गरिने कुरा बताउने ।
३. तालिकाको मुख्य पक्षहरूका साथै प्रतिकार्य योजना तालिकामा सूचनाहरू कसरी समावेश गर्ने भन्ने बारेमा स्पष्ट पार्नका लागि **स्लाइड ११:७** प्रस्तुत गर्ने । कुनै एक क्रियाकलापलाई तालिकामा समावेश गरी थप प्रष्टता ल्याउन प्रयास गर्ने ।
४. सहभागीहरू प्रष्ट भएको सुनिश्चित गरी प्राथमिकता प्राप्त प्रतिकार्यहरूलाई तालिकामा (Response Plan Matrix) राख्न लगाउने ।
५. यसका साथै, जिल्लाको विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माणका लागि यो खाका (Response Plan Matrix) को प्रयोग र विस्तार गरिने कुरा सहभागीहरूलाई जानकारी दिने ।
६. **स्लाईड ११:८** प्रस्तुत गरी उनीहरूले गर्नुपर्ने कार्यको बारेमा स्पष्ट पार्ने ।
७. समूहकार्यमा जानु अघि **कोष्ठक ११:२** को लघु कथा प्रस्तुत गरी हाम्रो प्रयास महत्वपूर्ण भएको सन्देश दिने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक ११.२

**के फरक पर्छ र ? (स्लाइड ११.९)**

समुद्रको किनारमा एक जना बालिकाले समुद्री छालले समुद्रको किनारमा ल्याएर छोडेको स-साना माछा तथा जीवहरूलाई अंजुलीमा जम्मा गर्दै पुनः पानीमा फाल्दै थिईन । समुद्री किनारमा हिंडदै गरेका एकजना बटुवालाई अचम्म लागेर सोधेछ "नानी यो तिमीले के गरिराखेको छौ?" नानीको जवाफ थियो "यो छालबाट किनारमा आएर तातो बालुवामा सुकेर मर्न लागेका जीवहरूलाई पुनः पानी तर्फ फालेर बचाउँदै छु ।" "हरे यहाँ लाखौं करोडौं जीव किनारमा आई मर्दैछन तिमीले गरेकोले प्रयासले के फरक पार्छ र ।" ति बालिकाको उत्तर थियो, "हो यहाँ करौडौ मरिराखेकै छन् तर जसलाई मैलै पानीमा फाले उसलाई त फरक पर्छ नि, उसको त जिवन बच्यो नि ।" यो सन्दर्भ हाम्रो खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तथा योजना निर्माणमा सान्दर्भिक बनाई समस्याहरू धेरै छन् तर हाम्रा प्रयासले कुनै समुदाय वा परिवार खाद्य सुरक्षित हुन योगदान गर्‍यो भने यो उल्लेखनीय नै हो भनी सन्दर्भ जोड्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक ११.३

समूह छुट्टयाउने र समूह कार्य दिने क्रममा जुन समूहले समस्या वृक्ष, उद्देश्य वृक्ष विश्लेषणमा सँगै काम गरेका थिए सोही समूहले सम्भाव्य प्रतिकार्यको विश्लेषण र प्राथमिकिकरण गरेको सुनिश्चित गर्ने ।

## सारांश र मुल्याङ्कन

सहभागीहरूले यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट प्राप्त जानकारीहरूको बारेमा उनीहरूको कस्तो धारणा छ । सहभागीहरूको कडा परिश्रमलाई प्रशंसा गर्ने । सहभागीहरूलाई प्रतिकार्यको प्राथमिकीकरण बारेमा कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

हातेपत्र ११.१

## प्रतिकार्य छनौट / प्राथमिकताका लागि आधार

| आधार तथा अंक भार | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| आन्तरिक वा बाह्य स्रोत । | बाह्य स्रोत (जिल्ला बाहिर दातृ निकाय समेत) | जिल्ला भित्रको स्रोत (जिल्ला स्तरीय विकास निकाय, गैसस समेत) | जिविस र न.पा. वा गाविसको स्रोत | समुदाय र न.पा. वा गाविसको स्रोत | स्थानीय समुदायको स्रोत परिचालन |
| छिटो छरितो रूपमा प्रतिफल प्रदान गर्ने । | ३ वर्ष भन्दा बढि लाग्ने | २ देखि ३ वर्ष | १ देखि २ वर्ष | ६ देखि १२ महिना | ६ महिना भित्र |
| खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न प्रत्यक्ष योगदान पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| समुदायको उच्च सहभागीता जुटाउन मद्दत गर्ने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| पिछडिएको समुदाय, महिला र बालबालिकाहरूलाई फाइदा पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| वातावरण संरक्षणमा योगदान पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| सहकार्य र सहयोगका लागि अवसरहरू प्रदान गर्ने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| समुदायमा शान्ति र सामञ्जस्यता कायम गर्न लागि थप योगदान पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| जम्मा अंक | ८ | १६ | २४ | ३२ | ४० |

*हातेपत्र ११.२*

## प्रतिकार्य प्राथमिकताको लागि अङ्क निर्धारण फाराम

| प्रतिकार्य | आन्तरिक वा बाह्य स्रोत । | छिटो छरितो रूपमा प्रतिफल प्रदान गर्ने । | खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न प्रत्यक्ष योगदान पुऱ्याउने । | समुदायको उच्च सहभागीता जुटाउन मद्दत गर्ने । | पिछडिएको समुदाय, महिला र बालबालिकाहरू लाई फाइदा पुऱ्याउने । | वातावरण संरक्षणमा योगदान पुऱ्याउने । | सहकार्य र सहयोगका लागि अवसरहरू प्रदान गर्ने । | समुदायमा शान्ति र सामञ्जस्यता कायम गर्न लागि थप योगदान पुऱ्याउने । | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | अंक १ देखि ५* | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

* अंक ५ ले उत्कृष्ट जनाउँछ ।

हातेपत्र ११.३

## प्रस्तावित प्रतिकार्य योजना खाका (Proposed Response Plan Matrix) .........................जीविकोपार्जन क्षेत्र

| प्रतिकार्य वा क्रियाकलापको नाम | इकाई | परिमाण | गाविस / समुदायको नाम | लक्षित समुदाय | अनुमानित लक्षित जनसंख्या | संचालन हुने समय | अनुमानित लागत | सहयोगी संस्था (स्रोत) | कार्यान्वयन गर्ने संस्था | अनुगमन क्रियाकलापको नाम र समय | अनुगमन गर्ने संस्था / निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## सत्र ११ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

### NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

प्रतिकार्यको योजना– प्रतिकार्यका विकल्पहरूको सम्भाव्यता विश्लेषण

२

### सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले:

- उपयुक्त प्रतिकार्यको छनौट प्रक्रियाको व्याख्या गर्न सक्नेछन् ।
- प्रतिकार्यको प्राथमिकिकरणका आठ आधार बताउन सक्नेछन् ।
- उद्देश्य अन्तरगत उपयुक्त सम्भावित प्रतिकार्यको सूची तयार गर्न सक्नेछन् ।

३

### प्रतिकार्य योजना संक्षेपमा

हालसम्मका गरिएका विश्लेषणलाई मनन गरी योजनाको प्रारूप तयार गर्ने ।

हालसम्म गरिएका विश्लेषण:

- समस्या विश्लेषण
- स्रोत र अवसरहरूको विश्लेषण
- सरोकारवालाहरूको नक्साङ्कन
- उद्देश्य विश्लेषण
- प्रतिकार्यका विकल्पहरू पहिचान

उपर्यूक्त विश्लेषणलाई आधार गर्दै प्रतिकार्यको खाका (Matrix) को विकास

- प्रतिकार्यका विकल्पहरू मध्ये उपयुक्त प्रतिकार्य छनौट र प्राथमिकता
- प्राथमिकीकरण गरिएका प्रतिकार्य समावेश गरी प्रतिकार्यको खाका (Matrix) निर्माण गर्ने ।

४

## प्रतिकार्य छनौटका लागि मुख्य आधारहरू

१. आन्तरिक स्रोतहरूबाट सञ्चालन गर्न सकिने ।
२. छिटो छरितो रूपमा प्रतिफल प्रदान गर्ने ।
३. खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न प्रत्यक्ष योगदान पुऱ्याउने ।
४. समुदायको उच्च सहभागीता जुटाउन मद्दत गर्ने ।
५. पिछडिएको समुदाय, महिला र बालबालिकाहरूलाई फाइदा पुऱ्याउने ।
६. वातावरण संरक्षणमा योगदान पुऱ्याउने ।
७. सहकार्य र सहयोगका लागि अवसरहरू प्रदान गर्ने ।
८. समुदायमा शान्ति र सामञ्जस्यताका लागि थप योगदान पुऱ्याउने ।

५

## प्रतिकार्य छनौटका लागि मुख्य आधार

| आधार तथा अंक भार | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| आन्तरिक वा बाह्य स्रोत । | बाह्य स्रोत (जिल्ला बाहिर दातृ निकाय समेत) | जिल्ला भित्रको स्रोत (जिल्ला स्तरीय गैसस समेत) | जिविस र न.पा. वा गाविसको स्रोत | समुदाय र न.पा. वा गाविसको स्रोत | स्थानीय समुदायको स्रोत परिचालन |
| छिटो छरितो रूपमा प्रतिफल प्रदान गर्ने । | ३ वर्ष भन्दा बढि लाग्ने | २ देखि ३ वर्ष | १ देखि २ वर्ष | ६ देखि १२ महिना | ६ महिना भित्र |
| खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न प्रत्यक्ष योगदान पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| समुदायको उच्च सहभागीता जुटाउन मद्दत गर्ने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| पिछडिएको समुदाय, महिला र बालबालिकाहरूलाई फाइदा पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| वातावरण संरक्षणमा योगदान पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| सहकार्य र सहयोगका लागि अवसरहरू प्रदान गर्ने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| समुदायमा शान्ति र सामन्जस्यता कायम गर्न लागि थप योगदान पुऱ्याउने । | अति कम | कम | मध्यम | उच्च | अति उच्च |
| जम्मा अंक | ८ | १६ | २४ | ३२ | ४० |

६

## प्रतिकार्य प्राथमिकताको लागि अंक निर्धारण फाराम

| प्रतिकार्य | आन्तरिक वा बाह्य स्रोत । | छिटो छरितो रूपमा प्रतिफल प्रदान गर्ने | खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न प्रत्यक्ष योगदान पुऱ्याउने । | समुदायको उच्च सहभागीता जुटाउन मद्दत गर्ने । | पिछडिएको समुदाय, महिला र बालबालिकाहरू लाई फाइदा पुऱ्याउने । | वातावरण संरक्षणमा योगदान पुऱ्याउने । | सहकार्य र सहयोगका लागि अवसरहरू प्रदान गर्ने । | समुदायमा शान्ति र सामन्जस्यता कायम गर्न लागि थप योगदान पुऱ्याउने । | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | अंक १ देखि ५* | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

* अंक ५ ले उत्कृष्ट जनाउँछ ।

७

## खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका (Response Matrix)

| प्रतिकार्य वा क्रियाकलापको नाम | इकाई/परिमाण | गाविस / समुदायको नाम | लक्षित समुदाय | अनुमानित लक्षित जनसंख्या | संचालन हुने सक्ने समय | अनुमानित लागत | सहयोगी संस्था | कार्यान्वयन गर्ने संस्था | अनुगमन क्रियाकलापको नाम र समय | अनुगमन गर्ने संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

८

## सहमतिमा आधारित प्राथमिकीकरण तथा प्रतिकार्य योजनाको खाका

- समूहमा काम गर्ने ।
- एक पटकमा एउटा प्रतिकार्यबारे छलफल गर्ने ।
- हरेक आधारका लागि अंक निर्धारण गर्ने ।
- हरेक प्रतिकार्यले विभिन्न आधारहरूमा प्राप्त अंकहरू जोड्ने ।
- सबै क्रियाकलापहरूको समीक्षा गरी प्राथमिकता निर्धारण गर्ने ।
- प्राथमिकिकरण भएका प्रतिकार्यलाई समावेश गरी खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका (Matrix) तयार पार्ने ।

९

## के फरक पर्छ र ?



# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणः खाद्य सुरक्षा प्रतिकार्य योजना

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. प्रतिकार्य योजनाको ब्यवहारिक परिभाषा बताउन सक्नेछन् ।
२. प्रतिकार्य योजनाको विषयसूचीबारे बताउन सक्नेछन् ।
३. जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका तयार गर्न सक्नेछन् ।
४. प्रतिकार्य योजनाको खाकामा थप कार्य गरी विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गर्न कार्यदल गठन गर्नेछन् ।
५. विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजनालाई पूरा गर्न कार्य योजनाको निर्माण गर्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| १२० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर<br>• समूह कार्य | • स्लाइडहरू<br>◆ प्रतिकार्य योजनाको परिभाषा<br>◆ प्रतिकार्य योजनाका मुख्य विषयबस्तु<br>◆ कार्ययोजनाको नमुना<br>• हाते पत्रः<br>◆ १२.१ प्रतिकार्य योजनाका मुख्य विषयबस्तु<br>◆ १२.२ प्रतिकार्य योजना |

## विषय १ः खाद्य सुरक्षा प्रतिकार्य योजना

### चरणहरूः

१. गत सत्रमा गरिएको काम, खाद्य सुरक्षा प्रतिकार्य योजना तालिकाको छोटकरीमा समिक्षा गर्ने ।
२. खाद्य सुरक्षा प्रतिकार्य योजना गाविस, नगरपालिका, जिविस वा जिल्लाका विकास निकायहरू लगायत गै.स.स र परियोजनाहरूको वार्षिक योजना निर्माणमा खाद्य सुरक्षाका सन्दर्भमा ध्यान दिनुपर्ने क्रियाकलाप हुन भन्ने कुरामा पुनः जोड दिने । यी क्रियाकलापहरू प्रतिकार्य विश्लेषणका आधारमा खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गरिन्छ भनी खाद्य सुरक्षा प्रतिकार्य योजनाको परिभाषा प्रष्ट पार्ने (**स्लाइड १२ः३**) ।
३. खाद्य सुरक्षासँग सम्बन्धित (खाद्य सुरक्षा भन्नाले चार आयामहरू र तीसँग सम्बन्धित विषयहरू हुन् भन्ने कुरा थप स्पष्ट पार्ने) विभिन्न योजना र कार्यक्रमहरूलाई खाद्य सुरक्षा सान्दर्भिक वनाउन यी क्रियाकलापहरू कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे छलफल गर्ने ।

४. यसका साथै, त्यस्ता योजना निर्माणका लागि जिल्ला खाद्य सुरक्षा सञ्जाल एउटा सहजकर्ता भएको कुरा स्पष्ट पार्ने । जिल्लाका विकास निकायहरू र गा.वि.स/नगरपालिकासम्म खाद्य सुरक्षा प्रतिकार्य योजनामा उल्लेख खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्‍याउने प्रस्तावित प्रतिकार्यहरू प्रसार गर्ने स्वामीत्व र अधिकार जिविससँग हुने कुरा बताउने ।

## विषय २: खाद्य सुरक्षा प्रतिकार्य योजनाका मुख्य पक्षहरू

### चरणहरू:

१. खाद्य सुरक्षा प्रतिकार्य योजनाका मुख्य पक्ष व्याख्या गर्नका लागि **स्लाइड १२: ४, ५** प्रस्तुत गर्ने ।
२. योजनाको हरेक पक्ष र सम्बन्धबारे व्याख्या गर्ने ।
३. प्रतिकार्य योजनामा समावेश गर्नुपर्ने जानकारीहरूको बारेमा सहभागीहरू स्पष्ट भए पछि योजना निर्माण लेखन कार्य शुरू गर्न सहभागीहरूलाई समूहलाई कार्य गर्न लगाउने ।

## विषय ३: खाद्य सुरक्षा प्रतिकार्य योजना तयारी

### चरणहरू

१. खाद्य सुरक्षा प्रतिकार्य योजनामा काम गर्नका लागि सहभागीहरूलाई समूहमा विभाजन गर्ने ।
२. सबै समूहहरूलाई आवश्यक सन्दर्भ सामाग्री र कागजातहरू उपलब्ध गराउनु पर्दछ । समूहहरूले खाद्य सुरक्षा प्रतिकार्य योजनाको विषयबस्तु मस्यौदा तयार पार्ने काम गर्नका लागि सान्दर्भिक विश्लेषण तथा अन्य सामाग्री प्रयोग गर्ने कुराबारे सहजकर्ताले सहजीकरण गर्ने ।
३. समूहले निम्न सूचनाहरू भएको आफ्नो जीविकोपार्जन क्षेत्रको लिखित प्रस्तुति तयार पार्नेछन्:
   - तोकिएको खण्डको संक्षिप्त विषयबस्तु, समावेश गरी लिखित दस्तावेज तयार गर्ने ।
   - सूचनाको कमी – थप के सूचनाहरू आवश्यक छ ? पहिचान गर्ने ।
   - आवश्यक पर्ने सूचना परिपुर्ति गर्ने सूचनाको स्रोत,
   - विश्लेषण तथा लेखन कार्य सम्पन्न गर्न लाग्ने समय, र
   - जिम्मेवार व्यक्ति तथा संस्था ।
४. समूहद्वारा ठूलो समूहमा माथि बुँदा ३ मा उल्लेखित रूपरेखाको प्रस्तुति गर्ने । सुझाव/टिप्पणी सम्बन्धित समूहले संकलन गर्ने ।
५. सूचनामा भएको कमी, टिप्पणी/सुझाव सम्पादन र खाद्य सुरक्षा प्रतिकार्य योजना विस्तारमा थप काम गर्नका लागि समूहलाई कार्यदल गठन गर्न सदस्यहरू मनोनयन गर्न लगाउने (**स्लाइड १२: ६**) ।
६. ठूलो समूहमा मुख्य क्रियाकलापहरू र खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण र जि.वि.स.मा अनुमोदनमा लाग्ने समयावधि सहित कार्ययोजना निर्माण गर्ने (**स्लाइड १२: ७**) ।

## सारांश र मुल्याङ्कन

सहभागीहरूले यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट प्राप्त जानकारीहरूको बारेमा उनीहरूको कस्तो धारणा छ । सहभागीहरूको कडा परिश्रमलाई प्रशंसा गर्ने । सहभागीहरूलाई खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण बारेमा कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

# खाद्य सुरक्षा प्रतिकार्य योजनाका मुख्य विषयबस्तुहरू

**परिच्छेद – १**

१. जिल्लाको पृष्ठभूमि अवस्थिति

२. खाद्य सुरक्षाको अवस्था (जिल्लाको खाद्य सुरक्षाको स्थितिबारे छोटो परिचय दिनुहोस् ।)

३. खाद्य सुरक्षा प्रतिकार्य योजना (प्रतिकार्य योजनाको छोटो परिचय, उद्देश्य, योजना निर्माण विधि, औचित्य र सीमितताबारे छोटो जानकारी उल्लेख गर्नुहोस् ।)

४. खाद्य सुरक्षा प्रतिकार्य योजनाको सार (खाद्य सुरक्षाको स्थिति, खाद्य असुरक्षाका मुख्य कारक तत्वहरू, स्रोत र सम्भावना, सरोकारवालाहरूका कार्यक्रम, खाद्य सुरक्षाका उद्देश्य, खाद्य सुरक्षा प्रतिकार्यका विकल्पहरू, प्रतिकार्यका विकल्पहरूको प्राथमिकीकरण, प्रतिकार्यको खाका (Response Matrix), कार्यान्वयनका रणनीति, अनुगमन तथा मुल्याङ्कन, साझेदारीका अवसर तथा जीविकोपार्जन क्षेत्र (Livelihood Zone) बिभाजनका आधारहरूबारे छोटो विवेचना गर्नुहोस् ।)

**परिच्छेद – २**

२.१ ...............जीविकोपार्जन क्षेत्र

२.१.१ परिचय

२.१.२ खाद्य सुरक्षाको अवस्था

२.१.३ खाद्य असुरक्षाका कारण

२.१.४ सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीहरू

२.१.५ कार्यरत सरोकारवाला तथा कार्यक्रमहरू

२.१.६ खाद्य असुरक्षाका कारणहरू निराकरणका लागि निर्धारित उद्देश्य

२.१.७ प्रतिकार्यका विकल्पहरू (Response Options)

२.१.८ प्रतिकार्य योजना तर्जुमा

२.२ ......................... जीविकोपार्जन क्षेत्र

**परिच्छेद – ३**

३.१ योजनाको कार्यान्वयन

३.२ अनुगमन मुल्याङ्कन

३.३ आगामी दिशा

**अनुसूचीहरू**

१. जिल्लाको र क्षेत्रगत घरधुरी र जनसङ्ख्या

२. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमका सहभागिहरूको विवरण

३. तालिमको विषयवस्तु

४. सन्दर्भ सामाग्री

५. खाद्य सुरक्षा चरण वर्गीकरणका अनुरूप चरणहरूको परिभाषा

६. खाद्य सुरक्षा प्रतिकार्य योजनामा थप कार्य गर्नका लागि गठित कार्यदल

# सत्र १२ का स्लाइडहरु

**१**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

### खाद्य सुरक्षा प्रतिकार्य योजना

**२**

## सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले:

- प्रतिकार्य योजनाको विषयसूचीबारे बताउन सक्नेछन् ।
- जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका तयार गर्न सक्नेछन् ।
- विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण कार्यलाई पूरा गर्न कार्यदल गठन गर्नेछन् ।
- विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजनालाई पूरा गर्न कार्य योजनाको निर्माण गर्नेछन् ।

**३**

## प्रतिकार्य योजना

- प्रतिकार्य योजना भन्नाले जिल्लाको खाद्य सुरक्षा स्थिति सबल तुल्याउनका लागि कार्यान्वयन गरिने मुख्य प्रतिकार्यहरू (Response) समावेश गरिएको विस्तृत खाद्य सुरक्षा योजना हो ।

- प्रतिकार्य योजना जिल्लामा विद्यमान खाद्य सुरक्षाका समस्या, स्रोत र अवसरहरू, सरोकारवाला, खाद्य सुरक्षाका उद्देश्य तथा सम्भावित क्रियाकलाप जस्ता मुख्य पक्षहरूको विश्लेषणको तथा अन्य सान्दर्भिक जानकारीहरूको विश्लेषण तथा संयोजनका आधारमा तयार पारिन्छ ।

४

## प्रतिकार्य योजनाका मुख्य विषयबस्तुहरु

**परिच्छेद - १**

१. जिल्लाको पृष्ठभूमि अवस्थिति
२. खाद्य सुरक्षाको अवस्था
३. खाद्य सुरक्षा प्रतिकार्य योजना
४. खाद्य सुरक्षा प्रतिकार्य योजनाको सार

**परिच्छेद - २**

२.१ ............ जीविकोपार्जन क्षेत्र
२.१.१ परिचय
२.१.२ खाद्य सुरक्षाको अवस्था
२.१.३ खाद्य असुरक्षाका कारण
२.१.४ सबल पक्ष, दुर्वल पक्ष, अवसर र चनौतिहरू
२.१.५ कार्यरत सरोकारवाला तथा कार्यक्रमहरू
२.१.६ खाद्य असुरक्षाका कारणहरू निराकरणका लागि निर्धारित उद्देश्य
२.१.७ प्रतिकार्यका विकल्पहरू (Response Options)
२.१.८ प्रतिकार्य योजना तालिका (Response Matrix)
२.२ ............ जीविकोपार्जन क्षेत्र

५

## प्रतिकार्य योजनाका मुख्य विषयबस्तुहरु

**परिच्छेद - ३**

३.१ योजनाको कार्यान्वयन
३.२ अनुगमन मुल्याङ्कन
३.३ आगामी दिशा

**अनुसूचीहरू**

१. जिल्लाको र क्षेत्रगत घरधुरी र जनसङ्ख्या
२. खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमका सहभागिहरूको विवरण
३. तालिमको विषयवस्त
४. सन्दर्भ सामाग्री
५. खाद्य सुरक्षा चरण वर्गीकरणका अनुरूप चरणहरूको विवरण
६. विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण कार्यका लागि गठित कार्यदल

६

## कार्यदल (Task Force) का सदस्यहरु

| क्र.सं. | नाम | संस्था | कार्यदलमा पद |
|---|---|---|---|
| १ | | | संयोजक |
| २ | | | सदस्य |
| ३ | | | सदस्य |
| ४ | | | सदस्य |
| ५ | | | सदस्य |
| ६ | | | सदस्य |
| ७ | | | सदस्य |
| | | | |

७

## विस्तृत प्रतिकार्य योजनाको निर्माण र अनुमोदन

| कार्यहरू | मिति |
|---|---|
| मस्यौदा योजनाको तयारी सम्पन्न | |
| खाद्य सुरक्षा सञ्जालमा प्रस्तुति र अनुमोदन | |
| जिविसमा प्रस्तुति र अनुमोदन तथा पूर्व योजना तर्जुमा गोष्ठीमा छलफल | |
| गाविस तथा अन्य निकायमा सन्दर्भका लागि प्रेषण | |
| इलाकास्तरमा छलफल | |
| जिविस विषयगत समिति प्रस्तुति र अनुमोदन | |
| जिविस परिषदमा प्रस्तुति र अनुमोदन | |

८

## धन्यवाद !

# खाद्य सुरक्षा प्रतिकार्य योजनालाई वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. जिल्ला विकास योजना र गाउँ विकास योजना तयार गर्ने सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका १४ चरणहरू व्याख्या गर्न सक्नेछन् ।

२. जिल्लाको वार्षिक योजनामा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गराउनको लागि प्रमुख चरणहरूबारे व्याख्या गर्न सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ६० मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न र उत्तर | • जिल्लाको वार्षिक योजना<br>• स्लाइडहरू<br>◆ १४ चरणको सहभागीमूलक योजना तर्जुमा प्रक्रिया |

## *विषय १ः सहभागितात्मक जिल्ला विकास योजना तर्जुमाको अवधारणा – योजना तर्जुमा प्रक्रिया*

### चरणहरूः

१. सहभागीहरूलाई वार्षिक योजना तर्जुमा प्रक्रियाको मुख्य चरणहरू **(स्लाइड १३. ३)** बारेमा सोध्ने । प्रतिक्रियाहरू टिप्ने, र प्रतिक्रियाहरूलाई पूनरावलोकन गर्ने ।

२. सहभागीहरूलाई योजना निर्माणको १४ चरणका बारेमा जानकारी छ छैन सोध्ने ।

३. **स्लाइड १३. ४** मार्फत **१४ चरणको सहभागिमुलक योजना तर्जुमा प्रक्रिया** प्रस्तुत गर्ने ।

४. जिल्लामा अपनाईएको वार्षिक योजना तर्जुमा प्रक्रियासँग तुलना गर्दै १४ चरणका योजनाबारे प्रष्ट गर्ने ।

५. हाम्रो उद्देश्य १४ चरणको योजना तर्जुमा प्रक्रियामा तालिम दिनु नभई यस प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजना संयोजनका लागि पृष्ठभूमि तयार पार्नु हो भन्ने प्रष्ट पार्ने ।

६. १४ चरणमा कुन-कुन चरणमा खाद्य सुरक्षा प्रतिकार्य योजना संयोजन प्रक्रियाबारे पहल गर्न सकिन्छ भनेर सोध्ने, जसले गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालद्वारा तयार खाद्य सुरक्षा प्रतिकार्य योजनाले लक्षित खाद्य सुरक्षा क्रियाकलाप/प्रतिकार्यहरू समावेश गर्नमा मद्दत गरोस् ।

७. **स्लाइड १३ः ५** मार्फत १४ चरणको योजना तर्जुमा प्रक्रियामा जिल्ला खाद्य सुरक्षा सञ्जालको सम्भाव्य कार्यक्रमहरू प्रस्तुत गर्ने कुरा बताउने ।

८. गा.वि.स., जि.वि.स. र जिल्लाका स्थानीय निकायहरू लगायतका जिल्लाका अन्य परियोजना/कार्यक्रमहरूको वार्षिक योजनामा खाद्य सुरक्षाका क्रियाकलापहरू समावेश गर्न जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूको भूमिकाबारे छलफल गरी स्पष्ट पार्ने ।
९. खाद्य सुरक्षा प्रतिकार्य योजनालाई ३ वटा चरणमा संयोजनका लागि पहल गर्न सकिने कुरा बताउने । पहिलो, जिल्लाको पूर्व योजना तर्जुमा गोष्ठी, दोश्रो, इलाकास्तरीय गोष्ठी र तेश्रो, विषयगत समितिका बैठक । यो कसरी गर्न सकिन्छ होला भनी छलफल गर्ने ।
१०. खाद्य सुरक्षासँग सम्बन्धित हाल विद्यमान योजना/कार्यक्रमहरूको बारेमा छलफल गर्ने ।
११. जिल्लामा अन्य कुनै क्षेत्रगत (sectoral) योजना निर्माण गरिएको भए त्यसको बारेमा सोध्ने (उदाहरणको लागि सडकको गुरू योजना, विपद् व्यवस्थापन योजना, कृषि विकास योजना आदि) ।
१२. के ती योजनाहरू खाद्य सुरक्षासँग सम्बन्धित हुन जरूरी छ भनेर सोध्ने । यदि छ भने कसरी त्यस्ता योजनाहरू कसरी निर्माण गरिन्छ, कसले नेतृत्व गर्नुपर्छ, कार्यदलमा को-को हुनुपर्छ र स्रोतहरू कसरी कार्यान्वयन गर्ने भन्ने कुरा सोध्ने । यो छलफलले खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माणमा सहभागीहरूको योगदान गर्ने तर्फ पहलकदमी गर्न अभिरूचि बढाउन सहयोग गर्दछ ।

## विषय २ः वार्षिक जिल्ला विकास योजनामा समायोजन

### चरणहरूः

१. विभिन्न योजनाहरू बीच समन्वय कसरी गरिन्छ भनेर सोध्ने ।
२. सहभागीहरूको प्रतिक्रिया लेख्ने, समन्वयमा कुनै कमी भएमा पत्ता लगाउने । विशेष गरी आवधिक योजनाले वार्षिक योजनामा कसरी योगदान पुर्‍याउँछ र वार्षिक योजनाले आवधिक योजनालाई कसरी योगदान गर्दछ भनी प्रष्ट पार्ने ।
३. वार्षिक योजना प्रक्रियालाई मार्गदर्शन गर्ने विभिन्न योजना र रणनीतिहरूको बीचको सम्बन्ध र समन्वयका बारेमा छलफल गर्नका लागि **स्लाइड १३ः ६** प्रस्तुत गर्ने ।
४. अन्तमा, वार्षिक योजना प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजना समायोजन गर्ने कार्य योजना प्रष्ट पार्न **स्लाइड १३ः ७** प्रस्तुत गर्ने ।

### प्रशिक्षकको लागि जानकारी ः कोष्ठक १३.१

खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणलाई नेपाल सरकारको योजना तर्जुमाको समय तालिकामा मिल्नु महत्वपूर्ण छ । नेपाल सरकारको जिल्ला विकास योजना निर्माण कार्य हरेक वर्ष कार्तिक महिनामा शुरू हुन्छ तसर्थ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण सो भन्दा पहिलेनैं गर्नुपर्दछ जसले गर्दा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई नियमित गा.वि.स./जि.वि.स. योजना तर्जुमा प्रक्रियामा संयोजन गर्न सकियोस् ।

## सारांश र मुल्याङ्कन

सहभागीहरूले यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट प्राप्त जानकारीहरूको बारेमा उनीहरूको कस्तो धारणा छ । सहभागीहरूको कडा परिश्रमलाई प्रशंसा गर्ने । नेपाल सरकारको योजना तर्जुमा प्रक्रिया र गा.वि.स. र जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजनाको संयोजन बारेमा सहभागीहरूको कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

# सत्र १३ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण**

खाद्य सुरक्षा प्रतिकार्य योजनालाई जिल्ला विकास योजनासँग संयोजन

२

**यस सत्रको उद्देश्य**

यस सत्रको अन्तमा सहभागीहरूले :

- जिल्ला विकास योजना र गाउँ विकास योजना तयार गर्ने सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाका १४ चरणहरू व्याख्या गर्न सक्नेछन् ।
- जिल्लाको वार्षिक र आवधिक योजनामा खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गराउनको लागि प्रमुख चरणहरूबारे व्याख्या गर्न सक्नेछन् ।

३

**जिल्लाको योजना तर्जुमा प्रक्रिया चरण**

?

४


स्थानीय निकायको सहभागितात्मक समावेशी योजना तर्जुमा प्रक्रिया
स्थानीय निकायको सहभागितात्मक समावेशी योजना तर्जुमा प्रकृया
समय तालिका
बजेट पूर्वानुमान र मार्गदर्शन
कार्तिक मसान्त सम्म
१
बजेट पूर्वानुमान र मार्गदर्शनको पुनरावलोकन
मंसिर पहिलो हप्ता सम्म
२
एकीकृत योजना तर्जुमा बैठक
मंसिर दोश्रो हप्ता सम्म
३
गा.बि.स. / न.पा. बैठक
मंसिर मसान्त सम्म
४
टोलस्तरको योजना छनौट
पौषका पहिला हप्ता भित्र
५
वडा समिति बैठक
पौषको दोश्रो हप्ता भित्र
६
वडा नागरिक मन्च
एकिकृत योजना तर्जुमा समिति बैठक
गा.बि.स. / न.पा. बैठक
पौषको तेश्रो हप्ता भित्र
७
गा.बि.स. / न.पा. परिषद बैठक
पौष मसान्त भित्र
८
गा.बि.स. / न.पा. स्तरिय स्वीकृत योजना कार्यान्वयन
माघको तेश्रो हप्ता भित्र
९
इलाका स्तरिय योजना तर्जुमा गोष्ठी
फागुन पहिलो हप्ता भित्र
१०
विषयगत योजना तर्जुमा समिति बैठक
फागुन दोश्रो हप्ता भित्र
११
एकिकृत योजना तर्जुमा समिति बैठक
फागुन तेश्रो हप्ता भित्र
१२
जिल्ला विकास समिति बैठक
१३
फागुन मसान्त भित्र
जिल्ला परिषद बैठक
१४
चैत्र १० गते भित्र
जिल्ला स्तरिय स्वीकृत योजना कार्यान्वयन प्रकृया प्रारम्भ

५


स्थानीय निकायको सहभागितात्मक समावेशी योजना तर्जुमा प्रक्रिया
स्थानीय निकायको सहभागितात्मक समावेशी योजना तर्जुमा प्रकृया
संयोजनको प्रक्रिया
संयोजनको प्रक्रिया
संयोजनको पक्रिया
बजेट पूर्वानुमान र मार्गदर्शन
मंसिर दोश्रो हप्ता सम्म
३
गा.बि.स. / न.पा. बैठक
मंसिर मसान्त सम्म
४
पौषको दोश्रो हप्ता भित्र
६
पौषको तेश्रो हप्ता भित्र
७
गा.बि.स. / न.पा. परिषद बैठक
पौष मसान्त भित्र
८
गा.बि.स. / न.पा. स्तरिय स्वीकृत योजना कार्यान्वयन
माघको तेश्रो हप्ता भित्र
९
इलाका स्तरिय योजना तर्जुमा गोष्ठी
फागुन पहिलो हप्ता भित्र
१०
विषयगत योजना तर्जुमा समिति बैठक
फागुन दोश्रो हप्ता भित्र
११
एकिकृत योजना तर्जुमा समिति बैठक
फागुन तेश्रो हप्ता भित्र
१२
जिल्ला विकास समिति बैठक
१३
फागुन मसान्त भित्र
जिल्ला परिषद बैठक
वडा नागरिक

६


वार्षिक जिल्ला विकास योजना तथा गाउँ विकास योजना प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

६

## खाद्य सुरक्षा प्रतिकार्य योजना अनुमोदन तथा संयोजनका चरणहरू

- तालिमको अवधिमा खाद्य सुरक्षा प्रतिकार्य योजनाको खाका तयार ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण कार्यदल (Task Force) का सदस्यले योजनाको खाका तालिमको अन्तिम रूप दिन सञ्जालका सदस्य बिच सुझावका प्रस्तुति ।
- कार्यदल (Task Force) का सदस्यले योजनाको खाकामा थप कार्य गरी विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा निर्माण ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य सचिव तथा कार्यदल (Task Force) का संयोजकद्वारा मस्यौदा जिविसमा सुझाव तथा अनुमोदनका लागि पेश गरी अनुमोदित खाद्य सुरक्षा प्रतिकार्य योजनाका कार्यक्रमहरू जिल्ला विकास योजनामा संयोजनका लागि जिविस मार्फत सहजीकरण ।

७

## धन्यवाद !

# खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन

## उद्देश्यहरू:

यस सत्रको अन्तमा सहभागीहरूले :

१. कार्यक्रम कार्यान्वयनको मुख्य पक्षहरू बताउन सक्नेछन् ।
२. कामको समय तालिकामा समावेश हुनुपर्ने पक्षहरू बताउन सक्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ४५ मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर | • स्लाइडहरू<br>◆ कार्यान्वयनका सन्दर्भमा मुख्य पक्षहरू<br>◆ कामको समय तालिका<br>◆ कार्य योजनाको मुख्य पक्षहरू |

## *विषय १: कार्यक्रम कार्यान्वयनका मुख्य पक्षहरू*

### चरणहरू:

१. सहभागीहरूलाई प्रभावकारी कार्यक्रम कार्यान्वयनको सन्दर्भमा ध्यान राख्नुपर्ने मुख्य पक्षहरू के-के होलान् भनेर सोध्ने ।
२. कार्यक्रम/प्रतिकार्यको कार्यान्वयनको क्रममा ध्यान दिनुपर्ने मुख्य पक्षहरू **स्लाइड १४:३** मार्फत प्रस्तुत गर्ने ।
३. हरेक पक्षबारे छलफल गरी स्पष्ट पार्ने ।

## *विषय २: साझेदारी र सहकार्य*

### चरणहरू:

१. सहभागीहरूलाई साझेदारी भन्नाले के बुझ्नुहुन्छ भनेर सोध्ने ।
२. साझेदारी किन आवश्यक छ ?
३. प्रभावकारी साझेदारीका लागि कस्ता सिद्धान्तहरू आवश्यक छन् ?

# विषय ३: कार्यक्रम/कार्ययोजनाको समय तालिका

### चरणहरू

१. सहभागीहरूलाई कार्यक्रमको समय तालिका भन्नाले के बुझ्नुहुन्छ भनेर सोध्ने ।
२. यो किन आवश्यक छ ?
३. यसमा समावेश गर्नुपर्ने मुख्य तत्वहरू के हुन ?
४. कार्यक्रमको समय तालिकाका तत्वहरूको बारेमा स्पष्ट पार्नका लागि **स्लाइड १४:४** प्रस्तुत गर्ने ।

# विषय ४: खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन

### चरणहरूः

१. समय र प्रक्रियाको सन्दर्भमा तत्काल र वार्षिक खाद्य सुरक्षा प्रतिकार्य योजना कसरी कार्यान्वयन गर्न सकिन्छ भनेर सोध्ने ।
२. दुवै प्रकारका योजनामा (तत्काल र वार्षिक) समय तालिका र कार्यान्वयन प्रक्रियामा भिन्न भिन्नै पक्षहरू हुन्छन् भन्ने कुरा स्पष्ट पार्न **स्लाइड १४: ५** प्रस्तुत गर्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक १४.१

यस वर्ष तयार पारिएको खाद्य सुरक्षा प्रतिकार्य योजना आउँदो आर्थिक वर्षमा कार्यान्वयन गरिन्छ । तसर्थ योजना निर्माणको चरणमा सरोकारवालाहरूको बलियो प्रतिबद्धता भएको सूनिश्चित हुन आवश्यक छ (खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण र गा.वि.स. योजना निर्माण प्रक्रियामा सोको संयोजन) । यी प्रतिबद्धताहरूले योजना कार्यान्वयनमा प्रत्यक्ष सकारात्मक असर पार्दछ ।

# सारांश र मुल्याङ्कन

सहभागीहरूले यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । कार्यक्रम कार्यान्वयनका बारेमा सहभागीहरूको कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

# सत्र १४ का स्लाइडहरु

**१**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

### प्रतिकार्य योजना कार्यान्वयन

**२**

## यस सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले :

- कार्यक्रम कार्यान्वयनको मुख्य पक्षहरू बताउन सक्नेछन् ।
- कामको समय तालिकामा समावेश हुनुपर्ने पक्षहरू बताउन सक्नेछन् ।

**३**

## कार्यान्वयनका सन्दर्भमा ध्यान दिनु पर्ने मुख्य पक्षहरु

- सहभागिता
- क्षमता अभिवृद्धि
- पारदर्शिता
- जवाफदेयीता
- साझेदारी र सहयोग
- क्रियाकलापको दिगोपन
- कामको समय तालिका

४

## कामको समय तालिका

निम्न पक्ष समावेश भएको तालिका

- क्रियाकलापको नाम
- लक्षित समुदाय र क्षेत्र
- समय - क्रियाकलापको शुरूवात र अन्त
- स्रोतहरू
- जिम्मेवारी - नेतृत्व र सहयोग
- अनुगमन क्रियाकलाप र सोको समय तालिका

५

## प्रतिकार्य योजनाको कार्यान्वयन

- तात्कालिक खाद्य सुरक्षा प्रतिकार्य योजना (Immediate Food Security Response Plan)
  - विपदको (Disaster) सन्दर्भमा तयार गरिने ।
  - जिल्ला दैवी प्रकोप उद्धार समितिको (DDRC) पहलमा तत्कालै सञ्चालन ।
- वार्षिक खाद्य सुरक्षा प्रतिकार्य योजना (Annual Food Security response plan)
  - जिल्ला विकास समिति तथा विकास निकायका नियमित कार्यक्रम सञ्चालन अनुरूप सञ्चालन हुने ।
  - वार्षिक योजना तर्जुमा प्रक्रिया अनुरूप ।

६

## धन्यवाद !

# अनुगमन र मुल्याङ्कन

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. अनुगमन र मुल्याङ्कनको परिभाषा बताउन सक्नेछन् ।
२. नेपाल सरकारको प्रचलित अनुगमन र मुल्याङ्कनका क्रियाकलापहरूको व्याख्या गर्न सक्नेछन् ।
३. अनुगमन र मुल्याङ्कन योजनाको प्रमुख पक्षहरू व्याख्या गर्न सक्नेछन् ।
४. खाद्य सुरक्षा प्रतिकार्य योजनाको लागि अनुगमन र मुल्याङ्कन योजनाको रूपरेखा बारेमा बताउन सक्नेछन ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| ४५ मिनेट | • मस्तिष्क मंथन<br>• प्रस्तुति<br>• प्रश्न उत्तर | • स्लाइडहरू<br>◆ अनुगमन तथा मुल्याङ्कनको परिभाषा<br>◆ अनुगमन र मुल्याङ्कनको भिन्नता<br>◆ प्रतिकार्य विश्लेषणको रूपरेखा<br>◆ अनुगमन तथा मुल्याङ्कन योजनाको नमुना<br>• हाते पत्रः<br>◆ १५.१ खाद्य सुरक्षा प्रतिकार्य योजनाको अनुगमन तथा मुल्याङ्कन योजना |

## *विषय १ः अनुगमन तथा मुल्याङ्कन अवधारणा*

### चरणहरूः

१. सहभागीहरूलाई अनुगमन तथा मुल्याङ्कनबारे छलफल गर्न लागेको बारे भन्ने । यसका लागि हरेक सहभागीलाई अनुगमन तथा मुल्याङ्कनको परिभाषा बताउन भन्ने ।
२. सहभागीहरूले राखेका विचारहरूलाई संश्लेषण गर्दै **स्लाइड १५ः ३, ४** प्रस्तुत गरी अनुगमन तथा मुल्याङ्कनको परिभाषा प्रष्ट गर्ने ।
३. अनुगमन तथा मुल्याङ्कनका विधि /प्रक्रियाका बारेमा छलफल गर्ने । सहभागीका प्रतिक्रियाहरू लेख्ने र **स्लाइड १५ः ५** प्रस्तुत गर्ने । अनुगमन तथा मुल्याङ्कनका विभिन्न विधिहरू छन् तर हामी यी विधिबारे छलफल गर्दैछौं भन्ने ।
४. जिल्लामा खाद्य सुरक्षा प्रतिकार्य योजना अनुगमन तथा मुल्याङ्कनका लागि पनि यस्तै विधिहरूको प्रयोग गरिने कुरा स्पष्ट पार्ने । सोबारेका **स्लाइड १५ः ६, ७, ८** प्रस्तुत गरी प्रष्ट गर्ने ।

५. यी मध्ये खाद्य सुरक्षा प्रतिकार्य योजनाको समीक्षा पक्रियाबारे छोटो विवेचना गर्दछौ भनी समीक्षा र अध्यावधिक गर्ने समय तालिका र विधिबारे **कोष्ठक १५.१** सन्दर्भ लिंदै **स्लाइड १५: ९** प्रस्तुत गरी छोटो विवेचना गर्ने ।
६. यसका साथै, खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको रूपरेखा (**स्लाइड १५: १०**) प्रस्तुत गर्ने र वार्षिक रूपमा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रिया सुधारका लागि सुझाव प्रदान गर्ने मुख्य तत्व अनुगमन तथा मुल्याङ्कन भएको कुरामा जोड दिने ।

# विषय २: अनुगमन तथा मुल्याङ्कन योजना

## चरणहरूः

१. सहभागीहरूले कुनै अनुगमन तथा मुल्याङ्कन योजना बनाउनु भएकोछ कि भनेर सोध्ने । अनुगमन तथा मुल्याङ्कन योजनाको मुख्य तत्वहरूको बारेमा आफ्ना विचार प्रस्तुत गर्न लगाउने ।
२. अनुगमन तथा मुल्याङ्कन योजनाको मुख्य तत्वहरूको बारेमा स्पष्ट पार्नका लागि **स्लाइड १५:११** प्रस्तुत गर्ने । सन्दर्भका लागि नमूना अनुगमन तथा मुल्याङ्कन योजना प्रस्तुत गर्ने ।
३. जिल्लामा निर्माण भएको खाद्य सुरक्षा प्रतिकार्य योजनाका प्रभावकारी कार्यान्वयन भएको यकिन गर्ने अनुगमन तथा मुल्याङ्कन योजना एउटा प्रमुख साधन हो भन्ने कुरा बताउने ।
४. मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य योजनाको अनुगमन मुल्याङ्कन योजना (**हातेपत्र १५.१**) प्रस्तुत गर्ने, केही सुझाव भए रिपोट गर्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक १५.१

खाद्य सुरक्षा प्रतिकार्य योजनाको समीक्षा तथा अध्यावधिक प्रक्रिया

यस वर्ष तयार गरिएको खाद्य सुरक्षा प्रतिकार्य योजना आउँदो आर्थिक वर्षमा कार्यान्वयन गरिन्छ । एक वर्षको दौरानमा के कस्ता उपलब्धि भए, कस्ता सिकाईहरू भए र आगामी दिनमा खाद्य सुरक्षाका सन्दर्भमा थप के कस्ता पहल र कार्यक्रम गर्नुपर्ला जस्ता महत्वपूर्ण विषयवस्तु समावेश गरिएको २ दिने समीक्षा गोष्ठी आयोजना गर्ने प्रक्रिया रहेको छ । सोबारे छोटो जानकारी निम्न छः

- खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन / उपलब्धिको प्रस्तुति र समीक्षा ।
- जिल्लाको खाद्य सुरक्षाको अवस्था (विगत वर्षभरीको खाद्य सुरक्षा अनुगमनको नतिजाको सम्पादन तथा जिल्लामा सञ्चालित खाद्य सुरक्षा तथा पोषणबारेका अन्य अध्ययन प्रतिवेदनहरूको विश्लेषणका आधारमा तयार गरिएको) ।
- आगामी वर्ष केन्द्रित गर्नुपर्ने खाद्य सुरक्षा तथा पोषणबारेका प्रमुख मुद्दा (Issues) ।
- उपर्यूक्त विश्लेषणको समग्र अवस्थालाई विचार गरी खाद्य सुरक्षा प्रतिकार्य योजनालाई अध्यावधिक गर्ने ।
- अध्यावधिक योजनालाई जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्ने ।

# सारांश र मुल्याङ्कन

सहभागीहरूले यस सत्रमा के कुराहरू सिक्नुभयो भनेर सोध्ने । सत्रबाट प्राप्त जानकारीहरूको बारेमा उनीहरूको कस्तो धारणा छ । सहभागीहरूलाई अनुगमन तथा मुल्याङ्कनको परिभाषा, भिन्नता र अनुगमन मुल्याङ्कन योजनाको मुख्य पक्षहरू भन्न लगाउने । अनुगमन तथा मुल्याङ्कनको बारेमा सहभागीहरूको कुनै जिज्ञासा वा प्रश्न भएमा सोध्ने । यदि कुनै जिज्ञासा भएमा सम्बोधन गर्ने र सत्रको अन्त गर्ने ।

# खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण अनुगमन मुल्याङ्कन योजना

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **समग्र उद्देश्य:** तथ्यमा आधारित खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गरी जिल्लाको खाद्य सुरक्षा सबल तुल्याउन योगदान पुर्‍याउने । | • वार्षिक जिल्ला विकास योजना निर्माण प्रक्रियामा खाद्य सुरक्षा प्रतिकार्य योजना समायोजन गर्ने जिल्लाको संख्या ।<br>• NeKSAP बाट सिर्जित तथ्यमा आधारित भई निर्माण भएका खाद्य सुरक्षासँग सम्बन्धित क्रियाकलापको संख्या ।<br>• खाद्य सुरक्षालाई एक रणनैतिक उद्देश्यका रूपमा पहिचान गरिएका जिविसको संख्या । | • आयोजनाको मध्यावधि तथा अन्तिम मुल्याङ्कन प्रतिवेदन ।<br>• जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक पुस्तिका ।<br>• क्षेत्रीय समीक्षा प्रतिवेदन ।<br>• सरोकारवालाका वार्षिक योजना ।<br>• जिल्ला विकास योजना ।<br>• जिल्लाको आवधिक योजना ।<br>• जिल्ला परिषदका निर्णय पुस्तिका । | • जिल्ला विकास योजना समीक्षा ।<br>• जिल्ला खाद्य सुरक्षा सञ्जालको प्रतिवेदनको समीक्षा<br>• आवधिक योजनाको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालको Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू<br>• कृषि विकास मन्त्रालय | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **विशिष्ट उद्देश्य**:<br>जिल्लाका सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका विधिहरू प्रयोग गरी तथ्यमा आधारित जिल्ला खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन गर्न क्षमता अभिबृद्धि गर्ने । | • तथ्यमा आधारित खाद्य सुरक्षा योजना निमार्ण तथा सञ्चालन भएका योजनाको संख्या ।<br>• जिल्लाको खाद्य सुरक्षाको स्थिति सुधार गर्न जिल्ला खाद्य सुरक्षा सञ्जालको तथ्यहरूमा आधारित हुँदै खाद्य सुरक्षा प्रतिकार्य योजना तथा बजेट विनियोजन गर्ने जिल्लाको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनामा आधारित योजना निर्माण तथा बजेट विनियोजन गर्ने सरोकारवालाहरूको संख्या । | • जिल्लाका खाद्य सुरक्षा प्रतिकार्य योजना ।<br>• जिल्लाका विषयगत समितिका वैठकका निर्णयहरू ।<br>• जिल्लाका एकीकृत योजना तर्जुमा समितिका वैठकका निर्णयहरू ।<br>• सरोकारवालाका योजना ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाबारे जिविस, सं.मा.तथा स्था.वि.मं., कृ.वि.मं., रा.यो.आ.बाट जारी मार्गदर्शन तथा पत्रका प्रतिलिपिहरू ।<br>• प्रगति प्रतिवेदन तथा समीक्षा बैठकका प्रतिवेदनहरू । | • प्रतिवेदनहरूको समीक्षा तथा सम्पादन ।<br>• सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• बैठक निर्णय पुस्तिका तथा मार्गदर्शनहरूको पुनरावलोकन । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |
| **नतिजा १:**<br>खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको नमुनाको विकास, परिक्षण तथा अध्यावधिक । | • सरोकारवाला समेतको सल्लाह सुझावमा तयार मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको नमुना ।<br>• मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको परिक्षण भएका जिल्लाको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको तालिम तथा स्रोत पुस्तिका । | • बैठकका प्रतिवेदनहरू ।<br>• परामर्श तथा अन्तरक्रिया बैठकका प्रतिवेदनहरू ।<br>• तालिम प्रतिवेदन तथा Training Database ।<br>• तालिम, परिक्षण तथा सिकाइका प्रतिवेदन । | • नमुना विधिको समीक्षा तथा अध्यावधिका लागि गोष्ठी ।<br>• सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• तालिम प्रतिवेदनहरूको समीक्षा । | • एक पटक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **नतिजा २:**<br>खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका सहजीकरणका लागि प्रशिक्षकहरू। | • खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम सञ्चालन गर्न कम्तिमा ३० जना तालिम प्राप्त प्रशिक्षकहरू।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्री ।<br>• प्रमुख प्रशिक्षक तालिमको पाठ्यक्रम तथा पाठयोजना । | • तालिम प्रतिवेदन तथा Training Database ।<br>• प्रशिक्षकहरूको सूची ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका । | • तालिम प्रतिवेदन तथा Training Database को समीक्षा ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम |
| **नतिजा ३:**<br>खाद्य असुरक्षा सम्बोधनमा लागि खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा बजेट विनियोजन । | • खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम सञ्चालन भएका जिल्लाहरू।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण गरेका जिल्लाहरूको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिममा सहभागी भएका सरोकारवालाको संख्या ।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनामा बजेट विनियोजन गरेका जिल्लाहरूको संख्या । | • खाद्य सुरक्षा प्रतिकार्य योजना ।<br>• तालिम प्रतिवेदन ।<br>• जिविस/गा.वि.स. तथा अन्य सरोकारवाला बिच साझेदारी तथा योजना तर्जुमा बैठकका निर्णयहरू<br>• तालिम प्रतिवेदन तथा Training Database. | • सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार ।<br>• बैठक निर्णय पुस्तिका, जिल्ला विकास योजना, सरोकारवालाका कार्यक्रम तथा तालिम प्रतिवेदनको समीक्षा । | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम<br>• जिल्ला खाद्य सुरक्षा सञ्जाल |

| तहगत उद्देश्य | उपलब्धीका सूचक | जानकारीका स्रोत | जानकारी संकलन विधि | पटक | जिम्मेवारी | प्रतिवेदनको प्रसार |
|---|---|---|---|---|---|---|
| **नतिजा ४:**<br>खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रिया जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन। | • खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमबारे रा.यो.आ., सं.मा. तथा स्था.वि.मं.बाट समन्वय तथा सहजीकरण।<br>• खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणमा जिविसको सहभागिता तथा समन्वय।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजना अन्य कार्यक्रम (MSNP, SUAHARA, KISAN आदि) सँगको सहकार्य तथा समन्वय।<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयनको समीक्षा सञ्चालन भएका जिल्लाहरू। | • खाद्य सुरक्षा संञ्जालको सचिवालय, कृविका<br>• जिविस (जिविस का पत्राचार)।<br>• वार्षिक समीक्षा गोष्ठीको प्रतिवेदन ।<br>• बैठक निर्णय पुस्तिका तथा तालिम प्रतिवेदन। | • सरोकारवालाहरूसँग अन्तरक्रिया, साक्षात्कार।<br>• बैठक निर्णय पुस्तिका, पत्र, मार्गदर्शन तथा तालिम प्रतिवेदनको समीक्षा<br>• खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयनको समीक्षा प्रतिवेदनको समीक्षा। | • वार्षिक | • जिल्ला खाद्य सुरक्षा सञ्जालका Focal Person<br>• WFP का सम्बन्धित कर्मचारीहरू | • कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विश्व खाद्य कार्यक्रम<br>• जिल्ला खाद्य सुरक्षा सञ्जाल |

**मुख्य क्रियाकलापहरू:**

- मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको नमुना।
- सरोकारवालाको सल्लाह सुझावका लागि परामर्श बैठक।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको विकास।
- मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको परिक्षण।
- खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रियामा सहजीकरण।
- मस्यौदा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको परिक्षणका सिकाईबारे गोष्ठी।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको पुनरावलोकन तथा अध्यावधिक।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण विधिको तालिम तथा स्रोत पुस्तिका तथा अन्य शिक्षण सामाग्रीको नेपाली रूपान्तरण।
- प्रमुख प्रशिक्षक तालिमको सञ्चालन।
- जिल्लास्थित विकास निकाय प्रमुख तथा प्रतिनिधि (सञ्जालका सदस्य) लाई खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणबारे अभिमुखीकरण।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिम सञ्चालन।
- जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजनको सहजीकरण।
- खाद्य सुरक्षा प्रतिकार्य योजना कार्यान्वयनको समीक्षा।

# सत्र १५ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण

अनुगमन र मुल्याङ्कन

२

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

## यस सत्रको उद्देश्य

यस सत्रको अन्तमा सहभागीहरूले :

- अनुगमन र मुल्याङ्कनको परिभाषा बताउन सक्नेछन् ।
- नेपाल सरकारको विद्यमान अनुगमन र मुल्याङ्कनका क्रियाकलापहरूको व्याख्या गर्न सक्नेछन् ।
- अनुगमन र मुल्याङ्कन योजनाको प्रमुख पक्षहरू व्याख्या गर्न सक्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य योजनाको अनुगमन र मुल्याङ्कन योजनाको रूपरेखाबारे बताउन सक्नेछन ।

३

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

## अनुगमन

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो ।

४

## मुल्याङ्कन

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के-कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के-कस्ता उपलब्धि एवम् प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्य मुल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मुल्याङ्कन हो ।

५

## अनुगमन मुल्याङ्कनका विधि प्रक्रिया

- सार्वजनिक परीक्षण (Public Audit)
- सार्वजनिक सुनुवाइ (Public Hearing)
- सामाजिक परीक्षण (Social Audit)
- पाक्षिक, मासिक तथा चौमासिक प्रतिवेदन
- वार्षिक समीक्षा

६

## सार्वजनिक परीक्षण (Public Audit)

सार्वजनिक निकायबाट सञ्चालन भएका योजना, नीति, कार्यक्रम तथा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, प्रतिफल तथा खर्चको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने, लेखाजोखा गर्ने र मुल्याङ्कन गर्ने कार्यलाई सार्वजनिक परीक्षण भनिन्छ ।

७

## सार्वजनिक सुनुवाइ *(Public Hearing)*

सरोकारवाला, सर्वसाधारण नागरिक र सार्वजनिक निकायका पदाधिकारीहरूबीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने कार्यलाई सार्वजनिक सुनुवाइ भनिन्छ ।

८

## सामाजिक परीक्षण *(Social Audit)*

सार्वजनिक सेवा प्रदानका सम्पूर्ण गतिविधिहरूमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता र जानकारी हुनुपर्ने मान्यताअनुरूप सरोकारवालाहरूको संलग्नतामा सेवाप्रदायक निकायको सम्पूर्ण गतिविधिको समुचित परीक्षण गरी त्यसको प्रतिवेदन गर्ने कार्य सामाजिक परीक्षण हो ।

९

## खाद्य सुरक्षा प्रतिकार्य योजनाको समीक्षा तथा अध्यावधिक

- खाद्य सुरक्षा प्रतिकार्य योजनाको कार्यान्वयन / उपलब्धिको प्रस्तुति र समीक्षा ।
- जिल्लाको खाद्य सुरक्षाको अवस्था (विगत वर्षभरीको खाद्य सुरक्षा अनुगमनको नतिजाको सम्पादन तथा जिल्लामा सञ्चालित खाद्य सुरक्षा तथा पोषणबारेका अन्य अध्ययन प्रतिवेदन विश्लेषणको आधारमा तयार गरिएको)
- आगामी वर्ष केन्द्रित गर्नुपर्ने खाद्य सुरक्षा तथा पोषण बारेका प्रमुख मुद्दा (Issues) ।
- उपयुक्त विश्लेषणको समग्र अवस्थालाई विचार गरी खाद्य सुरक्षा प्रतिकार्य योजनालाई अध्यावधिक गर्ने ।
- अध्यावधिक योजनालाई जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्ने ।

१०

## खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण रूपरेखा




११

## अनुगमन तथा मुल्याङ्कन योजना खाका – उदाहरण

| तहगत उद्देश्यको विवरण | जानकारी (सूचक) | जानकारी प्राप्त हुने स्रोत | जानकारी संकलनका विधि | जानकारी संकलन र विश्लेषण गर्ने व्यक्ति | प्रतिवेदन पठाउने समय |
|---|---|---|---|---|---|
| **लक्ष: समुदायको खाद्य सुरक्षाको स्थितिमा सुधार** | | | | | |
| **उद्देश्य १ : समुदायको आयमा सुधार भई क्रय शक्तिमा बृद्धि** | | | | | |
| **१.१ उपलब्धी** कृषकहरूद्वारा आय आर्जनका कार्यक्रम सञ्चालन । | आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने घरधुरी | महिला तथा बालबालिका कार्यालय | प्रगति विवरण | सामाजिक परिचालक | मासिक |
| **१.२ उपलब्धी** ............ | | | | | |
| **उद्देश्य २ : समुदायको कृषि उत्पादकत्वमा बृद्धि** | | | | | |
| **२.१ उपलब्धी** सिँचाई कुलो निर्माण | निर्माण भई सञ्चालनमा रहेका सिँचाईको संख्या | जिविस प्राविधिक कार्यालय | प्रगति विवरण | प्राविधिक सहायक सुपरभाइजर | चौमासिक |

१२

## धन्यवाद !

# तालिमको समापन

## उद्देश्यहरूः

यस सत्रको अन्तमा सहभागीहरूले :

१. खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रियाबारे बताउन सक्नेछन् ।
२. तालिमको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षबारे लिखित मुल्याङ्कन गर्नेछन् ।
३. खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनबारे प्रतिबद्धता व्यक्त गर्नेछन् ।
४. तालिमको औपचारिक रूपमा समापन गर्नेछन् ।

| समय | विधि | सामग्रीहरू |
|---|---|---|
| १२० मिनेट | • प्रस्तुति<br>• मस्तिष्क मंथन<br>• व्यक्तिगत अभ्यास | • न्यूज प्रिन्ट र मार्कर<br>• स्लाइडहरू<br>◆ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमको उद्देश्य<br>◆ विषयबस्तु<br>• हाते पत्रः<br>◆ १६.१ खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमको मुल्याङ्कन फाराम |

## *विषय १ः तालिमको पूनरावलोकन*

### चरणहरूः

१. तालिमको उद्देश्यहरू र विषयबस्तु प्रस्तुत गर्ने, उद्देश्य प्राप्ति र प्राप्त ज्ञानका बारेमा सहभागीहरूको धारणा बुझ्ने । सन्दर्भका लागि उद्देश्यहरू (**स्लाइड १६:३**) र मुख्य विषयबस्तु (**स्लाइड १६:४,५,६,७**) प्रस्तुत गर्ने ।
२. प्रतिक्रियाहरू लेख्ने । यदि वहाँहरूको कुनै मामिला/चासो भएमा सहजीकरण र सम्बोधन गर्ने ।
३. तालिमको विषयबस्तु र प्रक्रियाका बारेमा सहभागीहरूको सुझाव लिने ताकि भविष्यमा गरिने यस्ता तालिमलाई अझ बढी प्रभावकारी बनाउन सकियोस् । प्रतिक्रियाहरू लेख्ने र उनीहरूको अमूल्य सुझाव र पृष्ठपोषणका लागि आभार प्रकट गर्ने । उपयुक्त सुझाव र पृष्ठपोषणहरू आगामी तालिमहरूमा सम्बोधन गरिने कुरा बताउने ।
४. यसका साथै खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रिया भविश्यमा हुने पुनरावलोकनको क्रममा तथा विषयबस्तु र प्रक्रियामा दिइएको टिप्पणी सुधार गर्नका लागि महत्वपूर्ण हुनेछ । यसै पृष्ठभूमिमा सृजनात्मक टिप्पणी र सुझावका लागि तालिम मुल्याङ्कन फारम (**हातेपत्र १६.१**) वितरण गर्ने र आफ्ना विचारहरू लिखित रूपमा प्रस्तुत गर्न लगाउने ।

# विषय २: तालिमको समापन

## चरणहरूः

१. औपचारिक समापनको आयोजना गर्ने ।
२. समापन सत्रको लागि जिल्ला कृषि विकास कार्यालय प्रमुख वा सम्पर्क ब्यक्तिलाई सत्रको सहजीकरण गर्नको लागि अनुरोध गर्ने ।
३. समापन सत्रको कार्यक्रम अनुसार हरेक जीविकोपार्जन समूहका नेतालाई यो चारदिने खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमको नतिजा प्रस्तुत गर्न लगाउने (खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण योजनाको मस्यौदा जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्यहरूलाई प्रस्तुत गर्ने ) ।
४. तालिमको सहभागीहरूको तर्फबाट एक वा दुई जना सहभागीलाई मन्तव्य राख्न लगाउने ।
५. उनीहरूको मन्तव्यका लागि आभार प्रकट गर्ने ।
६. अतिथि/वरिष्ठ अधिकारीहरूलाई मन्तव्यका लागि आग्रह गर्ने । वहाँहरूको मन्तव्यका लागि धन्यवाद दिने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक १६.१

समापन समारोहको लागि मुख्य कार्यक्रम निम्न हुन सक्छन् :

- समापन समारोहको अध्यक्ष तथा अन्य अतिथिको आसन ग्रहण ।
- प्रत्येक समूहद्वारा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका मुख्य नतिजाहरूको प्रस्तुति ।
- प्रस्तुतिमा प्रश्न उत्तर ।
- प्रशिक्षकद्वारा निम्न कुरामा जोड दिँदै भविष्यको योजनाको बारेमा जानकारी दिने :
  - विस्तृत खाद्य सुरक्षा प्रतिकार्य योजना बनाउन हालको रूपरेखामा काम गर्न कार्य दल ।
  - जि.वि.स. बाट अनुमोदनका लागि जिल्ला कृषि विकास कार्यालय, कार्यदलको अध्यक्षले सहजिकरण गर्ने र विषयगत समिति र जिल्लाका सरोकारवालासँग खाद्य सुरक्षा प्रतिकार्य योजनालाई संयोजन गर्न समन्वय गर्ने ।
- मन्तब्य
  - सहभागीहरूको तर्फबाट
  - अतिथि र अन्य वरिष्ठ अधिकारीहरू
- अध्यक्षद्वारा आफ्नो मन्तब्य सहित तालिमको समापन ।

७. विश्व खाद्य कार्यक्रम/कृषि विकास मन्त्रालयका प्रतिनिधिहरूलाई जिल्ला खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको आगामी चरणहरू/भविष्यको योजना लगायत उनीहरूको मन्तव्यका लागि आग्रह गर्ने । (मन्तव्यमा निम्न कुराहरू भएको सुनिश्चित गर्नुहोस्: तालिम प्रति सम्पूर्ण अतिथि र सहभागीहरूको चासो र समयका लागि आभार; संयोजक–जसले जिल्लामा यो कार्यक्रम सुचारू रूपमा सञ्चालनमा सहयोग पुऱ्याउनु भयो; खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको आउँदो चरण; जि.वि.स.सँग समन्वय गर्ने कार्यदलका प्रमुख जिल्ला कृषि विकास कार्यालय, खाद्य सुरक्षा प्रतिकार्य योजनामा स्रोतको सहमती र निर्धारण गर्ने विषयगत समिति र सरोकारवालाहरू, र तालिममा आएका चासोको सम्बोधन गर्ने र मन्तब्य प्रकट गर्ने सहभागी र वा अतिथिहरूलाई धन्यवाद ।)
८. अन्ततः प्रमुख अतिथि/सभापतिलाई वहाँको मन्तव्यका साथमा तालिमको औपचारिक समापनका लागि आग्रह गर्ने ।

### प्रशिक्षकको लागि जानकारी : कोष्ठक १६.२

समापन समारोह तालिमको एउटा महत्वपूर्ण क्रियाकलाप हो जसले सहभागीहरू खाद्य सुरक्षा प्रतिकार्य योजनालाई पूरा गर्न र आफ्नो जिल्लामा त्यसको कार्यान्वयन गर्न उत्तरदायी बनाउँछ । प्रत्येक सहभागी र अतिथिलाई उनीहरूको सक्रिय सहभागीता र तालिममा सहयोग पुर्‍याएकोमा आभार प्रकट गर्न नभुल्नु होला ।

खाद्य सुरक्षा प्रतिकार्य योजना विकास सम्बन्धि जिल्ला खाद्य सुरक्षा सञ्जालको भविष्यको योजना, स्रोतको निर्धारण र त्यसको कार्यान्वयन लगायत जिल्ला खाद्य सुरक्षा सञ्जालले गर्नु पर्ने कार्यहरूमा सहभागीहरू प्रष्ट भएको सुनिश्चित गर्नु अति आवश्यक छ ।

## सारांश र मुल्याङ्कन

तालिममा उनीहरूको सहभागिताका लागि सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिने र प्रमुख अतिथिको मन्तव्य सहित तालिमको अन्त गर्ने ।

# NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण तालिमको मुल्याङ्कन फाराम

तल दिएका विषयहरू माथि सम्बन्धित ठाउँमा रेजा (✓) लगाई तथा लिखित रूपमा आफ्नो प्रतिक्रिया दिनुहोस ।

| विवरण | पूर्ण असहमत | असहमत | तटस्थ | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| १. यस तालिमले मेरा अपेक्षाहरू पुरा गऱ्यो | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| २. मैले सिकेका ज्ञान सिपहरू प्रयोगमा ल्याउन सक्छु । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ३. यस तालिमका प्रत्येक शिर्षक र उद्देश्यहरू निर्धारित थिए । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ४. बिषयबस्तुहरू व्यवस्थित र बुझ्नलाई सजिला थिए । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ५. बितरित तालिम सामग्रीहरू सान्दर्भिक र उपयोगी थिए । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ६. प्रशिक्षणका तौर तरिका स्पष्ट थिए । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ७. तालिमका उद्देश्यहरू प्राप्त भए । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ८. सहभागिता र अन्तरक्रियालाई प्रोत्साहन गरिएका थिए । | ❍ | ❍ | ❍ | ❍ | ❍ |
| ९. प्रश्न उत्तर र छलफललाई पर्याप्त समय दिइएको थियो । | ❍ | ❍ | ❍ | ❍ | ❍ |

१०. समग्र तालिमलाई तपाई कसरी मुल्यांकन गर्नुहुन्छ ।

| अति नराम्रो | नराम्रो | ठिकै | राम्रो | अति राम्रो |
|---|---|---|---|---|
| ❍ | ❍ | ❍ | ❍ | ❍ |

११. यस तालिमका कुन कुन पक्षहरूलाई सुधार गर्न सकिन्छ ।

१२. यस तालिमको सुधारका लागि तपाईका बहुमुल्य सुझावहरूको अपेक्षा गरिन्छ । यस्तै तालिम दिनुपर्ने भएमा के कस्ता पक्षहरूलाई तपाइले परिवर्तन गर्नु हुन्थ्यो अथवा के कस्ता सुधार ल्याउन सकिन्थ्यो ।

क. प्राविधिक विषयबस्तु

ख. प्रस्तुतिकरण

ग. समय तथा अन्य व्यवस्थापन

घ. अन्य सुझाव भएमा दिनुहोला ।

तपाईका बहुमूल्य सुझावका लागि धन्यवाद !

## सत्र १६ का स्लाइडहरु

१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

**NeKSAP खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण**

तालिमको मुल्याङ्कन र समापन

२

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

**यस सत्रको उद्देश्य**

यस सत्रको अन्तमा सहभागीहरूले:

- खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण प्रक्रियाबारे बताउन सक्नेछन् ।
- तालिमको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षबारे लिखित मुल्याङ्कन गर्नेछन् ।
- खाद्य सुरक्षा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनबारे प्रतिबद्धता व्यक्त गर्नेछन ।
- तालिमको औपचारिक रूपमा समापन गर्नेछन् ।

३

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली

**तालिमका उद्देश्यहरूः**

यस तालिमको समग्र उद्देश्य जिल्ला खाद्य सुरक्षा सञ्जालका सदस्य तथा अन्य सरोकारवालाहरूको खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) का विधि तथा प्रक्रियाबारे व्यावहारिक सिप र दक्षता अभिबृद्धि गरी जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) निर्माण गर्नु रहेको छ ।

विशिष्ट उद्देश्यः

- नेपालको समग्र खाद्य सुरक्षा स्थितिबारे जानकारी आदान प्रदान गर्ने ।
- नेपालमा खाद्य सुरक्षाका नीति, कार्यक्रम तथा खाद्य सुरक्षा अनुगमनबारे विवेचना गर्ने ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रक्रियाको विवेचना गर्ने ।
- खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणका मुख्य विधिहरू प्रयोग गर्ने क्षमतामा अभिवृद्धि गर्ने ।
- खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्लाको योजना तर्जुमा प्रक्रियामा संयोजनबारे छलफल गर्ने ।
- जिल्लाको खाद्य सुरक्षा प्रतिकार्य योजनाको प्रारम्भिक मस्यौदाको निर्माण गर्ने ।

४

## तालिमका विषयवस्तुहरू ...

### पहिलो दिन

| समय | विषयवस्तु |
|---|---|
| | तालिम शुभारम्भ सत्र |
| ६० | परिचय, तालिमको उद्देश्यहरू र विषयवस्तु |
| | खाद्य सुरक्षाको विवेचना |
| ४५ | खाद्य सुरक्षाको नीति, कार्यक्रम तथा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण (Food Security Response Analysis) |
| ३० | शुभारम्भ सत्रको समापन |
| | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण |
| ७५ | खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको पृष्ठभूमि - घटना अध्ययन (Case study) |
| | **१. खाद्य सुरक्षा अवस्थाको विश्लेषण** |
| ९० | जीविकोपार्जन क्षेत्र निर्धारण |

५

## तालिमका विषयवस्तुहरू ...

### दोस्रो दिन

| समय | विषयवस्तुहरू |
|---|---|
| २१० | समस्या वृक्ष विश्लेषण |
| ९० | स्रोत र अवसरहरूको विश्लेषण (SWOT Analysis) |
| ६० | सरोकारवालाहरूको नक्साङ्कन, साधन स्रोतको पहिचान |

६

## तालिमका विषयवस्तुहरू ...

### तेस्रो दिन

| समय | विषयवस्तुहरू |
|---|---|
| | **२. प्रतिकार्यका विकल्पहरू (Response Options) को पहिचान** |
| १२० | उद्देश्यहरूको विश्लेषण |
| | **३. प्रतिकार्य योजना (Response Planning)** |
| ९० | प्रतिकार्य विकल्पहरू (Response options) को पहिचान |
| १२० | प्रतिकार्य संभाव्यता विश्लेषण र प्राथमिकीकरण |
| ३० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |

६

## तालिमका विषयवस्तुहरू ...

### चौथो दिन

| समय | विषयवस्तुहरू |
|---|---|
| ९० | खाद्य सुरक्षा प्रतिकार्य योजनाको मस्यौदा तयारी |
| ६० | खाद्य सुरक्षा प्रतिकार्य योजना जिल्ला वार्षिक योजना तर्जुमा प्रक्रियामा संयोजन |
| ४५ | **४. कार्यान्वयन प्रक्रिया** |
| ४५ | **५. अनुगमन तथा मुल्याङ्कन** |
| ३० | तालिमको मुल्याङ्कन |
| ९० | तालिमको समापन |

७

## धन्यवाद !

## अनुसूची १ : खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण प्रमुख प्रशिक्षक तालिम (Master Trainers' Training) का सहभागीहरु

मिति : ४-१० मंसिर, २०७१

| क्र.स. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | अभिमन्यु अधिकारी | कृषि प्रसार अधिकृत | पूर्वाञ्चल क्षेत्रीय कृषि निर्देशनालय |
| २ | बद्रि खनाल | कृषि अर्थ विज्ञ | कृषि विकास मन्त्रालय |
| ३ | बखत निरौला | क्षेत्रीय संयोजक | विश्व खाद्य कार्यक्रम |
| ४ | भानु लिम्बु | क्लस्टर संयोजक | विश्व खाद्य कार्यक्रम |
| ५ | भरत बहादुर बस्नेत | कृषि प्रसार अधिकृत | मध्यपश्चिमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय |
| ६ | वीरेन्द्र कडायत | क्लस्टर संयोजक | विश्व खाद्य कार्यक्रम |
| ७ | विष्णु आचार्य | क्लस्टर संयोजक | विश्व खाद्य कार्यक्रम |
| ८ | चन्द्रा जोशी | कृषि अर्थ विज्ञ | कृषि विकास मन्त्रालय |
| ९ | चिरञ्जिवी अधिकारी | कृषि बजार विज्ञ | कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग |
| १० | दिनेश भट्टराई | वरिष्ठ तथ्याङ्क अधिकृत | बजार अनुसन्धान तथा तथ्याङ्क ब्यवस्थापन कार्यक्रम, कृषि विभाग |
| ११ | दुर्गा देवी शाक्य | कृषि अर्थ विज्ञ | कृषि विभाग |
| १२ | जनक बहादुर धामी | पशु विकास अधिकृत | कृषि विकास मन्त्रालय |
| १३ | जानुका पण्डित | कृषि अर्थ विज्ञ | पशु सेवा विभाग |
| १४ | ज्योत्सना श्रेष्ठ | खाद्य अनुसन्धान अधिकृत | कृषि विकास मन्त्रालय |
| १५ | केशरी लक्ष्मी बज्राचार्य | खाद्य अनुसन्धान अधिकृत | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग |
| १६ | खेम नारायाण चापागाई | कृषि प्रसार अधिकृत | पश्चिमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय |

| क्र.स. | नाम | पद | संस्था |
|---|---|---|---|
| १७ | किशोर विष्ट | वरिष्ठ कृषि अर्थ विज्ञ | पशु सेवा विभाग |
| १८ | कृष्ण प्रसाद भण्डारी | शाखा अधिकृत | स्थानीय प्रशासन शाखा, गृह मन्त्रालय |
| १९ | लक्ष्मी चौधरी | क्लस्टर संयोजक | विश्व खाद्य कार्यक्रम |
| २० | मणिरत्न अर्याल | कृषि अर्थ विज्ञ | बजार अनुसन्धान तथा तथ्याङ्क ब्यवस्थापन कार्यक्रम, कृषि विभाग |
| २१ | नैना ढकाल | वरिष्ठ कृषि अर्थ विज्ञ | कृषि विकास मन्त्रालय |
| २२ | पवन सिंह भण्डारी | कृषि अर्थ विज्ञ | कृषि विभाग |
| २३ | प्रशान्त राज शर्मा | स्वास्थ्य शिक्षा अधिकृत | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य मन्त्रालय |
| २४ | राजु क्षेत्री | क्लस्टर संयोजक | विश्व खाद्य कार्यक्रम |
| २५ | राजु न्यौपाने | क्षेत्रीय संयोजक | विश्व खाद्य कार्यक्रम |
| २६ | रमेश प्रसाद साह | क्लस्टर संयोजक | विश्व खाद्य कार्यक्रम |
| २७ | सतिश चन्द्र झा | इञ्जिनियर | अनुगमन तथा मूल्याङ्कन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २८ | सीता दुवाडी | शाखा अधिकृत | योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २९ | सुनिता राउत | कार्यक्रम संयोजक सहायक | विश्व खाद्य कार्यक्रम |
| ३० | तिलक प्रसाद रिजाल | योजना अधिकृत | कृषि, सहकारी तथा वन महाशाखा, राष्ट्रिय योजना आयोगको सचिवालय |
| ३१ | तुलाराज सुनुवार | शाखा अधिकृत | संघीय मामिला तथा स्वायत्त शासन ब्यवस्था महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

# अनुसूचीः २ सन्दर्भ सूची


१. CARE International, 2005. A Conceptual Overview of Underlying Causes of Poverty.

२. FAO, IFAD and WFP. 2013. The State of Food Insecurity in the World 2013. The multiple dimensions of food security. Rome, FAO

३. GON, Ministry of Finance, 2011. Budget Guidelines 2011. GON/MoF, Singhdurbar

४. GON, MoF, 2011 Budget Planning Guidelines (Fifth Revision), Singhadurbar, Kathmandu

५. GON, NPC 2001, Periodic Plan Development Guidelines. Singhadurbar, Kathmandu

६. GON, NPC, 2011, National Monitoring and Evaluation Guidelines, Singhadurbar, Kathmandu

७. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७१ । तेह्रौं योजना (आ.व. २०७०/७१-२०७२/७३), सिंहदरबार, काठमाडौं

८. IPC Global Partners, 2012. Integrated Food Security Phase Classification, Technical Manual Version 2.0. Evidence and Standards for Better Food Security Decisions. FAO, Rome

९. MDF Tool: Problem Tree Analysis

१०. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय तथा संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम, २००९, जिल्लास्तरीय खाद्य सुरक्षा अनुगमन तालिम : प्रशिक्षक निर्देशिका

११. अभ्यास खेलहरूको सञ्जालो, केएर नेपाल

१२. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७०, राष्ट्रिय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं,

१३. नेपालको संविधान २०७२

१४. NPC, MLD, UNDP, 1998. District Development Planning and Management –Manual for District Development Planners. Kathmandu

१५. NPC, MOAD and WFP, 2013. NeKSAP Framework Document vers. 2. (draft)

१६. WFP, WB, AusAid and UNICEF, 2013. Nepal Thematic Report on Food Security and Nutrition, Kathmandu, Nepal.

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं, नेपाल
**फोन** : ९७७-१-४२११९०५, ४२११८०८
**फ्याक्स** : ९७७-१-४२११९३५
**वेबसाईट** : www.moad.gov.np

9789937880343